# विद्यालय शिक्षा क्षेत्रको योजना

## २०८१/८२- २०८५/८६




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग

Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074


**गौर नगरपालिका,रौतहट**

मधेश प्रदेश,नेपाल

फोन नम्बर ०५५-५२१६३४

इमेल:Gaurmun@gov.np, वेभसाइड -www.gaurmun.gov.np

**संरक्षक**

**श्री शम्भु साह, नगर प्रमुख**
**श्री शैल कुमारी साह, नगर उप-प्रमुख**
**श्री विष्णु प्रसाद पौडेल, प्रमुख प्रशासकीय अधिकृत**

**नगर शिक्षा योजना तयार/लेखन कार्यदलका सदस्यहरु:**

श्री नागेन्द्र प्रसाद मंडल - शिक्षा विज्ञ,गौर नगरपालिका
श्री कमरुल हक - प्र.अ.श्री मा.वि.सिसवा,गौर -७
श्री सरोज कुमार झा - प्र.अ. श्री आ.वि.पुरेनवा, गौर -८
श्री ज्योति झा - कम्प्युटर अपरेटर, गौर नगरपालिका
श्री अकलेश कुमार साह – शिक्षक, मा.वि सिसवा, गौर नगरपालिका

**प्रकाशक**
**गौर नगरपालिका,रौतहट**

**प्रकाशन सहयोगी**
श्री उत्तम कुमार उपाध्याय - शिक्षा शाखा प्रमुख, गौर नगरपालिका

**प्राविधिक सहयोग**
श्री मदन कुमार राम (PPC, Jankpur)
श्री रोशन कुमार श्रीवास्तव:- सुचना प्रविधि प्रमुख, गौर नगरपालिका

**भाषा शुद्धा शुद्धी**
श्री शंकर ठाकुर- पुर्व मा.वि.शिक्षक, श्री जु.न.मा.वि.गौर

**मुद्रण सहयोगी**
श्री धीरेन्द्र कुमार लाल दास - कानुन अधिकृत,गौर नगरपालिका

**प्रमाणित मिति**
२०८२।०१।०४ गते

**प्रकाशन मिति**
**अध्यावधिक मिति** २०८३।०२।२९ गते (दोस्रो)

"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधाररव्यापार; सुन्दर, समृद्धतथासमुन्नतगौरकोआधार"

**गौर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**गौर, रौतहट**

**मधेश प्रदेश, नेपाल**




# दुई शब्द

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकंक्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक,व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्र हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ भनि मौलिक हकको व्यवस्था गरिएको छ। संविधानको अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीको क्रम संख्या (८) मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र परेको तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको २३ वटा अधिकार नगरपालिकालाई प्रदान गरेको शिक्षाको सन्दर्भमा संविधान र कानुनले अंगिकार गरेको व्यवहारलाई आत्मसात गर्दै "सवल आर्थिक केन्द्र, समुन्नत गौर" को माध्यमबाट "सुखी गौरवासी र समृद्ध गौर" को परिकल्पनालाई साकार पार्न शैक्षिक पहुँच र व्यवस्थालाई अग्रस्थानमा राख्न जरूरी देखिएको छ। सन १९७० देखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सवै आवश्यकता परिपूर्ति गर्न कठिनाई भै रहेको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई बिकेन्द्रित योजनाको रूपमा निर्माण गर्न शुरूवात गरेसंगै स्थानीय तहमा नगर शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ। यस सन्दर्भमा रौतहट जिल्लाको गौर नगरपालिकाले पनि नगर शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयमा सुधारका रणनीतिहरू मार्फत् विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको गुणस्तरीय पहुँच पुर्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाईका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो नगर शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा देखिएको वर्तमान शिक्षाको व्यवस्थापन र गुणस्तरीयंताको चुनौतीहरूलाई सामना गर्दै विकसित भइरहेको नयाँ-नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मौलिक अधिकारको संरक्षण गर्दै उनीहरूलाई सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि २०८१/०८२ देखि २०८५/८६ सम्मको दशवर्षीय शिक्षा योजनाको खाँकामा ५ वर्षीय शिक्षा योजना सरोकारवाला पक्षको सहभागितामा तयार पारिएको छ। नगरपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त प्रदेश तथा यस नगरपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ। तापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रशंसनीय रहेको छ।

....................

शम्भु साह

नगर प्रमुख

"शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधाररव्यापार; सुन्दर, समृद्धतथासमुन्नतगौरकोआधार"

# गौरनगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गौर, रौतहट

मधेश प्रदेश, नेपाल

## हार्दिक आभार

शिक्षा सभ्यता, चेतना र विकासको जननी हो । व्यक्तिको चौतर्फी विकासको लागि शिक्षा अपरिहार्य छ। आज विश्वमा जुन देशको शिक्षा नीति आधुनिक, वैज्ञानिक र समयानुकूल बनेको छ त्यो देश विकास र सभ्यतामा पनि उत्कृष्टता हासिल गर्न सफल भएको देखिन्छ ।अत: अहिले सुचना प्रविधिको युग हो । यसको व्यापक प्रयोगले मानव जीवन सरल,सहज र आधुनिक बनेको छ । रौतहट जिल्ला अन्तर्गतको गौर नगरपालिका रौतहट जिल्लाको सबै भन्दा जेठो तथा पुरानो नगरपालिका भित्र संचालित सामुदायिक र संस्थागत विद्यालयहरु मध्ये श्री जुद्ध नमुना माध्यमिक विद्यालय नेपाल अधिराज्य कै चौथो पुरानो विद्यायमाको रुपमा रहेको छ ।वर्तमान समयमा गुणस्तरीय शिक्षाको लागि निरन्तर मूल्याङ्कन,उपलब्धी प्रतिशत, आन्तरिक मुल्याङ्कन , सुनाइ, बोलाइ, पढाइ,लेखाइ,सहभागीता,प्रयोगात्मक तथा परियोजना कार्यमामा बढी जोड दिएको छ । यस नगरपालिकामा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी र सहज बनाउन अनुगमन प्रक्रियालाई व्यवस्थित गरिएको छ । यस पालिकाले विद्यालय शिक्षा क्षेत्र योजना २०८१।०८२ देखि २०८५।०८६ तयार गर्नुको मुख्य उदेश्य विद्यालय,अभिभावक,शिक्षक,विधार्थी एवं सरोकारवालाहरुलाई थप जिम्मेवार बनाएको छ । यस पालिकामा कक्षा १ देखि १२ सम्म लेटर ग्रेडिङ्ग पद्धति विगत वर्ष देखि नै लागु गरिसकेको छ। कक्षा ८ को नतिजा लगायत अन्य सबै कक्षाको नतिजा GPA पद्धतिबाट तयारी गरी विद्यार्थीहरुलाई ग्रेड(सीट वितरण गरिन्छ।शिक्षकहरु लाई उक्त कार्यमा आइपर्ने प्राविधिक समस्यालाई विद्यालयमानै गएर स्रोत विज्ञ मार्फत निरन्तर समाधान गर्ने व्यवस्था मिलाइएको छ ।

अन्तयमा यस नगर शिक्षा सुधार योजना २०८१।०८२ देखि २०८५।०८६ तयार गर्नकोलागि आफ्नो अमूल्य समय दिएर आवश्यक तथ्याङ्क र अन्य सामग्रीहरु संकलन तथा व्यवस्थापनमा सहयोग पुर्याउनु हुने शिक्षक, कर्मचारी, प्रधानाध्यापकज्युहरुलाई नगरपालिकाको र व्यक्तिगत आफ्नो तर्फवाट धन्यवाद दिन चाहन्छौ। उक्त योजना लेखन दलका सदस्यहरु, कम्प्युटर सेटिङ्ग, शुद्धा शुद्धी, प्रकाशन सहयोगी, मुद्रण सहयोगी, प्राविधिक सहयोगीज्यूहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छौ । त्यस्तै योजना निर्माणमा पृष्ठपोषण एवं प्राविधिक सहयोग गर्नुहुने संस्था पिपल प्रोमोट सेन्टरू प्रति हार्दिक आभार व्यक्त गर्दैछौ । प्रकाशनका विषयवस्तु, भाषा, शव्द संयोजन तथा वर्ण विन्यासमा उच्च सावधानीका बावजुद पनि कुनै त्रुटी हुन सक्दछन् त्यसलाई सम्वन्धित निकायर अभिभावकहरु द्धारा मानवीय भूलको रुपमालिई यथा समयमा सकारात्मक र सिर्जनात्मक ढंगले सुझाव तथा पृष्ठपोषण गरी दिनुहुनेछ भन्ने पूर्ण विश्वास छ ।

धन्यवाद ।

..............................

**विष्णु प्रसाद पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**गौर नगरपालिका, रौतहट**

## विषयसूची

**परिच्छेद:१ परिचय ........................................ 1**

**१.१ पृष्ठभूमि........................................ 1**

**१.२ गौर नगरपालिकाको सन्दर्भ ........................................ 1**

१.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ ........................................ 1

१.२.२ आर्थिक सन्दर्भ ........................................ 2

१.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप ........................................ 3

१.२.४ प्रशासनिक विभाजन........................................ 3

**१.३ गौर नगरपालिकाको शैक्षिक सन्दर्भ........................................ 3**

१.३.१ नीतिगत प्रवन्ध ........................................ 4

१.३.२ नेपालमा शिक्षाको संरचना ........................................ 4

१.३.३. गौर नगरपालिकाको शैक्षिक विवरण........................................ 5

१.३.४ शिक्षा क्षेत्रको योजना ........................................ 8

१.३.५ दिगो विकासका लक्ष्य र गौर नगरपालिका........................................ 8

१.३.६ गौर नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख समस्याहरु, चुनौती र अवसरहरु........................................ 8

**१.४ गौर नगरपालीकाको नगर शिक्षा योजना निर्माण प्रकृया ........................................ 10**

**परिच्छेद २: दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सुचकहरु ........................................ 12**

२.१ परिचय ........................................ 12

२.२ दूर दृष्टी........................................ 12

२.३ लक्ष्य........................................ 12

२.४ प्रमुख उदेश्यहरु........................................ 12

२.५ रणनीतिहरु ........................................ 12

२.६ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण........................................ 13

**परिच्छेद:३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु........................................ 15**

**३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा........................................ 15**

३.१.१.परिचय ........................................ 15

३.१.२ वर्तमान अवस्था ........................................ 16

३.१.३ समस्या तथा चुनौतिहरु........................................ 17

३.१.४ उद्देश्यहरु........................................ 17

३.१.५ रणनीति........................................ 18

**३.१.६ प्रमुख उपलब्धि तथा नतिजाहरु,** ........................................ 19

**३.२ आधारभूत शिक्षा........................................ 21**

३.२.१ परिचय ........................................ 21

३.२.२ वर्तमान अवस्था ........................................ 21

सिकाई उपलब्धि विवरण ........................................ 22

३.२.३ समस्या तथा चुनौतीहरु........................................ 23

३.२.४ उद्देश्यहरु........................................ 23

**३.२.५ रणनीतिहरु** ........................................ 23

३.२.६ प्रमुख उपलब्धि तथा नतिजाहरु........................................ 24

३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु........................................ 25

**३.३ माध्यमिक शिक्षा........................................ 27**

**३.३.१ परिचय**........................................ 27

३.३.२ वर्तमान अवस्था ........................................ 27

३.३.३ समस्या तथा चुनौतिहरु........................................ 28

३.३.४ उद्देश्यहरु......29
३.३.५ रणनीतिहरु......29
३.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरु......30
३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य......31
**३.४ उच्चशिक्षा......33**
३.४.१ परिचय......33
३.४.२ वर्तमान अवस्था......33
३.४.३ समस्या तथा चुनौतीहरुः......33
३.४.४. उद्देश्य......33
३.४.५ रणनीतिहरू......33
३.४.६ प्रमुख उपलब्धि र नतिजा......33
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य......34
**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम......34**
३.५.१ परिचय......34
३.५.२ वर्तमान अवस्था......34
३.५.३ समस्या तथा चुनौतीहरु......34
३.५.४ उदेश्य......34
३.५.५. रणनीति......35
३.५.६ प्रमुख उपलब्धि तथा नतिजा......35
३.५.७ प्रमुख त्रियाकलाप तथा लक्ष्य......35
**३.६.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ......35**
**३.६.१ परिचय**......35
**३.६.२ वर्तमान अवस्था**......36
३.६.३ समस्या तथा चुनौतिहरु......36
३.६.४ उद्देश्य......37
३.६.५ रणनीतिहरु......37
**३.६.६ प्रमुख उपलब्धि र नतिजा**......37
३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य......38
**परिच्छेद:४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू......39**
**४.परिचय......39**
**४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन......39**
४.१.१ परिचय......39
४.१.२ वर्तमान अवस्था......39
४.१.३ समस्या तथा चुनौतिहरु......40
४.१.४ उद्देश्य......40
४.१.५ रणनीतिहरु......40
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा......41
४.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु......41
**४.२ शिक्षक व्यवस्थापन र विकास......42**
४.२.१ परिचय......42
४.२.२ वर्तमान अवस्था......42
४.२.३ समस्या तथा चुनौतिहरु......42
**४.२.**४ उद्देश्य......43
**४.२.**५ रणनीतिहरू......43

४.२.६ प्रमुख उपलब्धि तथा नतिजा ....43
४.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु....44
**४.३ शैक्षिक समता र समावेशीकरण ....44**
४.३.१ परिचय ....44
४.३.२ वर्तमान अवस्था ....45
४.३.३ समस्या तथा चुनौतिहरु....46
४.३.४ उद्देश्यहरु....46
४.३.५ रणनीतिहरु....47
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा ....47
उपलब्धि ....47
नतिजा ....47
४.३.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु....47
**४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ....48**
४.४.१ परिचय ....48
४.४.२ वर्तमान अवस्था ....48
४.४.३ अवसर र चुनौतिहरु ....49
४.४.४ उद्देश्य....49
४.४.५ रणनीतिहरू....49
४.४.६ प्रमुख उपलब्धि तथा नतिजा ....49
**४.५ आपतकालिन तथा संकटपूर्ण अबस्थामा शिक्षा ....50**
४.५.१ परिचय ....50
४.५.२ वर्तमान अबस्था ....50
४.५.३ अवसर र चुनौती....51
४.५.४ उदेश्यहरु....51
४.५.५ रणनितिहरु....51
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा....52
४.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु....52
**४.६ विद्यालयको भौतिक पूर्वाधार विकास....52**
४.६.१ परिचय ....52
४.६.२ वर्तमान अवस्था ....52
४.६.३ समस्या तथा चुनौतीहरु....53
४.६.४ उदेश्यहरु....53
४.६.५ रणनीतिहरु....53
४.६.६ प्रमुख उपलब्धि तथा नतिजाहरु ....53
४.६.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु....54
**४.७ विद्यालय शिक्षामा सूचनार प्रविधि....54**
४.७.१ परिचय ....54
४.७.२ वर्तमान अवस्था ....54
४.७.३ समस्या तथा चुनौतीहरु....55
४.७.४ उद्देश्यहरु....55
४.७.५ रणनीतिहरु....55
४.७.६ प्रमुख उपलब्धी तथा नतिजा ....56
४.७७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु ....56
**परिच्छेद:५ सुशासन तथा व्यवस्थापन....57**

**५.परिचय ....................................................................................................57**
**५.१ संस्थागत संरचना र क्षमता विकास..................................................................................57**
५.१.१ वर्तमान अवस्था ....................................................................................................57
५.१.२ समस्या तथा चुनौतीहरु....................................................................................................57
५.१.३ उद्देश्यहरु....................................................................................................58
५.१.४ रणनीतिहरु....................................................................................................58
५.१.५ प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................58
५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य....................................................................................................59
**५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध....................................................................................................59**
५.२.१ परिचय ....................................................................................................59
५.२.२ वर्तमान अवस्था ....................................................................................................60
५.२.३ चुनौतीहरू ....................................................................................................60
५.२.४ उद्देशयहरु....................................................................................................60
५.२.५ रणनितिहरु....................................................................................................60
५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,....................................................................................................61
५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य ....................................................................................................61
**५.३ अनुगमन तथा मूल्याङ्कन....................................................................................................67**
**५.३.१ परिचय ....................................................................................................67**
५.३.२.वर्तमान अवस्था ....................................................................................................67
५.३.३ अवसर र चुनौतीहरु....................................................................................................67
५.३.४. उद्देश्यहरुः....................................................................................................67
५.३.५.रणनीतिहरु....................................................................................................68
५.३.६. प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................................68
५.३.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य....................................................................................................68
**परिच्छेदः६ लगानी र स्रोत व्यवस्थापन ....................................................................................................62**
६.१ परिचयः....................................................................................................62
६.२ वर्तमान अवस्थाः....................................................................................................62
६.३ समस्या तथा चुनौतीहरु....................................................................................................62
६.४ उद्देश्यः ....................................................................................................62
६.५ रणनीतिहरूः ....................................................................................................63
६.६ प्रमुख उपलब्धि तथा नतिजा....................................................................................................63
**सन्दर्भ सामाग्रीहरु : ....................................................................................................71**
**अनुसूचि ....................................................................................................72**

# परिच्छेद:१ परिचय

## १.१ पृष्ठभूमि

शिक्षा सामाजिक तथा आर्थिक रुपान्तरणको मूल आधारहो। शिक्षाको माध्यमबाट नै व्यक्तिले आफू, आफ्नो समुदाय र राष्ट्रको परिवर्तनको लागि सशक्त भूमिका खेल्नसक्छ। त्यसैले नै, समाज रुपान्तरण तथा परिवर्तन, सामाजिकीकरण, सामाजिक न्याय, शान्ति स्थापनाको आधारका साथै आर्थिक वृद्धि तथा वातावरणीय संरक्षणको एक प्रभाबशाली शक्ति, उत्प्रेरक, माध्यमका रुपमा शिक्षा रहँदैआएको छ। शिक्षाले राष्ट्र निर्माण तथा विकासको लागि चाहिने मानव संसाधनको विकासमा अहम् भूमिका रहेको छ। नगरपालिकाको शिक्षा विकास नै समग्र नगरको विकासको एक प्रमुख आधार हो।

नेपालको वर्तमान संविधानले आधारभूत तह सम्मको शिक्षालाई अनिवार्य र निशुल्क गरेको छ भने माध्यमिक तह सम्मको शिक्षालाई निशुल्क गर्ने हकसुनिश्चित गरेको छ। त्यसैगरी, अपाङ्गता भएका तथा आर्थिक रुपले पिछाडिएका बालबालिकाहरुको शिक्षामा कानुन बमोजिम निशुल्क गर्ने कुरा सुनिश्चित गरेको छ।संघीय स्वरुपको राज्य ब्यवस्था भए अनुरुप तीनै तहका सरकारहरु स्थापना भइ क्रियाशिल अवस्थामा छन्। सबै सरकारहरुका आआफ्ना परिवेश भए अनुरुप र प्राप्त अधिकार बमोजिम शिक्षा क्षेत्रलाई फरक ढङ्गबाट सम्बोधन गर्नुपर्ने अवस्था सिर्जना भइसकेको छ। तीनै तहका सरकारहरुले समन्वयात्मक ढंगबाट शिक्षा क्षेत्रको विकासको लागि योजना बनाइ परिवर्तित मर्म र गन्तब्यहरुलाई उक्त योजनामा प्रतिबिम्वित गर्दै राष्ट्रले लिएका लक्ष्यहरु पूरा गर्नु आजको आवश्यकता हो।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६,१५औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ। यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारलेआफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ। समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरीनगरपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ। उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ।

हरेक आ.व.मा स्थानीय सरकारले बार्षिक बजेट तथा कार्यक्रम तयार गर्नु पर्ने हुन्छ र आगमि दिनमा एकमुष्ट संद्यीय सरकारबाट बजेट प्राप्त हुने र त्यसबाट स्थानीय सरकार आँफैले बार्षिक कार्यक्रम बनाउनु पर्ने सन्दर्भ रहेको छ। हालै कोभिड १९ ले शिक्षा क्षेत्रमा पारेको प्रभावलाई मध्यनजर गर्दै शिक्षा क्षेत्रको सुधारका लागि एवम् नगरपालिकामा भएका सिमित स्रोत साधन तथा शिक्षा क्षेत्रको सुधारका असिमित आवश्यकता तथा समस्याहरुको सम्बोधनका लागि पनि ब्यावहारिक रुपमा कार्यान्वयन योग्य योजनाको विकल्प नभएको हालको अवस्था रहेको छ ।

सन्दर्भमा राज्यको शिक्षा सम्बन्धी नीति, कार्यक्रम, लक्ष्य, तथा उद्देश्य पूरा गर्न स्थानीय नगरपालिकाका आवश्यकताहरु पूरा गर्न नगरपालिकाको आफ्नो परिवेश अनुसारको शिक्षा क्षेत्रको ५ बर्षको योजना तयार गर्नु आजको आवश्यकता रहेको कारणले यो विद्यालय शिक्षा क्षेत्र योजनालाई अझ प्रभावकारी बनाउन दोस्रोपटक पूनरावलोकण गरि नगरपालिकाले तयार पारिएको छ ।

## १.२ गौर नगरपालिकाको सन्दर्भ

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

गौर नगरपालिका एक सामाजिक तथा सांस्कृतिक रुपमा विविधतापूर्ण स्थानीय सरकार हो।भौगोलिक रुपमा सुगम भएको गौर नगरपालिक ब्याबसायिक, ऐतिहासिक धार्मिक स्थान, पर्यटकीय स्थान लगायतकानयाँ निर्माण भएका विभिन्न पोखरी तथा वरहवा ताल लगायत बिभिन्न बहु आयमिक पक्षहरुबाट महत्वपूर्ण पहिचान रहेको छ। स्थानीय मुस्लिम (१९%), तेली (१३%), यादव (८.१%), तराई वाहुन (६.४%), कुर्मी (५.२%) कानु (४.३%), कलवार(४%), मलाह (३.९%), दुसाध/हजरा/पासवान (३.८%), राजपूत (३.३%) लगायत नेवार, खस वाहुन, क्षेत्री, झाँगड, नुनिया, कोइरी जस्ता जात जातिहरुको मुख्य बाहुल्यता रहेको छ

### १.२.२ आर्थिक सन्दर्भ

जनगणाना २०७८ अनुसार ५१.७% प्रतिशत आर्थिक रुपले सक्रिय रहेको छ भने ४८.3 आर्थिक रुपले सक्रिय नभएको देखिएको छ। यस नगरपालिकाका मुख्य कृषि उत्पादनको रुपमा धान, गहुँ, मकै, उखु, आलु, मसुरो जस्ता दलहन रहेका छन् । यस नगरपालिका बाट कामका लागि विदेशी गएकोहरुको संख्या उच्च रहेको छ। यहाँका जनसंख्याको ३१.८ प्रतिशत माथि जनसंख्या कृषिमा निर्भर रहेको छ भने थोक व्यापार तर्फ २२.३% निर्माण तर्फ १६.९ निर्भर रहेको छन् । यस नगरपालिकाको आर्थिक स्रोतमा स्थानीय कर, प्रदेश र संघबाट आउने बजेट रहेका छ। नगरपालिकाको आन्तरिक स्रोत ज्यादै न्यून अवस्थामा रहेको छ। यस नगरपालिकाको आर्थिक रुपमा सक्रिय जनसंख्याको विवरण निम्नानुसार रहेको छ।

| उमेर समूह | | | आर्थिक सक्रियताको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | १० वर्ष भन्दा माथी जम्मा जनसंख्या | | आर्थिक रुपले सक्रिय | | | | | | | | उल्लेख नगरिएको | |
| | | | सधै सक्रिय | | | | सधै सक्रिय नरहेको | | अर्थिक रुपले सक्रिय नरेहेको | | | |
| | | | रोजगार | | बेरोजगार | | | | | | | |
| | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष | महिला |
| **जम्मा** | १५७६४ | १५२५६ | ८१५० | १८३४ | ५२० | ३८५ | १७६७ | ३३६७ | ५३२३ | ९६६९ | ४ | १ |
| १० - १४ वर्ष | २५६० | २२६३ | ५३ | ३७ | ३४ | ३६ | ४७८ | ४१० | १९९५ | १७८० | ० | ० |
| १५ - १९ वर्ष | २२८० | २०५८ | २४६ | ८४ | १०२ | ८८ | ४५० | ३९५ | १४८२ | १४९१ | ० | ० |
| २० - २४ वर्ष | १८२२ | १८०० | ७३२ | १७८ | १४९ | ८१ | २३१ | ४२८ | ७१० | १११३ | ० | ० |
| २५ - २९ वर्ष | १३८७ | १५०७ | ९६८ | २२१ | ६० | ४२ | ११७ | ३५४ | २४२ | ८८९ | ० | १ |
| ३० - ३४ वर्ष | ११६५ | १३८५ | ९६५ | २४२ | ३८ | ३३ | ५७ | ३४८ | १०३ | ७६२ | २ | ० |
| ३५ - ३९ वर्ष | १२४६ | १४१२ | ११०६ | २७३ | २७ | २५ | ५६ | ३४३ | ५७ | ७७१ | ० | ० |
| ४० - ४४ वर्ष | १२२६ | ११५९ | १११८ | २२३ | २७ | २४ | ४३ | २९० | ३८ | ६२२ | ० | ० |
| ४५ - ४९ वर्ष | ९८९ | ८७२ | ९०४ | १७८ | १५ | १९ | ३७ | २०२ | ३३ | ४७३ | ० | ० |
| ५० - ५४ वर्ष | ८४२ | ७०२ | ७३१ | १३७ | २० | ११ | ५२ | १६१ | ३७ | ३९३ | २ | ० |
| ५५ - ५९ वर्ष | ६०२ | ५३३ | ४९८ | ९० | ९ | ७ | ३८ | १२५ | ५७ | ३११ | ० | ० |
| ६० - ६४ वर्ष | ५२० | ४९६ | ३५१ | ६५ | १२ | ६ | ४९ | ८५ | १०८ | ३४० | ० | ० |
| ६५ - ६९ वर्ष | ४३७ | ४०९ | २४५ | ४७ | १२ | ३ | ५९ | ९३ | १२१ | २६६ | ० | ० |
| ७० - ७४ वर्ष | ३८७ | ३७५ | १५४ | ३४ | ११ | ६ | ४९ | ८५ | १७३ | २५० | ० | ० |
| ७५+ वर्ष | ३०१ | २८५ | ७९ | २५ | ४ | ४ | ५१ | ४८ | १६७ | २०८ | ० | ० |

स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.२.३ भौगोलिक तथा जनसांख्कीय स्वरुप

गौर नगरपालिका नेपालको साविक मध्यमाञ्चल बिकास क्षेत्र अन्तर्गत पर्ने नारायणी अञ्चलको ५ जिल्ला हरु मध्येको एक रौतहट जिल्ला हाल मदेश प्रदेश अन्तर्गत स्थानीय तहहरु मध्ये गौर नगरपालिका नेपालको संबिधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाँउपालिका, नगरपालिका, स्वायत्त, संरक्षित वा बिशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीयतह मध्यको एक हो |गौरनगरपालिकारौतहट जिल्लाको एक स्थानीय सरकार हो। पुर्वमा बागमती रहेको छ भने पश्चिममा लाल बैकैया,उत्तरमा राजपुर र दक्षिणमा भारत बिहार राज्यको सीतामदी जिल्लाको बैरगनियाप्रखणडरहेको छ। यस नगरपालिकाको कुल क्षेत्रफल २१.५३ वर्गकिलोमिटर रहेको छ। यो नगरपालिका २६.७८ अक्षांश र ८५.१६ देशान्तरमा अवस्थित छ। नगरपलिकाको जनगणना २०७८ अनुसारको जनसंख्या तपसिल बमोजिम रहेको छ।

| सवै वार्ड | घरधुरी संख्या | जनसंख्या | | | औषत घरधुरी आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | | |
| जम्मा | ७२३५ | ३९८४६ | २०४२६ | १९४२० | ६ | १०५ |
| १ | ५५९ | ३२४७ | १६४४ | १६०३ | ६ | १०३ |
| २ | ८०३ | ४४४५ | २२८५ | २१६० | ६ | १०६ |
| ३ | ८५० | ४७८६ | २४८५ | २३०१ | ६ | १०८ |
| ४ | १००१ | ६०४३ | ३२६३ | २७८० | ६ | ११७ |
| ५ | १४१३ | ६७२१ | ३४७९ | ३२४२ | ५ | १०७ |
| ६ | ८८१ | ५३८९ | २६७२ | २७१७ | ६ | ९८ |
| ७ | ४८९ | २६८१ | १२७४ | १४०७ | ५ | ९१ |
| ८ | ६३७ | ३३८५ | १७५६ | १६२९ | ५ | १०८ |
| ९ | ६०२ | ३१४९ | १५६८ | १५८१ | ५ | ९९ |

स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.२.४ प्रशासनिक विभाजन

यस गौर नगरपालिका पुराना ५ ओटा गाविसहरु समावेस गरी गौर नगरपालिका नाम राखी ९ वटा वडामा विभाजित गरिएको छ। यस नगरपालिकाको वडागत विवरण तपसिल बमोजिम रहेको छ। भूगोलका हिसाबले सबै भन्दा ठूलो वडा न ९ रहेको छ भने सबै भन्दा सानो वडा न ५ रहेको छ।

| क्र.सं. | नयाँ वडा | समावेश गाविस /नगरपालिका | जनसंख्या | क्षेत्रफल(वर्गकि.मी.) |
|---|---|---|---|---|
| १ | १ | गौर(१,२) | ३९५० | १.४४ |
| २ | २ | गौर(३,४) | ३५५२ | ०.८७ |
| ३ | ३ | गौर(५) | ४०५६ | १.४ |
| ४ | ४ | गौर(६,७) | ५०२८ | ४.२६ |
| ५ | ५ | गौर(८,९) | ५१६५ | ०.७ |
| ६ | ६ | गौर(१०) | ४८५४ | ४.२५ |
| ७ | ७ | गौर(११) | २५७२ | २.१४ |
| ८ | ८ | गौर(१२) | २३४६ | १.८६ |
| ९ | ९ | गौर(१३) | ३४१४ | ४.६१ |
| | जम्मा | | ३४९३७ | २१.५३ |

स्रोत www.mofaga.gov.np

### १.३ गौर नगरपालिकाको शैक्षिक सन्दर्भ

नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिकबालविकास शिक्षापछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने

कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा निशुल्क गरिएको छ भने माध्यमिक तहलाई निशुल्क रहने ब्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरीकाहरु नीजि लगानी र सरकारी लगानीबाट ब्यवस्थापन गरिएको छ।

### १.३.१ नीतिगत प्रवन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यमिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई प्रत्यायोजन गरिएको छ। यस अनुरुप गौर नगरपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ। संघिय सरकारले बनाएको आवधिक योजना १६ औ, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो। तथापि, गौर नगरपालिकामा विद्यालय शिक्षा क्षेत्रमा क्रमिक सुधार भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्यार्थीहरुको सिकाई स्तरमा केही उपलव्धीहरु भएकै हो। अतः स्थानीय सरकारले शिक्षा विकासका सम्भवनाहरु पहिचान तथा आवशयक स्रोत व्यवस्थापन गरि भौतिक पूर्वाधार तथा शैक्षिक पूर्वाधारहरुमा आवश्यक जोड दिनु पर्ने देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, गौर नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन्। विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, गौर नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै गौर नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि बिद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति अवलम्बन गर्न आवश्यक देखिन्छ।

### १.३.२ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बालिवकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५—१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३—१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्। यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ। नेपालको शैक्षिक संरचनाको दृष्टिले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ। एक वर्ष अवधिको प्रारम्भिक बालविकास शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ। माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ। आधारभूत तहलाई अनिवार्य तथा निशुल्क गरिएको छ भने माध्यमिक तहलाई निशुल्क रहने ब्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरीकाहरु नीजि लगानी र सरकारी लगानीबाट ब्यवस्थापन गरिएको छ। विद्यालय शिक्षा क्षेत्र योजना (SESP) २०२२/०२३ देखि २०३१/०३२ ले विद्यालय शिक्षाको पहुँच, गुणस्तर, सेवा प्रवाहको प्रभावकारी व्यवस्थापन र सुशासन, वैकल्पिक शिक्षाको सबलीकरण जस्ता कुरामा जोड दिएको छ। साथै गौर नगरपालिकाले शिक्षा क्षेत्रको विकास तथा सुधारमा निरन्तर जोड दिँदै आएको छ। यस नगरपालिकाकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखेको छ। शिक्षा क्षेत्रलाई ब्यवस्थित बनाउन शिक्षा ऐन जारी गरेको छ। त्यसैगरी दरबन्दी मिलान गर्दै आएको छ।

### १.३.३. गौर नगरपालिकाको शैक्षिक विवरण

गौर नगरपालिकामा जम्मा ३९ वटा विद्यालयहरु रहेका छन् जस मध्ये १६ वटा सामुदायिक विद्यालय र २१ वटा संस्थागत विद्यालय रहेका छन् । त्यसतै अधारभुत तहको २ वटा धार्मिक अर्थात मदर्शा विद्यालय रहेका छन् । ति विद्यालयहरु मध्ये सामुदायिक तर्फ ८ वटा अधारभुत १-५ कक्षा, ६ वटा अधारभुत तह ६-८ कक्षा र ३ वटा माध्यामिक ९-१० कक्षा र १ वटा माध्यामिक ११-१२ कक्षा सम्म रहेको छ । ति विद्यालयहरुको तहगत विवरण तल प्रस्तुत गरिएको छ ।

तालिका न. १, तहगत विद्यालय विवरण

| तह | कक्षा | विद्यालयसंख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा/धार्मिक विद्यालय |
| आधारभुत तह | कक्षा १-५ | ६ | १ | २ |
| | कक्षा १-८ | ६ | १४ | ० |
| माध्यमिक तह | कक्षा १-१० | ३ | ४ | ० |
| | कक्षा १-१२ | १ | २ | ० |
| बालविकासकेन्द्र | | १७ | १९ | ० |
| सिकाइकेन्द्र | | ३ | ० | ० |
| स्रोत :गौर नगरपालिका, शिक्षा शाखा, २०८१ | | | | |

तालिका न. २, तहगत विद्यार्थी र भर्ना प्रवृति

| क्र. स. | विद्यार्थी विवरण | ईसिडी | | | १-५ कक्षा | | | ६-८ कक्षा | | | ९-१० कक्षा | | | ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिंग | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सबै प्रकार का विद्यालयमा विद्यार्थी सङ्ख्या | १०८५ | १६८८ | **२७७३** | ३७१२ | ४६३२ | **८३४४** | १४९० | १८६९ | **३३५९** | ६०४ | ८८१ | **१४८५** | ४४४ | ६०४ | **१०४८** |
| २ | सामुदायिक विद्यालयमा विद्यार्थी सङ्ख्या | ३९५ | ३८८ | **७८३** | २५५२ | २५२९ | **५०८१** | ११८६ | १३५९ | **२५४५** | ५५० | ८१७ | **१३६७** | २२४ | २९७ | **५२१** |
| ३ | सबै प्रकार का विद्यालयमा दलित | ८८ | १६८ | **२५६** | ५०७ | ५५२ | **१०५९** | १७८ | २०३ | ३८१ | ४४ | ८६ | **१३०** | १२ | २७ | **३९** |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | | | | | | | | | | | | | | | |
| ४ | सामुदायिक विद्यालयमा दलित विद्यार्थी सङ्ख्या | ४८ | ६२ | ११० | ४०८ | ३९१ | ७९९ | १७१ | १८८ | ३५९ | ४३ | ८३ | १२६ | ६ | २० | २६ |
| ५ | सबै प्रकारका विद्यालयमा अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | ० | ४ | ४ | १६ | ३४ | ५० | ४ | ५ | ९ | २ | ० | २ | ० | ० | ० |
| ६ | सामुदायिक विद्यालयमा अपाङ्गता भएका विद्यार्थी सङ्ख्या | ० | २ | २ | १३ | ३० | ४३ | ३ | ४ | ७ | २ | ० | २ | ० | ० | ० |
| ७ | सबै प्रकारका विद्यालयमा २२ जनजाति विद्यार्थी सङ्ख्या | ४१ | ६७ | १०८ | १५१ | २३३ | ३८४ | ५० | ७२ | १२२ | ५ | १४ | १९ | १ | २ | ३ |

| | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | सामुदायिक विद्यालयमा कक्षागत २२ जनजाती विद्यार्थी सङ्ख्या | १ | ० | १ | ६९ | ९३ | १६२ | ३७ | ४३ | ८० | ४ | ८ | १२ | १ | २ | ३ |

स्रोतः EMIS 2081, टुलकिट

सबै प्रकारका विद्यालयहरूमा कूल विद्यार्थी संख्या सबैभन्दा धैरै ६-८ कक्षामा रहेको देखिन्छ। यस कक्षामा ३७१२ छात्रा र ४६३२ छात्र, जम्मा ८३४४ जना विद्यार्थी छन्। दोस्रो स्थानमा ९-१० कक्षा पर्छ जहाँ १४९० छात्रा र १८६९ छात्र, जम्मा ३३५९ जना छन्। सामुदायिक विद्यालयहरूमा पनि ६-८ कक्षा मा सबैभन्दा बढी विद्यार्थी संख्या रहेको छ २५५२ छात्रा र २५२९ छात्र, जम्मा ५०८१ जना। दलित विद्यार्थीहरू सबै प्रकारका विद्यालयमा कूल १०५९ जना छन्, जसमा ५०७ छात्रा र ५५२ छात्र छन्, जुन पनि ६-८ कक्षामै धैरै छन्। सामुदायिक विद्यालयमा भने कुल ७९९ दलित विद्यार्थी छन्, जुन कुल दलित संख्या को झण्डै ७५ प्रतिशत हो। अपाङ्गता भएका विद्यार्थीहरू निकै कम छन् – सबै प्रकारका विद्यालयमा जम्मा ६५ जना छन्, र तीमध्ये पनि ६-८ कक्षामा ५० जना छन्। २२ जनजातिका विद्यार्थीहरू पनि ६-८ कक्षामै धैरै छन् – १५१ छात्रा र २३३ छात्र, जम्मा ३८४ जना। सामुदायिक विद्यालयमा मात्रै पनि ६-८ कक्षामा १६२ जना जनजातिका विद्यार्थी छन्। संक्षेपमा हेर्दा, सबै तहमा ६-८ कक्षा मा विद्यार्थी संख्या सबैभन्दा बढी छ। त्यस्तै दलित र जनजाति समुदायका विद्यार्थीहरू पनि अधिकतर यही कक्षामा केन्द्रित छन्, र सामुदायिक विद्यालयहरूमा उनीहरूको उपस्थिति उल्लेख्य रहेको पाइन्छ।

तालिका न. ३, तहगत शिक्षा विवरण

| तह | **सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या** | | | | | | **सामुदायिक बिद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत्)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला प्रतिशत | विद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला प्रतिशत |
| पूर्व प्र.बि. बा.बि.के. | २८ | ० | २८ | २८ | १०० | २८:१ | ० | ० | ० | ० | ० |
| आधारभूत (१-५) | ८२ | ३३ | ११५ | ६६ | ५७ | ४४:१ | १७ | १२ | ५ | १७ | ७१ |
| आधारभूत (६-८) | १६ | ४ | २० | ७ | ३५ | १२७:१ | २१ | १५ | ६ | २१ | ७१ |
| माध्यमिक (९-१०) | १६ | ६ | २२ | ४ | १८ | ६२:१ | १५ | ३ | १२ | १५ | २० |
| माध्यमिक(११-१२) | ३ | ० | ३ | ० | ० | १७४:१ | ० | ० | ० | ० | ० |
| जम्मा शिक्षक | १४५ | ४३ | १८८ | १०५ | | | ५३ | ३० | २३ | ५३ | |

त्यसै गरि जनगणना २०७८ अनुसार गौर नगरपालिकाको साक्षरता दर ६९.५ रहेको छ भने पुरुषको ७७.१ र महिलाको ६१.४ रहेको छ। शैक्षिक अध्ययनको विषयको विश्लेषण गर्दा यहाँ उच्च शिक्षा पढ्ने मध्ये सबै भन्दा धैरै ३४.४ प्रतिशत व्यवस्थापन विषय अध्ययन गर्ने गरेको देखिन्छ भने त्यस पछि शिक्षाशास्त्र २७.५ तथा क्रमश विज्ञान तथा प्रविधि २०.३ मानविकी तथा

समाजशास्त्र ६.१ र केही अन्य रहेको छ। यस नगरपालिकाको साक्षरता मध्ये प्राथामिक तहमा ३०.४ प्रतिशत, निम्न माध्यमिक तहमा १९ प्रतिशत, उच्च माध्यमिकमा १६ प्रतिशत अध्ययन गरेको पाइएको छ।

### १.३.४ शिक्षा क्षेत्रको योजना

विद्यालय क्षेत्र विकास योजना (SSDP) को पहिलो पाँचवर्षे कार्यान्वयन (वि.सं. २०७३-२०७८) समाप्त हुँदै गर्दा यसले शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन, र सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो। संघीय संरचनाको कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। यस योजनाले विद्यार्थी भर्ना दर तथा कक्षा ८ सम्मको टिकाइ दरमा उल्लेखनीय सुधार ल्याए पनि कक्षा १० र १२ मा अपेक्षित उपलब्धि हासिल गर्न सकेन, गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, र समावेशी शिक्षा योजनाहरू सञ्चालन गरिए तापनि विद्यार्थी सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएन। संघीय संरचनाको संक्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा चुनौतीहरू थप्यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तीन तहका सरकारहरू बीचको स्पष्ट जिम्मेवारी निर्धारण, अनुगमन प्रणाली सुधार, र शिक्षक सहायता प्रणालीको आवश्यक देखिएको छ। तसर्थ, शिक्षा क्षेत्रमा दिगो सुधारका लागि स्थानीय सरकार, शिक्षक, र समुदायको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ। त्यसलाई मध्यनजर गरि शिक्षा क्षेत्रको योजना बनाउनु पर्ने आवशयकता महसुस भएको हो।

### १.३.५ दिगो विकासका लक्ष्य र गौर नगरपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइ सकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्यढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्यढाँचाले नेपालको संविधान अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको जिम्मेवारीलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार गौर नगरपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न बाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, नगरपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाइ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधारवर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्क अनुसार, अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औंल्याएको छ। यस सन्दर्भमा, गौर नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रुपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार विद्यालय भर्ना दर र शिक्षामा टिकाइ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने, र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षासम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोत साधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत समुदायका बालबालिकाहरूको समावेशीकरण अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने। दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने। त्यसै गरि नेपालको SDG लक्ष्य ४ अनुरूप गौर नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानूनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन लक्ष्य लिएको छ। नगरपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नुपर्ने प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नुका निम्ति यो नगर शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पार्न वान्छिनिय भएको छ।

### १.३.६ गौर नगरपालिकाका शिक्षा क्षेत्रका प्रमुख समस्याहरु, चुनौती र अवसरहरु

**प्रमुख समस्याहरु**

मूलत: शिक्षा क्षेत्रको अबस्थालाई नियाल्दा सकारात्मक पक्ष र नकारात्मक पक्ष वा सुलभ पक्ष र दुर्लभ पक्ष रहेका छन्। यो त केवल एक सिक्काका दुई पाटा जस्तै हुन। शिक्षा क्षेत्रमा भएको विविध सरल र सकारात्मक पक्षहरु हुदाँहुदै पनि यसका

समस्याहरु पनि हुन्छन र हामीले भोग्दै र अनुभव गर्दै आएकाछौं । विद्यालय शिक्षामा सबै बालबालिकाहरूलाई पहुँच, सहभागिता र गुणस्तरको सुनिश्चितता गर्न नसक्नु, पाठ्यक्रमले तोकेबमोजिमका सिकाइ उपलब्धिहरू हासिल गर्न नसक्नु, बालमैत्री विद्यालय निर्माण गरी सिकाइ वातावरणमा सुधार हुन नसक्नु, स्थानीय पाठ्यक्रम निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, विषयगत रूपमा र कक्षागत रूपमा शिक्षकहरूको दरबन्दी नहुनु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको पहुँच नहुनु र प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, साक्षरता निरन्तर शिक्षा र जीवन पर्यन्त शिक्षाका अवसरहरू उपलब्ध गराउन नसक्नु, वैकल्पिक सिकाइको प्रभावकारी रूपमा कार्यान्वयन गर्न नसक्नु, उपयुक्त भौतिक पूर्वाधारको विकास गर्न नसक्नु आदि शिक्षा क्षेत्रका प्रमुख समस्याका रूपमा रहेका छन् ।

साथै लेखनपूर्व गरिएको कार्यशाला तथा सुझाबको आधारमा भन्ने हो भने यस क्षेत्रको प्रमुख समस्या भनेको न्यून सिकाइ उपलब्धि स्तर तथा न्यूनत्तम सिकाइ वातावरण नहुनु रहेको छ । अन्य केही थप शिक्षा केन्द्रित समस्याहरुलाई तल प्रस्तुत गरिएको छ ।

**पहुँच**

१. आधारभूत तहमा केही तथा माध्यमिक तहमा शिक्षामा धेरै वालबालिकाको पहुँच कमजोर हुनु
२. अपाङ्गता तथा आर्थिकरुपले विपन्न एवम् पिछडिएका बर्गका बालबालिकाहरुको शिक्षामा पँहुच कम हुनु
३. विद्यालयमा भर्ना भएका बालवालिकालाई टिकाई राख्न नसक्नु
४. अभिभाबक शिक्षा तथा सचेतनाdf कमी हुनु
५. विद्यालय भर्ना नभएका बालबालिकाहरुको लागि पालिकाबाट लक्षित कार्यक्रम नहुनु
६. विद्यालय उमेरका बालबालिकाहरु समयमा भर्ना नहुनु ।

**सिकाइ उपलब्धि**

१. सिकाइउपलब्धिको स्तरमा कमी हुनु।
२. तहगत, क्षेत्रगत तथा विषयगतरुपमा सम्पूर्ण विद्यालयमा शिक्षक व्यवस्थापन गर्न नसक्नु वा शिक्षक अभाव देखिनु
३. दक्ष तथा पेशागत विकास भएको शिक्षकको कमी।
४. शिक्षणसिकाइ तथा मूल्याङ्कन प्रक्रिया तोके अनुरुप पाठ्यक्रम केन्द्रित लागु नहुनु ।
५. शिक्षकलाई पेशागत सहयोग गर्ने प्रणालीको विकास गर्न नसक्नु ।
६. विद्यार्थीको सिकाइ उपलब्धि विश्लेषण नहुनु ।
७. मापदणडले तोकेको अनुसार पूरा समय शिक्षण नहुनु ।

**सिकाइका लागि वातावरण, ब्यवस्थापन, सुशासन र नेतृत्व**

१. भौतिक संरचना राम्रो नहुनु
२. अपनत्व, सुशासन, जिम्मेवारी तथा जवाफदेहिताको आशातीत प्रत्याभूति दिन नसक्नु अर्थात् शिक्षामा जवाफदेहिता तथा सुशासन कायम गर्न नसक्नु ।
३. प्र.अ.मा नेतृत्व सीपमा कमी
४. वि.ब्य.स., शि.अ.स. क्रियाशिल नहुनु तथा विद्यालयको सुधारमा लाग्न नसक्नु
५. अनुगमन तथा निरीक्षणमा कमी हुनु
६. विद्यालयमा अभिलेखीकरण प्रभावकारी अनुसार नहुनु
७. भौगोलिक अवस्था अनुसार विद्यालय वालबालिकाको लागि टाढा हुनु
८. विद्यालयमा सिकाइका लागि न्यूनतम आवश्यक शैक्षिक तथा भौतिक वातावरण सुनिश्चित गर्न नसक्नु
९. विद्यालय शिक्षामा पुरस्कार र दण्डको ब्यवस्थापन नहुनु ।
१०. दिवाखाजा ब्यवस्थापनमा आर्थिक, भौतिक, जनशक्तिको कमी साथै स्थानीय उत्पादन सँग जोडन नसक्नु
११. सामुदायिक बिद्यालयमा अभिभावक गैर जिम्मेवार हुनु साथै विधालयले आम अभिभावकको मन जित्न नसक्नु
१२. शिक्षक तालिम, गोष्टि ,सेमिनार, जस्ता वृति बिकास का क्रियाकलाप कम हुनु र भएको तालिमको पनि कक्षा कोठामा आधुनिक सामाग्रीको कमिले कार्यान्वयनमा कमी हुनु

**चुनौतीहरु**

१. विद्यालय शिक्षाको सर्वसुलभता उपयुक्तपूर्वाधार को विकास गुणस्तरको सुनिश्चितता सहित सार्वजनिक शिक्षा प्रतिको आकर्षण अभिवृद्धि गर्नु
२. विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु
३. शैक्षिक सुशासन उत्तरदायित्व अभिवृद्धि गर्नु
४. नगरपालिका भित्र रहेका सम्पूर्ण विद्यालयमा भौतिक पूर्वाधार सहितको आकर्षक वातावरण विकास गर्नु
५. बालमैत्री एवं प्रविधिमा आधारित बनाउनु
६. विद्यालय बाहिर रहेका सबै वालबालिकालाई विद्यालय भर्ना गराउनु
७. कक्षा छाड्ने दर शून्यमा झारी अपेक्षित सिकाइ उपलब्धि हासिल गर्नु
८. शिक्षा क्षेत्रमा सुशासन र उत्तरदायित्व अभिवृद्धि गर्दै शिक्षकको पेशागत क्षमता अभिवृद्धिका लागि तालिम गोष्ठीको व्यवस्था गर्नु
९. सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नियमित अनुगमन तथा पृष्ठपोषण प्रदान गर्नु
१०. स्थानीय विषयका पाठ्यपुस्तकको निर्माण तथा वितरण सूचनासञ्चार प्रविधिले ल्याएका विविध अवसरको सदुपयोग गर्नु
११. प्रारम्भिक वाल विकास केन्द्रको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार संचालन गर्नु
१२. आवश्यकतानुसार भौगोलिक नक्साङ्कनको आधारमा विद्यालयको स्थापना ,समायोजन तथा पुन वितरण गर्नु
१३. पहुँचयुक्त विद्यालयको भौतिक संरचना तयार गर्नु
१४. ईन्टरनेट तथा सूचना र प्रविधिको पहुँच सम्पूर्ण विद्यालयमा पुर्याउनु
१५. अनिवार्यनिःशुल्क तथा गुणस्तरीय सिकाइलाई सुनिश्चित गर्ने ,
१६. दिवाखाजा ब्यवस्थापनले स्थानीय उत्पादन सँग जोडन नसक्नु ।
१७. सामुदायिक बिद्यालयले आम अभिभावकको मन जित्न नसक्नु ।
१८. प्रर्याप्त आर्थिक श्रोतको अभाव हुनु ।

**अवसरहरु**

विविध चुनौतीहरु विच पनि शैक्षिक क्षेत्रमा अव्वल परिवर्तन गर्नका निम्ति थुप्रै अवसरहरु पनि रहेको छ । कालो बादल भित्र सुन्दर चाँदीको घेरा हुन्छ भनेझै यी तमाम चुनौतिका वावजुद विद्यालय शिक्षाको सुदृढीकरणका लागि थुप्रै अवसर विद्यमान रहेको छ । शैक्षिक क्षेत्रमा यस पालिकाको शिक्षा क्षेत्रमा पनि लगानी बढ्दै गएको छ । यसैगरी यसनगरपालिकाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखी विविध कार्यक्रम लागू गरिरहेको छ । शिक्षामा तीनवटै सरकारको साझा अधिकार क्षेत्रको रुपमा रहेकोले आपसी साझेदारीमा लगानी अभिबृद्दि गर्न सकिने अवस्था देखिनु, विद्यालय शिक्षामा सुधारका लागि नगरपालिकामा विभिन्न संघसंस्थाहरु निरन्तर कार्यक्रम सञ्चालन हुनु , शैक्षिक सूचांक प्रगति सकारात्मक दिशातिर हुनु पनि शिक्षाको अवसरका रुपमा रहेका देखिन्छन् ।

## १.४ गौर नगरपालीकाको नगर शिक्षा योजना निर्माण प्रकृया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तह सम्म पुर्याउन प्रतिफल दिने प्रकृयाहरूको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई गम्भिरता पूर्वक अवलम्वन र अनुशरण गरिएको छ ।

१. शिक्षा योजना तयारीको लागि ५ सदस्य कार्यदल गठन भएको ।
२. शिक्षा योजना लेखन पूर्व सबै सरोकारवालाहरु सँग सुझाब तथा छलफल कार्यशाला सञ्चालन गरिएको ।
३. बैठकले ५ सदस्य लेखन कार्यदल तयार गरेको ।
४. कार्यदल र विज्ञको सहयोगमा शिक्षा योजनालाई चाहिने विद्यालय तथा पालिकाबाट शैक्षिक तथ्यांकहरु, दस्तावेजहरुको संकलन अध्ययन तथा विश्लेषण गरिएको ।
५. विभिन्न सरोकारवालाहरुसँग छलफल तथा सुझाब संकलन गरिएको ।
६. कार्यदल तथा विज्ञबाट योजनाको मस्यौदा तयार गरिएको ।
७. तयार भएको मस्यौदा माथि सबै सरोकारवालासँग छलफल तथा सुझाब संकलन गरिएको ।
८. तयार भएको मस्यौदालाई सबै सरोकारवालाहरुलाई पृष्ठपोषण प्रदान गर्न अवसर प्रदान गरिएको ।
९. शिक्षा योजनालाई विज्ञबाट अन्तिम मस्यौदा तयार गरिएको ।

१०. तयार भएको मस्यौदालाई कार्यपालिकाको बैठक बाट प्रमाणित गरिएको ।

साथै यो योजना तय गर्दा मुख्य रुपमा संघीय तथा सरकारका नीति कार्यक्रम योजनाको साथै अन्तर्राष्ट्रिय स्तरमा राष्ट्रले प्रतिबद्धता गरेका कुरालाई समेत मुख्य आधार बनाइएकोछ । साथै पालिकाले तय गरेको दूरदृष्टि, लक्ष्य र उद्देश्यको आधारमा पिपुल प्रमोट सेन्टर, जनकपुर, धनुषा र युनिसेफ नेपालको प्राविधिक पहलमा योजना निर्माण गरिएको थियो । त्यस योजनालाई समय आवश्यकता र स्थानिय शिक्षा क्षेत्र योजना निर्माण मार्गनिर्देशिका संसोधन २०८१ अनुसार पूनः अध्यावधिक गरिएको छ ।

# परिच्छेद २: दुरदृष्टी, ध्येय, उदेश्य तथा प्रमुख उपलब्धि सुचकहरु

## २.१ परिचय

गौर नगरपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका लागि राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन्। यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८५।०८६ सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ। यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणबाट नगरवासीको समृद्धीका लागि यहाको शिक्षा क्षेत्रको समग्र विकास अत्यावश्यक छ। यसै सन्दर्भमा, गौर नगरपालिकाले आगामी ५ वर्षका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी, र दिगो बनाउन रणनीतिक मार्गनिर्देशन प्रदान गर्नेछ। यसले संविधानको मर्म अनुरुपअनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि गर्नुपर्ने उपलब्धिहरु समेटनका लागि यो विद्यालय शिक्षामा दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (Objectives) जस्ता सूचकहरुको स्पष्ट रूपमा परिभाषित गरेको छ।

## २.२ दूर दृष्टी

"समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता, विभेद र भय रहित समाज उन्मुख हाम्रो गौर नगरपालिका"

## २.३ लक्ष्य

विद्यालय जाने उमेर समुहका सबै बालबालिकाहरुको शिक्षाको पहुँच सुधार गर्दै गुणस्तरीय, बाल मैत्रीर प्रबिधिमैत्री शिक्षणसिकाइको लागि न्यूनत्तम सिकाइ वातावरणको सुनिश्चित गर्ने।

## २.४ प्रमुख उदेश्यहरु

७. प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म शिक्षाको पहुँच विस्तार गर्ने।
८. सबै तह र कक्षाको सिकाइ उपलब्धिमा सुधार गर्ने।
९. विद्यार्थी–शिक्षक अनुपात अनुसार शिक्षक व्यवस्थापन गर्ने।
१०. प्रविधिमैत्री तथा सीपमूलक शिक्षाको प्रवर्द्धन गर्ने।
११. ई–लाइब्रेरी तथा डिजिटल सिकाइ प्रणाली विकास गर्ने।
१२. विद्यालयको भौतिक पूर्वाधार र सिकाइ वातावरण सुधार गर्ने।
१३. बालमैत्री, अपाङ्गमैत्री, वातावरणमैत्री तथा स्वास्थ्य–स्वच्छतायुक्त विद्यालय विकास गर्ने।
१४. खेलकुद, योग तथा अतिरिक्त क्रियाकलापको प्रवर्द्धन गर्ने।
१५. विद्यालय स्वास्थ्य सेवा तथा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।
१६. स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने।
१७. शिक्षकको पेशागत विकास तथा क्षमता अभिवृद्धि गर्ने।
१८. विद्यालय व्यवस्थापनमा सुशासन, जवाफदेहिता र उत्तरदायित्व सुदृढ गर्ने।
१९. विपद् तथा संकटका अवस्थामा पनि सिकाइ निरन्तरता सुनिश्चित गर्ने।
२०. साक्षर नगरपालिका घोषणा गर्दै निरन्तर तथा जीवनपर्यन्त सिकाइका अवसर विस्तार गर्ने।
२१. कक्षा १–३ मा थिमेटिक निरन्तर मूल्याङ्कन प्रणाली कार्यान्वयन गर्ने।

## २.५ रणनीतिहरु

**क) पहुँच विस्तार**

१. विद्यालय तथा बालविकास केन्द्रको आवश्यकता अनुसार नक्साङ्कन, समायोजन र पुनर्वितरण।
२. भर्ना अभियानलाई प्रभावकारी बनाउँदै विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान र सहयोग।
३. अभिभावक शिक्षा तथा जनचेतना कार्यक्रम सञ्चालन।
४. सिमान्तकृत, विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष शैक्षिक सहयोग।
५. सतप्रतिशत विद्यालय पहुँच अभियान सञ्चालन।
६. माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार।

**ख) सिकाइ उपलब्धि सुधार**

१. प्रारम्भिक बालविकास पाठ्यक्रम तथा कार्यक्रम प्रभावक "पढ्नका लागि सिक्ने"ारी कार्यान्वयन।
२. बालमैत्री, क्रियाकलापमा आधारित र प्रविधिमैत्री शिक्षण पद्धति अवलम्बन।
३. उपचारात्मक कक्षा, सिकाइ सुधार योजना तथा शिक्षण सामग्रीको व्यवस्थापन।
४. शिक्षक तालिम, पेशागत सहयोग र क्षमता विकास कार्यक्रम सञ्चालन।
५. थिमेटिक, परियोजनामूलक तथा आन्तरिक मूल्याङ्कन प्रणाली कार्यान्वयन।
६. स्थानीय पाठ्यक्रम विकास तथा शैक्षिक भ्रमण र सहक्रियाकलाप प्रवर्द्धन।–
७. सिकाइ उपलब्धिको नियमित विश्लेषण, समीक्षा र अन्तरक्रिया।

**ग) सिकाइ वातावरण सुधार**

१. विद्यालयको न्यूनतम मापदण्ड पूरा गर्दै सुरक्षित र गुणस्तरीय सिकाइ वातावरण निर्माण।
२. भौतिक पूर्वाधार, पुस्तकालय, प्रयोगशाला, खानेपानी, शौचालय र सरसफाइमा सुधार।
३. समुदाय, अभिभावक तथा साझेदार संस्थासँग सहकार्य गरी विद्यालय सुधार कार्यक्रम सञ्चालन।

**घ) नेतृत्व, व्यवस्थापन र सुशासन**

१. विद्यालय नेतृत्व र व्यवस्थापन क्षमता विकास।
२. प्रधानाध्यापक तथा विद्यालयसँग कार्यसम्पादन करार प्रणाली लागू।
३. नियमित अनुगमन, सामाजिक परीक्षण, लेखापरीक्षण तथा कार्यसम्पादन मूल्याङ्कन।
४. उत्कृष्ट विद्यालय, शिक्षक, प्रधानाध्यापक र विद्यार्थीलाई प्रोत्साहन तथा पुरस्कार।
५. विद्यालयमा स्रोत परिचालन, अक्षयकोष तथा पूर्व विद्यार्थी सञ्जाल विकास।

**ङ) निरन्तर सिकाइ र साक्षरता**

१. सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण।
२. साक्षर नगरपालिका घोषणा अभियान सञ्चालन।
३. जीवनपर्यन्त सिकाइ तथा अनौपचारिक शिक्षाका अवसर विस्तार।

**च) आपतकालीन शिक्षा**

१. विपद् तथा संकटका समयमा सिकाइ निरन्तरताका लागि वैकल्पिक शिक्षा प्रणाली विकास।
२. विद्यालय शिक्षा विपद् कोष स्थापना तथा कार्यान्वयन।

**छ) उच्च तथा प्राविधिक शिक्षा**

१. उच्च तथा प्राविधिक शिक्षामा अध्ययन गर्न इच्छुक विद्यार्थीलाई छात्रवृत्ति तथा प्रोत्साहन उपलब्ध गराउने।
२. शिक्षालयहरुको क्षमतामा सुधार गरी सबैको पहुचमा पुर्याउने ।

## २.६ मुख्य कार्यसम्पादन सुचक तथा लक्ष्य निर्धारण

| सूचकहरुको क्षेत्र | मुख्य कार्य सम्पादन सूचक/आर्थिक बर्ष | इकाई | आधार वर्ष २०८१ | योजना कार्यान्वयनका आ.ब.हरू | | | | सूचकको स्रोत | तथ्यांकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | |
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | | |
| १.१ | ECED मा सहजै देखिने भर्ना दर (GER in ECED) | जम्मा | १४३.१ | १४२.५ | १४१.९ | १४१.३ | १४०.६ | | |
| १.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकामध्ये ECED को अनुभव लिई आएका बालबालिकाको प्रतिशत | जम्मा | ६६.३ | ६६.८ | ६७.४ | ६७.९ | ६८.५ | | |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | | |
| २.१ | कक्षा १ मा सहजै देखिने प्रवेश दर (GIR Grade 1) | जम्मा | १६४.१ | १६७.५ | १७१. | १७४.६ | १७८.३ | | |
| २.२ | कक्षा १ मा खुद प्रवेश दर (NIR Grade 1) | जम्मा | ११०.६ | ११७.९ | १२५.७ | १३३.९ | १४२.७ | | |
| २.३ | आधारभूत तह (कक्षा १-५) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | १७०.४ | १७३.१ | १७५.९ | १७८.७ | १८१.६ | | |
| २.४ | आधारभूत तह (कक्षा १-५) मा खुद भर्ना दर (NER) | जम्मा | १४०.६ | १४८.४ | १५६.७ | १६५.४ | १७४.६ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को कूलप्रवेश दर* (%) | स्थानीय | १८९.२ | १९३.७ | १९३.७ | १९८.२ | २०२.९ | | |
| २.६ | आधारभूत तहको कक्षा ५ को खुदप्रवेश दर* (%) | स्थानीय | ४७.४ | ५४.५ | ५४.५ | ६२.७ | ७२. | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २.७ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ सम्म पुग्ने बालबालिकाको दर (Survival Rate to Grade 5) | जम्मा | ८२.५ | ८२.९ | ८३.३ | ८३.७ | ८४.१ | | |
| २.८ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-5) | जम्मा | ७३.७ | ७४.५ | ७५.२ | ७६. | ७६.८ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५)मा भर्ना भएका ५-९ वर्ष उमेर भन्दा माथिका बालबालिका* (%) | जम्मा | २९.९ | २३.५ | २३.५ | १८.५ | १४.६ | | |
| २.१ | आधारभूततह (कक्षा १-५) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | १४५.४ | १४०.१ | १३९.३ | १४३.४ | १४५.१ | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (NER) | जम्मा | १२३.८ | १२६. | १२८.७ | १४०.८ | १४८.८ | | |
| २.१३ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ सम्म पुग्ने दर (Survival Rate to Grade 8) | जम्मा | ६८.३ | ६९.२ | ७०.१ | ७१. | ७१.९ | | |
| २.१४ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर (Cycle Completion Rate at Basic Level:-G1-8) | जम्मा | ५८.९ | ६०.१ | ६१.३ | ६२.५ | ६३.७ | | |
| २.१५ | आधारभूततह (कक्षा १-८) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| २.१६ | कक्षा ३ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय | ४७.७ | ५०.९ | ५४.३ | ५७.९ | ६१.८ | | |
| | | स्थानीय | ६१.३ | ६३.९ | ६६.५ | ६९.३ | ७२.२ | | |
| २.१७ | कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय | ५६. | ५९.४ | ६३.१ | ६६.९ | ७१. | | |
| | | स्थानीय | ६७.५ | ७०. | ७२.५ | ७५.२ | ७७.९ | | |
| २.१८ | कक्षा ८ मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय | ५६.६ | ६०. | ६३.६ | ६७.४ | ७१.४ | | |
| | | स्थानीय | ४२.९ | ४६.४ | ५०.१ | ५४.२ | ५८.६ | | |
| २.१९ | आधारभूततह (कक्षा १-५ मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | जम्मा | ५ | २ | १ | ० | ० | | |
| | आधारभूत तह (कक्षा १-८) मा बिद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | जम्मा | ५ | २ | १ | ० | ० | | |
| २.२० | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ४९.७ | ४९.८ | ५०. | ५०.१ | ५०.३ | | |
| २.२१ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ५५.७ | ५५.७ | ५५.७ | ५५.७ | ५५.७ | | |
| २.२२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | ३१.७ | ३१.८ | ३१.९ | ३२. | ३२.१ | | |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) | जम्मा | ६६.४ | ७२.५ | ७६.३ | ८५.३ | ९२.८ | | |
| ३.२ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) | जम्मा | ३३.८ | ३९.९ | ४४.६ | ५४.३ | ६३.४ | | |
| ३.३ | माध्यमिकतह (कक्षा ९-१२) को कूल भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) | स्थानीय | ०.७ | ०.८ | ०.८ | ०.८ | ०.८ | | |
| ३.४ | आधारभूततह बाट माध्यमिकतहमा संक्रमण दर (Transition rate from Basic Level to Secondary Level) | जम्मा | ५०.९ | ५९.३ | ६९.१ | ८०.५ | ९३.८ | | |
| ३.५ | कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) | जम्मा | ५८.३ | ६०. | ६१.७ | ६३.५ | ६५.४ | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | ३६.९ | ४०. | ४०. | ४३.४ | ४७.१ | | |
| ३.७ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | स्थानीय | १७.९ | १८.५ | १९. | १९.६ | २०.२ | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.८ | जम्मा सामुदयिक बिद्यालयमध्ये कक्षा ९-१२ मा प्राबिधिक धार सहित सन्चालन गर्ने बिद्यालयहरुमा भर्ना भएका जम्मा विद्यार्थी सङ्ख्या | स्थानीय | २.६ | ३.१ | ३.६ | ४.३ | ५.१ | | |
| | सामुदायिक माध्यमिक बिद्यालयहरुमध्ये कक्षा ९-१२ मा बिज्ञान बिषयमाभर्ना भएका जम्मा विद्यार्थी प्रतिशत | स्थानीय | ०. | ०. | ०. | ०. | ०. | | |
| ३.९ | कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुले हासिल गरेको तोकिएका न्युनतम सक्षमताहरूको प्रतिशत (Achieving minimum proficiency) | स्थानीय_Nepali | ६३. | ६५.९ | ६८.९ | ७२. | ७५.३ | | |
| | | स्थानीय_English | ४९. | ५२.१ | ५५.४ | ५८.९ | ६२.६ | | |
| | | स्थानीय_Math | ५४. | ५७.२ | ६०.५ | ६४. | ६७.७ | | |
| | | स्थानीय_Science | ३७. | ४०.७ | ४४.९ | ४९.४ | ५४.४ | | |
| ४ | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | ५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ६७.२ | ६८.८ | ७०.३ | ७२. | ७३.६ | | |
| ४.२ | १५ बर्ष र सो भन्दा माथिका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ६०.९ | ६२.६ | ६४.४ | ६६.३ | ६८.२ | | |
| ४.३ | १५ देखि २४ बर्ष उमेरका जनसङ्ख्यामध्ये साक्षर जनसङ्ख्या | स्थानीय | ८१.३ | ८१.४ | ८१.५ | ८१.६ | ८१.७ | | |
| ४.४ | १५ बर्ष र सो भन्दा माथिको साक्षर दरमा लैङ्गिक समता सूचांक | स्थानीय | ०.७ | ०.७ | ०.८ | ०.८ | ०.८ | | |
| ५ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | |
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | | |
| | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा तहगतरूपमा कार्यरत शिक्षक र विद्यार्थीको अनुपात (STR):- | | | | | | | | |
| ६.१ | बालविकास तथा पूर्व प्र.बि.मा (ECED) | | २८. | २९.४ | ३०.८ | ३२.४ | ३४. | | |
| ६.२ | आधारभूततह (कक्षा १-५) | | ४१.६ | ४७.५ | ५४.१ | ६१.७ | ७०.३ | | |
| ६.३ | आधारभूततह (कक्षा ६-८) | | ६२.१ | ६३.६ | ६५.२ | ६६.८ | ६८.५ | | |
| ६.४ | आधारभूत (कक्षा १-८) | | ७१.८ | ७९. | ८७. | ९५.७ | १०५.३ | | |
| ६.५ | माध्यमिकतह (कक्षा ९-१०) | | ३८. | ३९.७ | ४१.५ | ४३.३ | ४५.३ | | |
| ६.६ | माध्यमिकतह (कक्षा ११-१२) | | १७३.७ | १८३.२ | १९३.३ | २०३.९ | २१५.१ | | |
| ६.७ | माध्यमिक बिद्यालय (कक्षा ९-१२) | | ४८.४ | ५०.८ | ५३.४ | ५६. | ५८.९ | | |
| ७ | शिक्षामा लगानी | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट*(%) | स्थानीय | | | | | | | |
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | |

# परिच्छेद:३ विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१.परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा आधारभूत तहको एक महत्वपूर्ण उप क्षेत्र हो। चार बर्ष उमेर पुगेका बालबालिकालाई दिईने शिक्षालाई प्रारम्भिक बालशिक्षा भनिन्छ। शारीरिक, मानसिक (बौद्धिक), संवेगात्मक र सामाजिक क्षेत्रको समुचित विकासलाई नै बाल बिकासको आधारको रुपमा लिएको छ। पहिला बालविकास केन्द्र विद्यालयमा आधारित तथा समुदायमा आधारित

२ प्रकारका रहेका थिए जसलाई समायोजन गरि विद्यालयमा नै राखिएको छ। प्रारम्भिक बालविकास देखि १२ कक्षा सम्मलाई सरकारले विद्यालय शिक्षाको संरचनामा राखेको छ।

पाठ्यक्रम प्रारुप, २०७६ का अनुसार चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने कुरा उल्लेख गरिएको छ भने चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ। प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुर्‍याउनु र कक्षा १ मा प्रवेशका लागि तयार पार्नु हुने छ भन्ने कुरा उल्लेख गरिएको छ। प्रारम्भिक बालविकास र शिक्षाका ७ सक्षमताहरूमा सर्वाङ्गीण विकासका क्रियाकलापमा संलग्नता, पोषणयुक्त खाना र स्वस्थकर बानी विकास, वैयक्तिक सुरक्षाका उपायहरू अवलम्बन, सरसफाइ र सामाजिक बानी व्यवहारको अवलम्बन, सिर्जनात्मक सोचको विकासर भाषिक तथा सञ्चार सिपको विकास रहेका छन्।

नेपालको संविधानको धारा ३९(३) मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ भनी उल्लेख गरिनु र शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास र शिक्षालाई विद्यालय शिक्षाकै अंगको रूपमा मान्यता दिनुले यसको आवश्यकता र महत्व थप पुष्टि भएको छ। बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक एवं नैतिक सृजनात्मक पक्षको विकासमा सघाउँदै उनीहरूलाई आधारभूत शिक्षाको लागि तयार गर्ने उद्देश्यले सञ्चालित यो कार्यक्रम विद्यालय शिक्षाको पहिलो पाइला भएकोले पनि यसलाई सर्वसुलभ र गुणस्तरीय बनाउनु आजको आवश्यकता रहेको छ।

विद्यालय क्षेत्र विकास कार्यक्रमले प्रारम्भिक शिक्षामा पहुँच गुणस्तरमा जोड दिइएको छ भने शिक्षा नीति २०७६ ले बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु पर्ने उदेश्य लिएको छ भने उपयुक्त पूर्वाधार सहितको बालमैत्री वातावरण सुनिश्चित गरी प्रारम्भिक बालविकासको अवसर विस्तार गर्ने तथा तीनै तहका सरकार र अभिभावकको साझेदारीमा बालबालिकाहरूको सर्वाङ्गीण विकास एवं विद्यालय शिक्षाको पूर्वतयारीका लागि कम्तीमा एक बर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति लिएको छ। त्यस्तैगरी १५औ योजनाले प्रारम्भिक शिक्षा लाई विद्यालय शिक्षाको अभिन्न अंगका रुपमा लिइ सबै बालबालिकाहरुको पहुँचको सुनिश्चित गर्ने रणनीति लिइएको छ भने कार्यनितिका रुपमा बालविकासको विकासको लागि लगानी साझेदारी गर्ने दक्ष योग्यता पुगेका शिक्षकबाट सेवा प्रदान गर्ने प्रारम्भिक शिक्षाको ब्यवस्थापनको न्यून तम मापदण्ड पूरा गर्ने लिएको छ।

### ३.१.२ वर्तमान अवस्था

यस गौर नगरपालिका अन्तर्गत ४४ वटा विद्यालयहरुमा आधारित प्रारम्भिक बालविकासहरु संचालित छन्। जसमध्ये १७ वटा सामुदायिक र २७ वटा संस्थागत विद्यालयमा आधारित प्रारम्भिक बालविकासहरु छन्। जसमा १९९० जना संस्थागत र ७८३ जना सामुदायिक दुइवटै गरेर वालवलिका रहेका छन् भने सामुदायिक तर्फ मात्र ७८३ जना बालबालिका रहेका छन्। जसमा ८४ जना बालविकास सहजकर्ता रहेको अवस्था छन्। यस नगरपालिकामा अधिकांश बालविकास केन्द्रहरु सरकारले तोकेका मापदण्ड पूरा भएको १७ वटा मध्ये ७ वटा मात्र रहेको छ। संस्था विद्यालयको अवस्था त्यती राम्रो छैन। बालविकास शिक्षामा सबै बालबालिकाहरुको पहुँचमा अझै पनि नआएको देखिन्छ भने इसीडिको अनुभव सहित कक्षा १ मा भर्ना हुनेको प्रतिशत ६३.३ मात्र भएको पाइन्छ। त्यसैगरी बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा रहेको छ। यसै नगरपालिकामा रहेको बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ साथै बालविकास केन्द्रहरूको क्षमता अभिवृद्धि गर्दै जानु जरुरी हुन आउँछ। साथै सरकारले तोकेको न्यूनत्तम मापदण्ड पूरा नभएका बालविकासहरु धेरै रहेका छन्। प्रारम्भिक बालविकास तथा शिक्षाको अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिन्छ।

| क्षेत्रहरु | आ.व.०७९/८० |
|---|---|
| सामुदायिक ECD को संख्या | १७ |
| संस्थागतECD को संख्या | २७ |
| ECD को विद्यार्थी संख्या | २७७३ |
| प्रारम्भिकबालविकास र शिक्षामा कूल भर्ना दर* (%) | १४३.१ |
| प्रारम्भिकबालविकास र शिक्षामा खुद भर्ना दर* (%) | ११९.३ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा नयाँ भर्ना भएका बालबालिका (%) | ६६.३ |

| | |
|---|---|
| कुल भर्ना दरमा लैगिंक समता सूचाक | ०.६५ |
| खुद भर्ना दरमा लैगिंक समता सूचाक | ०.६९ |

| सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३९५ | ३८८ | ७८३ | ६९० | १३०० | १९९० | १०८५ | १६८८ | २७७३ |

### ३.१.३ समस्या तथा चुनौतिहरु

१. प्रारम्भिक बालविकास केन्द्रहरूमध्ये न्यूनतम भौतिक मापदण्ड पूरा गर्ने केन्द्रको संख्या न्यून रहेकोले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक वातावरण सुनिश्चित हुन नसकेको।
२. कक्षा १ मा नयाँ भर्ना हुने बालबालिकामध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्नेको प्रतिशत अझै सन्तोषजनक स्तरमा पुग्न नसकेको।
३. बालक तथा बालिकाको भर्ना दरमा पूर्ण लैङ्गिक समानता कायम हुन नसकेको।
४. ELDs (Early Learning and Development Standards) को प्रभावकारी कार्यान्वयन हुन नसकेको।
५. नगरस्तरीय एकीकृत प्रारम्भिक बालविकास योजना निर्माण तथा कार्यान्वयनको आवश्यकता रहेको।
६. सरकारद्वारा निर्धारण गरिएका न्यूनतम मापदण्डहरू जस्तै बालमैत्री वातावरण, सुरक्षित खानेपानी, साबुनसहितको हातधुने सुविधा, सिकाइका छ कुना, धूलो तथा चिसोरहित कक्षाकोठा र तालिमप्राप्त सहजकर्ताको व्यवस्था अधिकांश केन्द्रमा सुनिश्चित हुन नसकेको।
७. प्रारम्भिक बालविकास तथा शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित हुन नसकेको तथा केन्द्रहरूको वितरण असन्तुलित रहेको।
८. बालहेरचाह, पोषण, सुरक्षा तथा प्रारम्भिक सिकाइ सम्बन्धी अभिभावक सचेतना अपेक्षित स्तरमा पुग्न नसकेको।
९. बालबालिकालाई सही उमेर (वर्ष ४)मा ECED कार्यक्रममा भर्ना गराउने अभ्यास पूर्ण रूपमा स्थापित हुन नसकेको।
१०. बालविकास केन्द्रमा सहजकर्ता र बालबालिकाबीचको उपयुक्त अनुपात कायम हुन नसकेको।
११. राष्ट्रिय पाठ्यक्रम तथा सिकाइ सहजीकरण सामग्रीको प्रभावकारी प्रयोगमा कमजोरी रहेको।
१२. सिकाइका छ कुनामा आधारित शैक्षिक सामग्री तथा खेल सामग्री सहितको शिक्षण हुन नसकेको ।
१३. सहजकर्ताको न्यूनतम योग्यता, तालिम, पेशागत विकास तथा क्षमता अभिवृद्धि पर्याप्त हुन नसकेको।
१४. सहजकर्ता तथा सहयोगी कार्यकर्ताको न्यून पारिश्रमिकका कारण उत्प्रेरणा र सेवा स्थायित्वमा चुनौती रहेको।
१५. पोषण, स्वास्थ्य, दिवा खाजा तथा अन्य बाल सहायता सेवाहरूको गुणस्तरीय र नियमित व्यवस्थापनमा चुनौती रहेको।
१६. विद्यालयमा शिक्षक अभावका कारण बालविकास सहजकर्ताले अन्य कक्षाको शिक्षणमा समेत संलग्न हुनुपर्ने अवस्था रहेको, जसले ECED सेवाको गुणस्तरमा असर पुर्‍याएको।
१७. बालबलिकाको सिकाइमा अभिवावक संगलनता हुन नसकेको ।

### ३.१.४ उद्देश्यहरु

यस नगरपालिकाको प्रारभ्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको उद्देश्य हुने छ :-

१. प्रारम्भिक बालविकास केन्द्रहरूमध्ये न्यूनतम भौतिक मापदण्ड पूरा गर्ने केन्द्रको संख्या न्यून रहेकोले बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक वातावरण सुनिश्चित हुन नसकेको।
२. कक्षा १ मा नयाँ भर्ना हुने बालबालिकामध्ये प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव प्राप्त गर्नेको प्रतिशत अझै सन्तोषजनक स्तरमा पुग्न नसकेको।
३. बालक तथा बालिकाको भर्ना दरमा पूर्ण लैङ्गिक समानता कायम हुन नसकेको।
४. ELDs (Early Learning and Development Standards) को प्रभावकारी कार्यान्वयन हुन नसकेको।
५. नगरस्तरीय एकीकृत प्रारम्भिक बालविकास योजना निर्माण तथा कार्यान्वयनको आवश्यकता रहेको।
६. सरकारद्वारा निर्धारण गरिएका न्यूनतम मापदण्डहरू जस्तै बालमैत्री वातावरण, सुरक्षित खानेपानी, साबुनसहितको हातधुने सुविधा, सिकाइका छ कुना, धूलो तथा चिसोरहित कक्षाकोठा र तालिमप्राप्त सहजकर्ताको व्यवस्था अधिकांश केन्द्रमा सुनिश्चित हुन नसकेको।

७. प्रारम्भिक बालविकास तथा शिक्षाको उमेर समूहका सबै बालबालिकाको पहुँच सुनिश्चित हुन नसकेको तथा केन्द्रहरूको वितरण असन्तुलित रहेको।
८. बालहेरचाह, पोषण, सुरक्षा तथा प्रारम्भिक सिकाइ सम्बन्धी अभिभावक सचेतना अपेक्षित स्तरमा पुग्न नसकेको।
९. बालबालिकालाई सही उमेर (४ वर्ष) मा ECED कार्यक्रममा भर्ना गराउने अभ्यास पूर्ण रूपमा स्थापित हुन नसकेको।
१०. बालविकास केन्द्रमा सहजकर्ता र बालबालिकाबीचको उपयुक्त अनुपात कायम हुन नसकेको।
११. राष्ट्रिय पाठ्यक्रम तथा सिकाइ सहजीकरण सामग्रीको प्रभावकारी प्रयोगमा कमजोरी रहेको।
१२. सिकाइका छ कुनामा आधारित शैक्षिक सामग्री तथा खेल सामग्री सहितको शिक्षण हुन नसकेको ।
१३. सहजकर्ताको न्यूनतम योग्यता, तालिम, पेशागत विकास तथा क्षमता अभिवृद्धि पर्याप्त हुन नसकेको।
१४. सहजकर्ता तथा सहयोगी कार्यकर्ताको न्यून पारिश्रमिकका कारण उत्प्रेरणा र सेवा स्थायित्वमा चुनौती रहेको।
१५. पोषण, स्वास्थ्य, दिवा खाजा तथा अन्य बाल सहायता सेवाहरूको गुणस्तरीय र नियमित व्यवस्थापनमा चुनौती रहेको।
१६. विद्यालयमा शिक्षक अभावका कारण बालविकास सहजकर्ताले अन्य कक्षाको शिक्षणमा समेत संलग्न हुनुपर्ने अवस्था रहेको, जसले ECED सेवाको गुणस्तरमा असर पुऱ्याएको।
१७. बालबलिकाको सिकाइमा अभिवावक संगलनता हुन नसकेको ।

### ३.१.५ रणनीति

१. हरेक शैक्षिक सत्रको प्रारम्भमा घरदैलो सर्वेक्षणमार्फत लक्षित उमेर समूहका बालबालिकाको पहिचान गरी प्रभावकारी भर्ना अभियान सञ्चालन गरिनेछ।
२. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी प्रारम्भिक बालहेरचाह, पोषण, सुरक्षा तथा सिकाइ सम्बन्धी अभिभावकको भूमिका सुदृढ गरिनेछ।
३. आर्थिक रूपमा विपन्न, सिमान्तकृत, पिछडिएका तथा अपाङ्गता भएका बालबालिकाका लागि विशेष शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
४. प्रारम्भिक बालविकास तथा शिक्षाको राष्ट्रिय पाठ्यक्रम तथा प्रारम्भिक सिकाइ तथा विकास मापदण्ड (ELDS) पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।
५. सबै बालविकास केन्द्रमा सरकारले निर्धारण गरेका न्यूनतम मापदण्डहरू क्रमशः पूरा गरिनेछ।
६. सिकाइका छ कुना, छापामय कक्षाकोठा, खेल सामग्री तथा शैक्षिक सामग्रीसहित बालमैत्री सिकाइ वातावरण सुनिश्चित गरिनेछ।
७. बालविकास सहजकर्ता तथा सहयोगी कार्यकर्ताको नियमित तालिम, क्षमता विकास तथा पेशागत सुदृढीकरण गरिनेछ।
८. सहजकर्ता तथा सहयोगी कार्यकर्ताको सेवा सुविधा र पारिश्रमिक वृद्धि गर्न आवश्यक समन्वय र पहल गरिनेछ।
९. प्रत्येक वडामा कम्तीमा एक नमुना बालविकास केन्द्र विकास गरिनेछ।
१०. नियमित सुपरीवेक्षण, अनुगमन, मूल्याङ्कन तथा समीक्षा प्रणालीमार्फत बालविकास केन्द्रको गुणस्तर सुनिश्चित गरिनेछ।
११. कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा पुरस्कार प्रणाली लागू गरिनेछ।
१२. बालविकास केन्द्रहरूमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्दै क्रमशः डिजिटल सिकाइ प्रणाली विकास गरिनेछ।
१३. बालबालिकाको समग्र विकास मापनका लागि निरन्तर आन्तरिक मूल्याङ्कन प्रणाली सुदृढ गरिनेछ।
१४. बालबालिकाको संख्या र आवश्यकता अनुसार पर्याप्त कक्षाकोठा, सहजकर्ता तथा सहयोगी जनशक्ति व्यवस्थापन गरिनेछ।
१५. प्रारम्भिक बालविकास तथा शिक्षामा खुद तथा कुल भर्नादर शतप्रतिशत पुऱ्याउन विशेष अभियान सञ्चालन गरिनेछ।
१६. वडा तथा पालिका स्तरमा सतप्रतिशत प्रारम्भिक बालविकास तथा शिक्षामा पहुँच घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।
१७. बालबालिकाको अपाङ्गता तथा विकासात्मक कठिनाइको प्रारम्भिक पहिचान, सन्दर्भीकरण तथा आवश्यक सहयोगको व्यवस्था गरिनेछ।

१८. प्रारम्भिक बालविकास, स्वास्थ्य, पोषण तथा बालसुरक्षासम्बन्धी सेवाहरूलाई एकीकृत रूपमा सञ्चालन गर्न बहुक्षेत्रीय समन्वय र साझेदारी सुदृढ गरिनेछ।

१९. प्रारम्भिक बालविकास, स्वास्थ्य, पोषण र बालसुरक्षालाई एकीकृत रूपमा प्रवर्द्धन गर्न बहुक्षेत्रीय समन्वय तथा साझेदारीलाई सुदृढ गरिनेछ।

### ३.१.६ प्रमुख उपलब्धि तथा नतिजाहरु,

**उपलब्धि**

१. बालविकास केन्द्र सरकारले तोकेको न्यूनत्तम मापदण्डहरु (बाल मैत्री धारा, धूलो र चिसो रहित बसाँई, सिकाइका छ कुना, साबुन सहितको धारा र तालिम प्राप्त सहजकर्ता) पूरा हुने ।
२. ५ वर्ष मूनिका सबै बालबालिकाहरु बालबिकास केन्द्र हुने भर्ना सत प्रतिशत पुग्नुको साथै सहि उमेरमा हुने ।
३. प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गरिनेछ ।
४. सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षा सिकाईको अवस्थामा उत्कृष्टसुधार भएको हुने ।
५. सबै बालविकासका सहजकर्ताहरुले तालिम प्राप्त भएको हुने ।
६. बालविकास केन्द्रको सहजकर्ता पुरस्कृत भएको हुने ।
७. आर्थिक अवस्थाले कमजोर, सीमान्तकृत, पछाडिपारिएका वर्ग तथा कार्यगत सीमितता(अपाङ्गता) भएको सबै बालबालिकाहरुको बालबिकास केन्द्र पहुँच हुने ।
८. सबै बालविकास केन्द्रहरु डिजिटलाईजेशन भई डिजिटल माध्यमले सिकाई हुने ।
९. वडा तथा पालिकास्तरबाल विकास तथा शिक्षामा पहुँच भएको घोषणाहुने ।
१०. सबै बालविकास केन्द्रमा बालबालिकाको संख्याको अनुपातमा कक्षाकोठा तथा तालिम प्राप्त बालविकास सहजकर्ता पूरा हुने ।
११. समयमा नै बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानको हुने ।
१२. ELDs प्रणाली लागु भएको हुने ।
१३. एकिकृत प्रारम्भिक बालविकास योजना वनी लागु भएको हुने ।
१४. बालबालिकाको सिकाइ सक्षमाता अभिभावकसँग साजा गरिएको हुने ।
१५. बालबालिकाको सिकाइमा अभिभावको संगलनता हुने ।

**प्रमुख नतिजाहरु**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर(%) | ११९.३ | ११९.३ | ११० | १०५ | १०० | १०० |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर(%) | १४३.१ | १२० | ११५ | ११० | १०५ | १०० |
| ३ | ECED मा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.६५ | ०.७० | ०.८० | ०.९० | १०० | १०० |
| ४ | ECED को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक | ०.६९ | ०.७५ | ०.८५ | ०.९५ | १०० | १०० |
| ५ | ECED मा भर्ना भएका बालबालिकामध्ये कम तथा बढी उमेरका बालबालिकाको प्रतिशत | २१.१ | १५ | १० | ५ | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका(%) | ६६.२९ | ७० | ८० | ९० | १०० | १०० |

### ३.१.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ बर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | भर्ना अभियान सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| २ | बालशिक्षालाई थप गुणस्तरको लागि थप तालिम प्राप्त बाल विकास सहजकर्ताको ब्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | शैक्षिक सत्रको शुरुको महिनामा अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ |
| ४ | अति विपन्न, पछाडिएका वर्गका तथाअपाङ्गता भएको बालबालिकाहरुको लागि विशेष शैक्षिक सामग्रीहरु तथा छात्रवृतिको सहयोग (शैक्षिक सत्रको शुरु महिनामा) | समय | १ | १ | १ | १ | १ | ५ |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | प्रस्तावनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चताको लागि सहयोग कार्यक्रम सञ्चालन | केन्द्र | ७ | ९ | ८ | ८ | ९ | ४१ |
| ७ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि ELDS प्रणालीको तालिम संचालन गरिने | पटक | १ | १ | १ | १ | १ | ३ |
| ९ | वडागत बालविकास केन्द्र डिजिटलाईजेशन गर्ने कार्यक्रम | वडा | २ | २ | २ | २ | १ | ९ |
| १० | बाल विकासको पाठ्यक्रम प्रवोधीकरण गर्ने र पाठ्यक्रम अनुसार अनिवार्य रुपमा सिकाइ सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | बालविकासमा सिकाइका छ कुनामा आधारित सहित शैक्षिक सामग्रीहरु विकास वितरण तथा व्यवस्थापन | संख्या | ७ | ९ | ९ | ९ | ७ | ४१ |
| १२ | निश्चित सुचकको आधारमा त्रैमासिक सुचकको आधारमा सुपरिवेक्षण,अनुगमन गरी समीक्षाबैठक सञ्चालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० |
| १३ | बर्षको कम्तिमा ३ पटक सहजकर्ताहरु सँग समीक्षा तथा क्षमता विकास कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | निश्चित सूचकको आधारमा बार्षिक उत्कृष्ट बालविकास सहजकर्ता लाई सम्मान | जना | २ | २ | २ | २ | २ | १० |
| १५ | बर्षको २ पटक बालबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० |
| १६ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ |
| १७ | एकिकृत प्रारम्भिक बालविकास योजना निर्माण र लागु | निरन्तर | | | | | | |
| १८ | अभिभावक वैठक | पटक | २ | २ | २ | २ | २ | १० |

| १९ | स्थानिय स्तरमा एकिकृत बाल प्ररारम्भिक योजना निर्माण र लगु गरिने | पटक | १ | १ | १ | १ | १ | १० |
|---|---|---|---|---|---|---|---|---|

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाका पुनःसरचना गरेर कक्षा १-८ लाईआधारभूत शिक्षा (कक्षा १ – ५ लाइ आधारभूत "ख" कक्षा १ – ८ लाइ आधारभूत "क") का रुपमा परिभाषित गरेका छ। पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको बिकासमा महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखेको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबि घटाउन मद्दत गर्ने र व्यक्तिको जिबन स्तरमा उल्लेखनिय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्यायन प्रतिवेदनहरुले देखाएको छ। आधारभूत तहको शिक्षाको महत्त्वलाई ध्यान गरी शिक्षालाई गुणस्तरीय  बनाउनको लागि गौर नगरपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेस गरिएको छ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ अनुसार आधारभूत तहको शिक्षा प्रदान गर्ने जिम्मेवारी संघीय, प्रदेश तथा स्थानीय सरकारको हुने व्यवस्था गरिएको छ। उक्त ऐनले आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत, दलित, जनजाति तथा अपाङ्गता भएका बालबालिकासहित सबै बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने उल्लेख गरेको छ। त्यसैगरी, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्दछन्। यस संवैधानिक तथा कानुनी व्यवस्थाअनुसार प्रत्येक बालबालिकाको आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्नु तथा गुणस्तरीय शिक्षा उपलब्ध गराउनु स्थानीय सरकारको प्रमुख दायित्व रहेको छ।

### ३.२.२ वर्तमान अवस्था

गौर नगरपालिकामा आधारभूत शिक्षाको पहुँच विस्तारमा उल्लेखनीय प्रगति भए तापनि आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, दलित, जनजाति, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको पहुँच र सहभागिता अझै कमजोर रहेको छ। जनसांख्यिक परिवर्तन तथा बसाइँसराइका कारण विद्यालयहरूको पुनर्वितरण तथा समायोजन आवश्यक देखिएको छ। निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयन, बालमैत्री तथा समावेशी सिकाइ वातावरण निर्माण, पोषण, स्वास्थ्य, सरसफाइ तथा दिवाखाजा सेवाको गुणस्तर सुधार गर्नु आवश्यक छ। विद्यालय छोड्ने तथा कक्षा दोहोर्याउने दर उच्च रहनु, सिकाइ उपलब्धि अपेक्षित स्तरमा नपुग्नु, महामारी तथा विपद्का समयमा सिकाइ निरन्तरता सुनिश्चित गर्ने प्रभावकारी प्रणालीको अभाव रहनु प्रमुख चुनौतीका रूपमा रहेका छन्। साथै पाठ्यक्रम कार्यान्वयन, शिक्षकको पेशागत क्षमता विकास, अनुगमन तथा सुपरिवेक्षण प्रणाली सुदृढीकरण र न्यूनतम सिकाइ पूर्वाधारको सुनिश्चितता आवश्यक देखिएको छ।
विद्यालय व्यवस्थापन तथा नेतृत्वको क्षेत्रमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको प्रभावकारी गठन तथा परिचालन हुन नसक्नु, प्रधानाध्यापकको नेतृत्व तथा व्यवस्थापकीय क्षमता सुदृढ गर्नुपर्ने आवश्यकता, शिक्षक सहायता प्रणालीको पुनर्संरचना तथा अभिभावक सहभागिता अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ। यी चुनौतीहरूको सम्बोधनमार्फत आधारभूत शिक्षाको पहुँच, गुणस्तर, समता र सुशासनमा सुधार ल्याउन आवश्यक देखिन्छ।
यस गौर नगरपालिकामा जम्मा सामुदायिक १७ वटा र संस्थागत २७ वटा गरी जम्मा ४४ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन्। जस मध्ये एउटा संस्थागत विद्यालयमा ११ र १२ मात्र पढाई हुन्छ। आधारभूत विद्यालयमा ११७०३ जना अध्ययनरत देखिन्छन्।

| क्षेत्रहरु | आव०८१/८२ |
|---|---|
| कक्षा १ देखि ८ सामुदायिकविद्यालय को संख्या (२ वटा धार्मिक मदरसा बिद्यालय गरि) | १७ |
| सस्थागतविद्यालयको संख्या | २७ |
| कक्षा१-५ को सामुदायिक विद्यालयको विद्यार्थी संख्या | ५०८१ |
| कक्षा१-८ को सामुदायिक विद्यालयको विद्यार्थी संख्या | ७६२६ |
| प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १मा नयाँ भर्ना भएका बालबालिका* (%) | ६६.३ |

| | |
|---|---|
| कक्षा१ मा नयाँ भर्ना भएका बालबालिकाको खुदप्रवेश दर (%) | ११०.७ |
| आधारभूततह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | १४०.६ |
| आधारभूततह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | ९७.९ |
| आधारभूततह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | १२३.८ |
| कक्षा ५ सम्मको टिकाउ दर | ७८.१ |
| कक्षा ५ को कुल प्रवेश दर (प्रतिशत) | |
| कक्षा ५ को खु प्रवेश दर (प्रतिशत) | |
| कक्षा८ सम्मको टिकाउदर | ६५.५ |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ५ तथा अधारभुत्तह (कक्षा १-५) पुरा गर्नेको दर | ७३.७० |
| कक्षा १ का जम्मा विद्यार्थीमध्ये कक्षा ८ तथा अधारभुतह (कक्षा १-८) पुरा गर्नेको दर | ५८.९ |
| कक्षा ६-८ को विद्यार्थी शिक्षक अनुपात | ६२.०७ |
| आधारभूत तहमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुको प्रतिसत (कक्षा १-५ ) | ४० |
| आधारभूत तहमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुको प्रतिसत (कक्षा १ -८ ) | २३.८ |
| आधारभूत तह १ देखि ५ कक्षा मा भर्ना भएका ५ देखि ९ वर्ष उमेर भन्दा माथिका बालबालिकाहरुको प्रतिशत | ४८% |

कक्षा १-८ को विद्यार्थी संख्या

| सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ३७३८ | ३८८८ | ७६२६ | १४६४ | २६१३ | ४०७७ | ५२०२ | ६५०१ | ११७०३ |

तहगत शिक्षक विवरण

| **तहगत शिक्षक** | **१-५ कक्षा** | | | | **६-८ कक्षा** | | | |
|---|---|---|---|---|---|---|---|---|
| | **महिला** | **पूरुष** | **जम्मा** | **महिला प्रतिशत** | **महिला** | **पूरुष** | **जम्मा** | **महिला प्रतिशत** |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ६८ | ५४ | ११४ | ६० | १३ | २८ | ४१ | ३२ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ६८ | ५४ | ११४ | ६० | १३ | २८ | ४१ | ३२ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | १२ | ५ | १७ | ७१ | ६ | १५ | २१ | २९ |
| तालिम TPD लिएको शिक्षक संख्या | सूचना प्राप्त हुन नसकेको | | | | | | | |

## सिकाई उपलब्धि विवरण

| **कक्षा** | **नपाली** | **अग्रेजी** | **गणित** | **विज्ञान / मेरो सेरोफेरो** |
|---|---|---|---|---|
| १ | ९०.७५ | ९१.८७ | ९२.२ | ९१.६३ |
| २ | ६०.६५ | ६०.६३ | ६१.१६ | ६०.८३ |
| ३ | ९१.०७ | ९१.६४ | ९०.५१ | ९१.१७ |
| ४ | ९२.१८ | ९१.९६ | ८८.८९ | ९२.११ |
| ५ | ८७.६२ | ८७.०६ | ८७.१४ | ८३.३१ |
| ६ | ६५.८२ | ६०.३४ | ६०.३४ | ६०.३४ |

| | | | | |
|---|---|---|---|---|
| ७ | ८३.०९ | ८२.२१ | ८१.४५ | ८१.१० |
| ८ | ८५.१४ | ८५.१५ | ८५.१४ | ८९.०५ |
| ९ | ७३.२७ | ७३.६८ | ७४.१४ | ७४.०७ |
| १० | ९७.०२ | ९४.८२ | ९६.७० | ९८.९० |

### ३.२.३ समस्या तथा चुनौतीहरु

१. आधारभूत शिक्षालाई पूर्ण रूपमा निःशुल्क, अनिवार्य तथा सर्वसुलभ बनाउन नसकिएको।
२. कक्षा ५ सम्मको ठिकाउ दर ७८.१ प्रतिशत र कक्षा ८ सम्मको ठिकाउ दर ६५.५ प्रतिशत मात्र रहनु।
३. विद्यालय छोड्ने तथा कक्षा दोहोर्याउने दर उच्च रहनु।
४. विषयगत तथा आवश्यक शिक्षकको अभाव हुनु र शिक्षकविद्यार्थी अनुपात सन्तुलित हुन नसक्नु।–
५. विद्यार्थी तथा शिक्षकको नियमितता सुनिश्चित गर्न कठिनाइ हुनु।
६. आधारभूत तहका सबै उमेर समूहका बालबालिकाको विद्यालय पहुँच तथा भर्ना सुनिश्चित हुन नसक्नु।
७. सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार तथा बालमैत्री सिकाइ वातावरणको अभाव हुनु।
८. शैक्षिक सामग्री तथा सिकाइ स्रोतको पर्याप्त व्यवस्था र प्रभावकारी उपयोग हुन नसक्नु।
९. स्थानीय तथा एकीकृत पाठ्यक्रम निर्माण र कार्यान्वयन प्रभावकारी रूपमा हुन नसक्नु।
१०. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमजोरी रहनु।
११. बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि, विशेषगरी पठन, लेखन तथा गणितीय सीप सुनिश्चित गर्न नसक्नु।
१२. प्रविधिमैत्री शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइको पहुँच सीमित हुनु।
१३. अभिभावकको बालबालिकाको सिकाइप्रतिको सहभागिता र उत्तरदायित्व अपेक्षित स्तरमा नहुनु।
१४. विद्यालय समायोजन तथा पुनर्वितरणको आवश्यकता रहनु।
१५. विद्यालयमा प्रोत्साहन, पुरस्कार तथा उत्तरदायित्व प्रणाली प्रभावकारी रूपमा संस्थागत हुन नसक्नु।
१६. विद्यालय नेतृत्व, व्यवस्थापन, अनुगमन तथा सुपरिवेक्षण प्रणालीलाई थप प्रभावकारी बनाउन आवश्यक हुनु।
१७. महामारी, विपद् तथा संकटका अवस्थामा सिकाइ निरन्तरता सुनिश्चित गर्ने वैकल्पिक प्रणाली पर्याप्त रूपमा विकास हुन नसक्नु।

### ३.२.४ उद्देश्यहरु

१. आधारभूत शिक्षालाई निःशुल्क, अनिवार्य, समावेशी र समतामूलक बनाउँदै सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गर्ने।
२. आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका, सीमान्तकृत, दलित, जनजाति तथा अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्ने।
३. शतप्रतिशत विद्यार्थीलाई आधारभूत तह पूरा गराउने।
४. बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि तथा आधारभूत पठन, लेखन र गणितीय सीप सुनिश्चित गर्ने।
५. स्थानीय पाठ्यक्रम विकास तथा प्रभावकारी कार्यान्वयन गर्ने।
६. न्यूनतम भौतिक पूर्वाधार र गुणस्तरीय सिकाइ वातावरण सुनिश्चित गर्ने।
७. विद्यालय व्यवस्थापन, शैक्षिक सुशासन तथा विद्यार्थी सिकाइप्रतिको उत्तरदायित्व सुदृढ गर्ने।
८. विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना कार्यान्वयन गर्ने।
९. विपद्, संकट तथा आपतकालीन अवस्थामा समेत सिकाइ निरन्तरता सुनिश्चित गर्ने वैकल्पिक शिक्षा प्रणाली विकास गर्ने।

### ३.२.५ रणनीतिहरु

१. विद्यालय नक्साङ्कनका आधारमा विद्यालयहरूको पुनर्वितरण तथा समायोजन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ।
२. हरेक शैक्षिक सत्रको प्रारम्भमा घरदैलो अभियान सञ्चालन गरी विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान तथा भर्ना सुनिश्चित गरिनेछ।
३. विद्यालय जान नसकेका तथा भर्ना हुन नसकेका बालबालिकाका लागि विशेष भर्ना तथा पुनःभर्ना कार्यक्रम सञ्चालन गरिनेछ।
४. सिमान्तकृत, दलित, जनजाति, आर्थिक रूपमा विपन्न तथा अपाङ्गता भएका बालबालिकाका लागि लक्षित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

५. वडा तथा नगरपालिकास्तरमा घोषणा कार्यक्रम सञ्चालन गरिनेछ। ”सतप्रतिशत आधारभूत शिक्षामा पहुँच“
६. अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरी बालबालिकाको सिकाइप्रति अभिभावकको सहभागिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।
७. “सिक्नका लागि पढ्ने अवधारणामा आधारित प्रारम्भिक कक्षाको ”सिकाइ सहजीकरण रणनीति कार्यान्वयन गरिनेछ।
८. बालमैत्री, अपाङ्गतामैत्री, क्रियाकलापमा आधारित तथा प्रविधिमैत्री शिक्षण सिकाइ पद्धतिलाई प्रवर्द्धन गरिनेछ।
९. शिक्षण सुधार योजना )TIP) प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
१०. न्यून लागत तथा स्थानीय स्रोतमा आधारित शिक्षण सिकाइ सामग्रीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ।
११. शिक्षकले पाठ्यक्रम, शिक्षक निर्देशिका तथा आधुनिक शिक्षण विधिको प्रभावकारी प्रयोग सुनिश्चित गरिनेछ।
१२. सिकाइ उपलब्धि कमजोर भएका विद्यार्थीका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ।
१३. पठन, लेखन तथा गणितीय सीप विकासमा विशेष जोड दिइनेछ।
१४. आधारभूत तहका शिक्षकहरूको क्षमता विकासका लागि मागमा आधारित तालिम तथा पेशागत विकास कार्यक्रम सञ्चालन गरिनेछ।
१५. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गरिनेछ।
१६. विद्यालयमा नियमित शैक्षिक अनुगमन, सुपरिवेक्षण तथा पेशागत सहयोग प्रणाली सुदृढ गरिनेछ।
१७. सबै विद्यालयमा सुरक्षित खानेपानी, लैङ्गिक तथा अपाङ्गतामैत्री शौचालय र सरसफाइ सुविधा सुनिश्चित गरिनेछ।
१८. बालमैत्री, समावेशी तथा सुरक्षित सिकाइ वातावरण विकास गरिनेछ।
१९. विद्यालय स्वास्थ्य, पोषण तथा मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ।
२०. स्थानीय उत्पादनमा आधारित पौष्टिक तथा स्वस्थकर दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
२१. स्थानीय पाठ्यक्रम विकास गरी प्रभावकारी कार्यान्वयन गरिनेछ।
२२. विद्यालय तथा शैक्षिक निकायहरूको पारदर्शी, नतिजामुखी र जवाफदेही व्यवस्थापन प्रणाली विकास गरिनेछ।
२३. बालबालिकाको प्रारम्भिक पहिचान गरी आवश्यक शैक्षिक तथा मनोसामाजिक सहयोग उपलब्ध गराइनेछ।
२४. विद्यालयस्तरमा विपद् जोखिम न्यूनीकरण तथा प्रतिकार्य योजना तयार गरी कार्यान्वयन गरिनेछ।
२५. विपद्, महामारी तथा आपतकालीन अवस्थामा सिकाइ निरन्तरताका लागि वैकल्पिक शिक्षा प्रणाली विकास तथा कार्यान्वयन गरिनेछ।

### ३.२.६ प्रमुख उपलब्धि तथा नतिजाहरु

### उपलब्धि

१. आधारभूत शिक्षामा सबै वर्ग, समुदाय तथा लक्षित समूहका बालबालिकाको समतामूलक पहुँच, सहभागिता र निरन्तरतामा वृद्धि भएको हुने।
२. आधारभूत तहको खुद तथा कुल भर्नादरमा वृद्धि भई विद्यालय बाहिर रहेका बालबालिकाको संख्या न्यून भएको हुने।
३. विद्यालय तथा शिक्षक दरबन्दीको पुनर्वितरण र समायोजनमार्फत सबै बालबालिकाको शिक्षामा पहुँच सुनिश्चित भएको हुने।
४. विद्यालयहरूमा न्यूनतम मापदण्डअनुसार भौतिक पूर्वाधार तथा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण विकास भएको हुने।
५. बालबालिकाको पठन, लेखन, गणितीय तथा समग्र सिकाइ उपलब्धिमा उल्लेखनीय सुधार भएको हुने।
६. स्थानीय पाठ्यक्रम विकास भई प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
७. राष्ट्रिय पाठ्यक्रम, शिक्षण सिकाइ प्रक्रिया तथा मूल्याङ्कन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
८. प्रविधिमैत्री, बालमैत्री तथा अपाङ्गतामैत्री शिक्षण सिकाइ अभ्यास विस्तार भएको हुने।
९. शिक्षकहरूको पेशागत क्षमता, दक्षता तथा कार्यसम्पादनमा सुधार भएको हुने।
१०. अभिभावक तथा समुदायको विद्यालय शिक्षाप्रतिको सहभागिता र उत्तरदायित्व अभिवृद्धि भएको हुने।
११. विद्यालय व्यवस्थापन, शैक्षिक सुशासन, अनुगमन तथा जवाफदेहितामा सुधार भएको हुने।
१२. विपद्, संकट तथा आपतकालीन अवस्थामा समेत सिकाइ निरन्तरता सुनिश्चित गर्ने प्रणाली विकास भएको हुने।

### प्रमुख नतिजाहरु

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ११०.६५ | १०५ | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १६४.१ | १५० | १३० | १२० | ११० | १००. |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | १४०.५५ | १२० | ११० | १००. | १००. | १००. |
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | १७०.४ | १५० | १४० | १३० | ११० | १००. |
| ५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | ७८.१० | ८५ | ९० | ९५ | १०० | १०० |
| ६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | ७३.७३ | ८० | ९० | ९५ | १०० | १०० |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | १२३.८ | ११५ | ११० | १०० | १०० | १०० |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | १४५.३६ | १२० | ११० | १०५ | १०० | १०० |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ६५.३ | ७० | ८० | ९० | १०० | १०० |
| १० | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर(%) | ५८.९ | ६० | ७० | ८० | ९० | १०० |
| ११ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक* | ०.९३ | ०.९५ | १ | १ | १ | १. |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
| १ | शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्वयंसेवक शिक्षकको व्यवस्था | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | सघन भर्ना कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | अभिभावक शिक्षा संञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सामग्रीहरु जस्तैं ड्रेस झोला स्टेशनरीको सहयोग | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | | | | | | | | |
| ७ | न्यूनत्तम सिकाइ वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय सहयोग कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ८ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | संख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ९ | छापमय कक्षाकोठा व्यवस्थापन | संख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शिक्षकको क्षमता विकास तालिम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ११ | एकिकृत पाठ्यक्रम तथा मूल्यांकन सम्बन्धी प्रवोधीकरण कार्यक्रम र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| १२ | विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ तथा प्रधानाध्यापकको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने। | पटक | ० | १ | ० | १ | ० | १ | २ | |
| १३ | सिकाइ सुधारका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा संञ्चालन | संख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | १९५ | ३८० | |
| १४ | विद्यालयमा सिकाइ मेला तथा प्रतियोगिता सञ्चालन | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १५ | विद्यालय स्तरीय तथा पालिका स्तरीय पढाइ प्रतियोगिता पढाइ उत्सब सहित शैक्षिक प्रदशनी मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | एक वडा एक नमुना आधारभूत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि वृद्धिका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९ | शिक्षकले कक्षाकोठामा विताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | विद्यालय | ३३ | ३३ | ३३ | ३३ | ३३ | १६५ | ३३० | |
| २० | घुम्ति शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २१ | कक्षा ५ सम्म खाजा कार्यक्रमको व्यवस्थापन | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | १५० | ३०० | |
| २२ | बर्षको २ पटक बाबालिकाहरुको स्वास्थ्य नजिकको स्वास्थ्य चौकिबाट स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३ | बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सीमितता पहिचानको लागि तालिम प्रदान गरी प्रारम्भिक पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | छात्राहरुलाई सेनिटरी प्याडको खरिद र वितरण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| | | | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको देखिन्छ भने अर्कोतिर संघ प्रदेश र स्थानीय सरकारको साझा अधिकार भित्र पनि राखेको छ।

संविधानमा उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सुचिका आधारमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश गरेको छ। शिक्षा ऐन, २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा राखेको छ। अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्मिक तहमा परम्परागत प्राबिधिक र साधारण धारको शिक्षा छनोट गर्ने अबसर प्रदान गर्नुपर्छ। यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त, सीपमूलक र व्यावहारिक बनाउनुपर्छ। आधारभूत तहमा विद्यार्थीले हासिल गरेका भाषिक र गणितीय सीपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लक्ष्य लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा बिभिन्न किसिमका प्राविधिक र व्यवसायिक सीप हासिल गरेर भबिष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ।

माध्यमिक तहमा साधारण, परम्परागत र प्राविधिक धारमा शिक्षा कार्यक्रम सञ्चालनमा छन्। कक्षा ११ र १२ मा धार को विकल्पहरू सहित एकल पथीय पाठ्यक्रम लागू गरिएको छ। कक्षा १२ पछि उच्च शिक्षामा प्रवेश गर्न वा कामको संसारमा जान मार्ग प्रशस्त हुने व्यवस्था छ। अर्को तिर श्रम बजारको माग अनुसार आधारभूत तथा मध्यम स्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक तथा व्यावसायिक शिक्षाको समेत व्यवस्था गरिएको छ। शिक्षा नीति, २०७६ ले माध्यमिक तहमा प्राविधिक धारलाई विशेष जोड दिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको माध्यमिक शिक्षामा पहुँचका सम्बन्धमा यकिन तथ्याङ्क पाउन नसके पनि बञ्चितिमा परेकाहरूको माध्यमिक शिक्षामा पहुँच कम छ। संविधानले माध्यमिक शिक्षालाई निःशुल्क भने पनि यसलाई पूर्णनिःशुल्क बनाउन सकिएको छैन।

माध्यमिक तह कक्षा १०/एसईईमा र कक्षा ११र १२ का परीक्षाका नतिजाले ठूलो सङ्ख्यामा विद्यार्थीहरू न्यूनतम सिकाइ उपलब्धि पनि हासिल गर्न नसकेको कारण उच्च शिक्षाबाट समेत बञ्चित छन्। माध्यमिक शिक्षालाई जीवनोपयोगी सिपसँग पनि प्रत्यक्षरूपले जोड्ने कार्यलाई थप प्रभावकारी बनाई प्राप्त शिक्षा उपयोग गरी जीविको पार्जनलाई सहयोग गर्नु आवश्यक छ। शिक्षकलाई नयाँ ज्ञान, सिप र प्रविधिमा अध्यावधिक गराई सिकाइ सुधार गर्नु पर्नेछ। सूचना तथा सञ्चार प्रविधिलाई गुणस्तरीय शिक्षा प्राप्तिको साधनको रूपमा उपयोग गर्ने कार्यमा विस्तार गर्नुछ। विगत लामो समय देखिनै क्षमता विकासलाई गुणस्तरीय शिक्षाको मुख्य आधारका रूपमा व्याख्या गरिदै आएको छ भने शैक्षिक संस्था भित्र सिकाइ संस्कार विकासगर्नु पर्छ भनेर बहस र पैरवी समेत हुँदै आएको छ।कर्मचारीका लागि तालिम तथा अध्ययन भ्रमण, शिक्षकलाई पेसागत तालिम र अध्ययनको अवसर, प्रधानाध्यापकका लागि नेतृत्व विकास तालिम जस्ता पक्षमा काम पनि भइरहेका छन्।

शिक्षकको अभाव हटाउन अङ्ग्रेजी, गणित, बिज्ञान विषयमा शिक्षक कम भएका विद्यालयका लागि शिक्षण सहयोग अनुदान दिइँदै आएको छ भने यसलाई आवश्यकतानुसार दरबन्दीमा रुपान्तरण गर्नुपर्ने देखिन्छ। गुणस्तरमा सहयोग पुर्याउन भौतिक सुविधाहरूको विकास र वितरण गरिएकोछ। इन्टरनेटको पहुँचमा प्रगति भएको छ। शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, स्तरीय पाठ्यक्रम, स्तरीय परीक्षा प्रणाली, जीवनोपयोगी सिपसँग गुणस्तरलाई जोड्ने काममा भने थप सुधार आवश्यक देखिएको छ।

गौर नगरपालिका भित्र हाल कक्षा १-१२ सञ्चालित ५ वटा, कक्षा ११-१२ संचालित विद्यालय १ वटा र कक्षा १-१० सञ्चालित ४ वटा गरी जम्मा १० वटा माध्यमिक तहको विद्यालयहरु रहेको छन्। शैक्षिक सत्र २०८० को तथ्यांक अनुसार माध्यमिक तहमा जम्मा ३२९९ जना बालबालिकाहरु अध्यायनरत छन्।

**कक्षा ९-१२ को विद्यार्थी संख्या**

| सामुदायिक | | | संस्थागत | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|
| छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ७७४ | १११४ | १८८८ | २७४ | ३७१ | ६४५ | १०४८ | १४८५ | २५३३ |

**तहगत शिक्षक विवरण**

| तहगत शिक्षक | ९-१० कक्षा | | | ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|
| | महिला | पूरुष | जम्मा | महिला | पूरुष | जम्मा |
| सबै प्रकारका सामुदायिक विद्यालयमा तहगत जम्मा शिक्षक सङ्ख्या | ४ | १७ | २१ | ० | ३ | ३ |
| सबै प्रकारका सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीमा कार्यरत तहगत जम्मा शिक्षक सङ्ख्या | ४ | १७ | २१ | ० | ३ | ३ |
| सामुदायिक विद्यालयमा कार्यरत प्रशिक/शिक्षक सङ्ख्या (कक्षा ९-१२) | - | - | - | - | - | |
| पालिका द्वरा सामुदायिक बिद्यालयहरूमा नियुक्त गरिएका तहगत कार्यरत शिक्षक सङ्ख्या | ३ | १२ | १५ | ० | ० | ० |
| तालिम TPD लिएको शिक्षक संख्या | सूचना प्राप्त हुन नसकेको | | | | | |

माध्यामिक तहको सूचकहरु

| क्षेत्रहरु | शैक्षिक सत्र २०८० |
|---|---|
| माध्यमिक विद्यालयको संख्या सामुदायिक | ४ |
| माध्यमिक विद्यालयको संख्या संस्थागत | ६ |
| कक्षा ११-१२ संचालित विद्यालय | १ |
| कक्षा९-१२ को सामुदायिक विदयालयको विद्यार्थी संख्या | १८८८ |
| माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ४८.८ |
| माध्यमिकतह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | ८१.०९ |
| माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ५२.८० |
| माध्यमिकतह (कक्षा ११-१२) मा कुल भर्ना दर* (%) | १९.८ |
| माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ३३.८ |
| माध्यमिकतह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ६६.४ |
| कक्षा १० सम्मको टिकाउ दर | ५८.७ |
| माध्यमिकतहको आन्तरिक सक्षमता | ५६.३ |

### ३.३.३ समस्या तथा चुनौतिहरु

१. माध्यमिक तहसम्म सबै बालबालिकाको पहुँच तथा सही उमेरमा भर्ना सुनिश्चित हुन नसक्नु।
२. माध्यमिक तह र कक्षा ११को खुद भर्नादर न्यून रहनु। १२–
३. माध्यमिक तहमा टिकाउ दर तथा आन्तरिक सक्षमता अपेक्षित स्तरमा नहुनु।
४. विद्यालय छोड्ने दर उच्च रहनु तथा विद्यार्थीलाई विद्यालयमा टिकाइ राख्न चुनौती हुनु।
५. विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी तथा विषयगत शिक्षकको अभाव हुनु।
६. विद्यार्थीको नियमित उपस्थिति सुनिश्चित गर्न कठिनाइ हुनु।

७. विद्यालय भौतिक निर्माण राष्ट्रिय मापदण्डअनुसार पुस्तकालय, विज्ञान प्रयोगशाला, ICT ल्याब लगायतका पूर्वाधारको प्रभावकारी व्यवस्थापन र उपयोग हुन नसक्नु।
८. सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधार तथा गुणस्तरीय सिकाइ वातावरणको अभाव हुनु।
९. शैक्षिक सामग्रीको पर्याप्त व्यवस्था तथा प्रभावकारी उपयोग हुन नसक्नु।
१०. पाठ्यक्रम, शिक्षण विधि, सिकाइ सहजीकरण तथा मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमजोरी हुनु।
११. विद्यार्थीको सिकाइ उपलब्धि तथा शैक्षिक नतिजा अपेक्षित स्तरमा नपुग्नु।
१२. शिक्षकको पेशागत विकास, तालिम तथा निरन्तर पेशागत सहयोगको आवश्यकता रहनु।
१३. अभिभावकको बालबालिकाको सिकाइप्रतिको सहभागिता, चासो र उत्तरदायित्व अपेक्षित स्तरमा नहुनु।
१४. विद्यालयमा प्रोत्साहन, पुरस्कार तथा कार्यसम्पादनमा आधारित उत्तरदायित्व प्रणाली कमजोर हुनु।
१५. विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन शिक्षासम्बन्धी प्रतिकार्य योजना निर्माण र कार्यान्वयन प्रभावकारी हुन नसक्नु।
१६. प्रविधिमैत्री, सीपमूलक तथा रोजगारमुखी शिक्षाको विस्तार र प्रभावकारी कार्यान्वयनमा चुनौती रहनु।

### ३.३.४ उद्देश्यहरु

१. माध्यमिक तहमा सबै बालबालिकाको समतामूलक पहुँच, सहभागिता र भर्नादरमा वृद्धि गर्ने।
२. माध्यमिक विद्यालयहरूको भौतिक पूर्वाधारलाई राष्ट्रिय मापदण्ड, २०८० अनुरूप विकास तथा सुदृढीकरण गर्ने।
३. शिक्षकहरूको पेशागत क्षमता, दक्षता तथा विषयगत योग्यतामा अभिवृद्धि गर्ने।
४. माध्यमिक तहका विद्यार्थीहरूको सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्ने।
५. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच र सहभागिता विस्तार गर्ने।
६. माध्यमिक तहको शैक्षिक वातावरणलाई बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउने।
७. माध्यमिक तहमा विद्यार्थीको टिकाउ दर तथा तह पूरा गर्ने दरमा वृद्धि गर्ने।
८. विद्यालय व्यवस्थापन, नेतृत्व, सुशासन तथा विद्यार्थी सिकाइप्रतिको उत्तरदायित्व सुदृढ गर्ने।
९. सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणालीको विकास तथा विस्तार गर्ने।
१०. विपद्, संकट तथा आपतकालीन अवस्थामा समेत शिक्षाको निरन्तरता सुनिश्चित गर्ने।

### ३.३.५ रणनीतिहरु

१. हरेक शैक्षिक सत्रको प्रारम्भमा घरदैलो अभियान सञ्चालन गरी विद्यालय बाहिर रहेका तथा जोखिममा रहेका बालबालिकाको पहिचान र भर्ना सुनिश्चित गरिनेछ।
२. विद्यालय जान नसकेका, भर्ना हुन नसकेका तथा सिमान्तकृत समुदायका बालबालिकाका लागि लक्षित शैक्षिक सहयोग, छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।
३. अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गरी बालबालिकाको सिकाइप्रति अभिभावकको सहभागिता र उत्तरदायित्व अभिवृद्धि गरिनेछ।
४. विषयगत शिक्षकको अभाव भएका विद्यालयमा आवश्यकताअनुसार शिक्षक व्यवस्थापन तथा स्वयंसेवक शिक्षक परिचालन गरिनेछ।
५. माध्यमिक तहका शिक्षकहरूको पेशागत क्षमता विकासका लागि नियमित तालिम, कार्यशाला तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।
६. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थीको पहुँच वृद्धि गर्न छात्रवृत्ति, प्रोत्साहन तथा रोजगारीसँगको सम्बन्ध विस्तार गरिनेछ।
७. बालमैत्री, समावेशी, क्रियाकलापमा आधारित तथा प्रविधिमैत्री शिक्षण सिकाइ पद्धतिलाई प्रवर्द्धन गरिनेछ।
८. शिक्षण सुधार योजना )TIP) कार्यान्वयन गरी सिकाइ उपलब्धिमा सुधार गरिनेछ।
९. स्थानीय स्रोत तथा न्यून लागतमा आधारित शैक्षिक सामग्रीको विकास र प्रयोगलाई प्रोत्साहन गरिनेछ।
१०. शिक्षकले पाठ्यक्रम, शिक्षक निर्देशिका तथा आधुनिक शिक्षण प्रविधिको प्रभावकारी प्रयोग सुनिश्चित गरिनेछ।
११. सिकाइ उपलब्धि कमजोर भएका विद्यार्थीका लागि उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ।
१२. बालक्लब तथा विद्यार्थी नेतृत्व विकास कार्यक्रममार्फत शैक्षिक, सामाजिक तथा जीवनोपयोगी सीप विकास गरिनेछ।
१३. परियोजना कार्य, प्रयोगात्मक सिकाइ तथा अनुसन्धानमा आधारित शिक्षणलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
१४. विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्याबको स्थापना, सुदृढीकरण र प्रभावकारी उपयोग सुनिश्चित गरिनेछ।

१५. आवश्यकता अनुसार छात्रावास तथा अन्य सहयोगी सुविधाको विकास गरी दुर्गम तथा विपन्न विद्यार्थीको पहुँच बढाइनेछ।
१६. छनोट गरिएका विद्यालयलाई नमुना विद्यालयका रूपमा विकास गरी असल अभ्यासको विस्तार गरिनेछ।
१७. विद्यालयमा सुरक्षित, समावेशी, बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माण गरिनेछ।
१८. विद्यालय सुधार योजना, विद्यालय सुरक्षा योजना, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।
१९. विपद्, महामारी तथा आपतकालीन अवस्थामा समेत शिक्षाको निरन्तरता सुनिश्चित गर्न वैकल्पिक सिकाइ प्रणाली विकास गरिनेछ।

### ३.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरु

**उपलब्धि**

१. माध्यमिक शिक्षाको पहुँच, सहभागिता तथा गुणस्तरमा उल्लेखनीय सुधार भएको हुने।
२. निःशुल्क माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित भई खुद भर्नादर, टिकाउ दर तथा तह पूरा गर्ने दरमा वृद्धि भएको हुने।
३. विद्यालय छोड्ने तथा कक्षा दोहोर्‍याउने दरमा कमी आएको हुने।
४. सबै माध्यमिक विद्यालयहरूले न्यूनतम आधारभूत तथा राष्ट्रिय मापदण्ड, २०८० अनुसारका पूर्वाधार तथा सुविधा पूरा गरेका हुने।
५. शिक्षक पेशागत विकास प्रारूप, २०८० बमोजिम शिक्षकहरूको क्षमता अभिवृद्धि भई कक्षाकोठा शिक्षण प्रभावकारी भएको हुने।
६. माध्यमिक तहमा विषयगत तथा आवश्यक शिक्षकको व्यवस्थापन सुनिश्चित भएको हुने।
७. माध्यमिक तहका विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने।
८. शिक्षण सिकाइ प्रक्रिया प्रविधिमैत्री, बालमैत्री, समावेशी तथा सिकाइमैत्री बनेको हुने।
९. विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्याबको प्रभावकारी उपयोग भएको हुने।
१०. प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच, सहभागिता तथा गुणस्तरमा वृद्धि भएको हुने।
११. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास भई गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन सुदृढ भएको हुने।
१२. विद्यालयको भौतिक पूर्वाधार राष्ट्रिय मापदण्डअनुसार सुदृढ तथा व्यवस्थित भएको हुने।
१३. विद्यालयहरूमा सुरक्षित, समावेशी, लैङ्गिकमैत्री तथा भयमुक्त सिकाइ वातावरण सुनिश्चित भएको हुने।
१४. विद्यालय अनुगमन, सुपरिवेक्षण तथा नतिजामूलक व्यवस्थापन प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
१५. विद्यार्थीहरूको प्रतिभा, नेतृत्व तथा जीवनोपयोगी सीप विकासका लागि अतिरिक्त क्रियाकलापहरू नियमित रूपमा सञ्चालन भएको हुने।
१६. विद्यालयमा गुनासो सुनुवाइ संयन्त्र तथा बाल संरक्षण प्रणाली प्रभावकारी रूपमा कार्यान्वयन भएको हुने।
१७. विद्यालयमा लैङ्गिक समानता तथा विपद् जोखिम न्यूनीकरणका लागि सम्पर्क शिक्षक प्रणाली सक्रिय भएको हुने।
१८. विपद्, संकट तथा आपतकालीन अवस्थामा पनि शिक्षाको निरन्तरता सुनिश्चित गर्ने प्रणाली विकास भएको हुने।
१९. छनोट गरिएका माध्यमिक विद्यालयहरू नमुना विद्यालयका रूपमा विकास भई अन्य विद्यालयलाई शैक्षिक सहयोग तथा मार्गदर्शन प्रदान गरिरहेका हुने।

**नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | ४८.८ | ५० | ६० | ७५ | ८० | १०० |
| २ | माध्यमिकतह (कक्षा ९-१०) मा कुल भर्ना दर* (%) | ८१.०९ | ८५ | ९० | ९५ | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | ५२.८० | ६० | ७० | ८० | ९०० | १०० |
| ४ | माध्यमिकतह (कक्षा ११-१२) मा कुल भर्ना दर* (%) | १९.८ | २५ | ३५ | ४५ | ५० | ६० |
| ५ | माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | ३३.८ | ३५ | ४५ | ५५ | ७० | ८० |
| ६ | माध्यमिकतह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | ६६.४ | ७५ | ८५ | ९० | ९५ | १०० |
| ७ | कक्षा १० सम्मको टिकाउ दर | ५८.७ | ६० | ६५ | ७० | ७५ | १०० |
| ८ | माध्यामिक सम्मको आन्तरिक सक्षमता | ५६.३ | ६० | ६५ | ७० | ७५ | ८० |

### ३.३.७ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | १ |
| २ | स्वयंसेवक शिक्षक व्यवस्थापन | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० | २ |
| ३ | सघन भर्ना तथा पुनःभर्ना अभियान सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | ३ |
| ४ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | ४ |
| ५ | विपन्न, दलित, जनजाति तथा अपाङ्गता भएका बालबालिकालाई शैक्षिक सामग्री सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | ५ |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ | ६ |
| ७ | विद्यालय सुधार योजनामा आधारित सिकाइ वातावरण सुधार कार्यक्रम | विद्यालय | १ | २ | २ | २ | २ | ९ | १८ | ७ |
| ८ | शैक्षिक सामग्री विकास, वितरण तथा व्यवस्थापन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | ८ |
| ९ | पुस्तकालय, विज्ञान प्रयोगशाला तथा ICT ल्याब सुदृढीकरण | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | ९ |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) १ | २ | ३ | ४ | ५ | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १० | शिक्षक क्षमता विकास तथा पेशागत तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | १० |
| ११ | नयाँ पाठ्यक्रम तथा मूल्याङ्कन प्रणाली सम्बन्धी अभिमुखीकरण | पटक | १ | ० | ० | ० | ० | १ | २ | ११ |
| १२ | उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | १२ |
| १३ | नमुना माध्यमिक विद्यालय विकास कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | १३ |
| १४ | उत्कृष्ट शिक्षक तथा विद्यालय सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | १४ |
| १५ | शैक्षिक सुशासन, सिकाइ उपलब्धि समीक्षा तथा गुनासो सुनुवाइ व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | १५ |
| १६ | शिक्षकको कक्षाकोठा समय व्यवस्थापन तथा शैक्षिक अनुगमन | विद्यालय | १० | १० | १० | १० | १० | ५० | १०० | १६ |
| १७ | घुम्ती शिक्षक बैठक तथा पेशागत सिकाइ समूह सञ्चालन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | १७ |
| १८ | विद्यार्थी स्वास्थ्य परीक्षण कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० | २० | १८ |
| १९ | अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाको प्रारम्भिक पहिचान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | १९ |
| २० | छात्राहरूलाई सेनिटरी प्याड वितरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | २० |
| २१ | पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन | पटक | ० | १ | ० | १ | ० | २ | ४ | २१ |
| २२ | किशोरकिशोरी स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | २२ |
| २३ | बाल क्लब, स्काउट तथा जुनियर रेडक्रस गठन र परिचालन | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | २३ |
| २४ | अतिरिक्त क्रियाकलाप, प्रतिभा प्रस्फुटन तथा नेतृत्व विकास कार्यक्रम | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | ४० | ८० | २४ |
| २५ | विद्यालय सुरक्षा, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण र कार्यान्वयन | विद्यालय | ३ | ३ | ३ | ४ | ४ | १७ | ३४ | २५ |
| २६ | प्राविधिक तथा व्यावसायिक शिक्षामा छात्रवृत्ति तथा प्रोत्साहन कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| २७ | विद्यालयमा गुनासो सुनुवाइ तथा बाल संरक्षण संयन्त्र स्थापना | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |
| २८ | विद्यालयलाई प्रविधिमैत्री बनाउने (डिजिटल कक्षा, इन्टरनेट, स्मार्ट शिक्षण) | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |

| क्र.स. | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २९ | विद्यालयस्तरीय विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन शिक्षा कार्यक्रम | विद्यालय | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३० | विद्यालय नेतृत्व तथा व्यवस्थापन क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

### ३.४ उच्चशिक्षा

#### ३.४.१ परिचय

उच्च शिक्षालाई कुनै पनि राष्ट्रको मेरुदण्डका रूपमा लिन सकिन्छ। कुनै पनि देशको समृद्धि र विकासमा शिक्षाको महत्वपूर्ण योगदान रहने भएकाले माध्यमिक तह पूरा गरेपछि विद्यार्थीहरू उच्च शिक्षा हासिल गर्न अग्रसर हुन्छन्। समाज र राष्ट्रलाई आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न उच्च शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ । विशेषगरी, यो शिक्षाले विद्यार्थीहरूलाई विशिष्टीकृत ज्ञान, सीप र दक्षता प्रदान गर्ने भएकाले उनीहरू आफ्नो इच्छाअनुसार कुनै पनि क्षेत्रको विशेषज्ञ बन्न सक्छन् । यसरी, उच्च शिक्षाको विकासले देशको समग्र उन्नति र समाजको हितमा महत्वपूर्ण योगदान पुऱ्याउने आशा गर्न सकिन्छ ।

#### ३.४.२ वर्तमान अवस्था

हाल गौर गरपालिकामा उच्च शिक्षाको अवस्था सन्तोषजन्क रहेको छ । नगरपालिका भित्र संचालित ३ वटा क्याम्पस जसमा निजिबाट संचालित गौरी शकर रहेको छ भने सामुदायिकमा जुद्ध कलेज र पण्डित मंगल प्रसाद रहेको छ । यहाँका विद्यार्थीहरुको लागि स्नातकोतरसम्मको शिक्षा लिनेअवसरहरु यस पालिकामा रहेका छन्। स्नातकोतरसम्मको शिक्षा दिने शैक्षिक संस्थाहरु भए पनि आफ्नो इच्छा अनुसारको विषय अध्ययन गर्न कठिनाइ भोग्नुपरेको छ । दक्ष जनशक्ति उत्पादन गर्न, सामाजिक रुपान्तरण गर्न, तथा शैक्षिक, आर्थिक र औद्योगिक विकासलाई गति दिन उच्च शिक्षाको महत्वपूर्ण भूमिका रहेकाले यस क्षेत्रमा थप उच्च शिक्षा संस्थाहरूको आवश्यकता देखिन्छ ।

#### ३.४.३ समस्या तथा चुनौतीहरु:

१. क्याम्पसको स्थायित्व र सुदृढीकरण गर्न।
२. स्नातकोत्तर तहको क्याम्पसको सम्वन्धन र अनुमति लिन।
३. भौतिक पूर्वाधार विकास गर्न ।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन।
५. जनशक्ति व्यवस्थापन गर्न।

#### ३.४.४. उद्देश्य

१. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने ।
२. स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने ।

#### ३.४.५ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक आवश्यकता पुरा गर्ने।
२. यस पालिकामा स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालयमा पहल गर्ने।
३. क्याम्पसको सुदृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने।

#### ३.४.६ प्रमुख उपलब्धि र नतिजा

**उपलव्धी**

१. सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**नतिजा**

### ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्नातकोतर सम्मको क्याम्पस सम्बन्धन | पटक | | | १ | | | १ | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | १ | | | १ | १ | नगरपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | | | | | १ | १ | १ | संघ /प्रदेश / नगरपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | १ | | | १ | १ | नगरपालिका |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

डिप्लोमा स्तरको प्राविधिक तथा व्यावसायिक शिक्षा १६ वर्षभन्दा माथि उमेर समूहका विद्यार्थीहरूका लागि लक्षित गरिन्छ। यो शिक्षा प्रणालीले विद्यार्थीहरूलाई विशेष सीप, ज्ञान र दक्षता प्रदान गरी रोजगारको अवसर सिर्जना गर्न मद्दत गर्दछ। डिप्लोमा तहका कार्यक्रमहरू इन्जिनियरिङ, कृषि, स्वास्थ्य, सूचना प्रविधि, पर्यटन, व्यवस्थापन लगायतका क्षेत्रमा प्रदान गरिन्छन्। डिप्लोमा तहको प्राविधिक शिक्षाले विशेष गरी व्यवहारिक ज्ञानमा जोड दिने भएकाले विद्यार्थीहरू प्रत्यक्ष रूपमा श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम बन्छन्। लैंगिक समानता र दुर्गम क्षेत्रका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्न छात्रवृत्ति, आवासीय सुविधाहरू, तथा विशेष आवश्यकताका लागि अतिरिक्त सहयोगका कार्यक्रमहरू संचालन गरिनु आवश्यक छ।

### ३.५.२ वर्तमान अवस्था

हाल गौर नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवस्था सुधारोन्मुख देखिन्छ। यस नगरपालिकामा हाल सामुदायिक बिद्यालय तर्फको प्राविधिक शिक्षा जुद्ध मावी मा रहेको छ भने निजिवाट संचालित ICT र चिकत्सा सम्वन्धी डिपलोमा तहको संस्थाहरु रहेका छन्। त्यसतै यो नगरपालिकामा CTEVT बाट संचालित डिपलोमा तहका कार्यक्रमहरु संचालित रहेको छ। जसले यस गौर नरपालिकालाई १ वटा कोटा उपल्बध शशुल्क उपलब्ध गराएको छ। नगरपालिकाले प्राविधिक शिक्षाको पहुँचलाई विस्तार गर्दै विविध व्यावसायिक तथा सीपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने गरेको छ, जसले यहाँका युवाहरूलाई दक्ष जनशक्ति बन्न र स्थानीय स्तरमै रोजगारीको अवसर प्राप्त गर्न सहयोग हुनेछ। अर्को तर्फ राष्ट्रिय योगता प्रारुप **(National Qualification Framework-NQF)** लागु हुन सकेको छैन्।

### ३.५.३ समस्या तथा चुनौतीहरु

१. डिपलोमा भन्दा माथिलो तहसम्मको प्राविधिक शिक्षा प्रदान गर्न नसक्नु ।
२. प्राविधिक विषय अनुसारको ईन्टर्नसिप प्रदान अभ्यास पूर्ण रुपले ,प्रदान गर्न नसक्नु।
३. व्यवस्थापन र अवासको समस्या हुनु।

### ३.५.४ उदेश्य

१. नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रवर्द्धन गरी दक्ष जनशक्ति उत्पादन गर्ने।
२. विद्यार्थीहरूलाई श्रम बजारका लागि योग्य बनाई स्व-रोजगारीको अवसर सिर्जना गर्ने।
३. आर्थिक रूपमा कमजोर तथा विशेष आवश्यकता भएका विद्यार्थीहरूको पहुँच सुनिश्चित गर्ने।
४. छात्रवृत्ति, आवासीय सुविधा तथा आधुनिक प्रयोगशालासहितको पूर्वाधार निर्माणमा ध्यान दिने।
५. संघीय, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा नीति तथा कार्यक्रमहरू लागू गर्ने।
६. राष्ट्रिय योगता प्रारुप (National Qualification Framework-NQF) लागु गरि सिप र योगता प्रमाणित गर्ने।

### ३.५.५. रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको बिकास र बिस्तार गर्ने ।
२. गुणस्तर,पहुच,र सहाभागीतामा वृद्धि गर्ने ।
३. सिप मुलक तालिमको बिस्तार गरि संघीय, प्रदेश तथा स्थानीय सरकारको समन्वयमा नीति तथा कार्यक्रमहरू लागू गर्ने।
४. राष्ट्रिय योगता प्रारुप (National Qualification Framework-NQF) लागु गरि सीपलाई प्रमाणिकरण गर्ने ।

### ३.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. नगरपालिकाभित्रै प्राविधिक तथा व्यावसायिक शिक्षाको लागी १ वटा प्राविधिक विद्यालयको स्थापना गरि सवैको प्राविधिक शिक्षामा पहुँच विस्तार भएको हुनेछ ।
२. दक्ष जनशक्ति उत्पादन भई स्थानीय तथा राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी भई उच्च क्षमता प्रस्तुत गरिरहेको हुने छ ।
३. विद्यार्थीहरू स्व-रोजगारी तथा उद्यमशीलतामा लाग्न सक्षम बन्नेछन् ।
४. आर्थिक रूपमा कमजोर तथा दुर्गम क्षेत्रका विद्यार्थीहरूले प्राविधिक शिक्षा प्राप्त गर्न सहज हुनेछ ।
५. छात्रवृत्ति, आवासीय सुविधा तथा आवश्यक पूर्वाधारको विकासले शिक्षाको गुणस्तर वृद्धि हुनेछ ।
६. नगरपालिकाको औद्योगिक, सामाजिक तथा आर्थिक विकासमा योगदान पुग्नेछ ।
७. प्रविधि, ज्ञान र सीपको प्रयोगद्वारा समाजमा सकारात्मक परिवर्तन आउनेछ ।
८. स्थानिय स्तरमा सीप परिक्षण पशचात तथा प्रमाणिकरण भएको हुने ।

**नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको क्षमता अभिवृद्धी हुने ।
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको बिकास हुने ।
३. स्थानिय स्तरमा नै सीप परिक्षण र प्रमाणिकरण कार्यमा सवैको पहुँच हुने ।

### ३.५.७ प्रमुख त्रियाकलाप तथा लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (वर्ष ५) | | | | | | भौतिक लक्ष्य (वर्ष १०) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा प्रदायक संस्थाको प्रभावकारी व्यवस्थापन | निरन्तर | | | | | | | | |
| २ | सिप मुलक तालिम | संख्या | | १ | | १ | | २ | ५ | |
| ३ | पूर्वाधार निर्माण | संख्या | | | १ | १ | १ | ३ | ५ | |
| ४ | समन्वय र सहकार्य | निरन्तर | | | | | | | | |

## ३.६.अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.६.१ परिचय

औपचारिकशिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाकोप्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिकशिक्षा एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्यबनाई सेवा प्रदान गर्दछ ।निरक्षरका लागि साक्षरता, साक्षरकालागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दैशिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

साक्षरता तथा निरन्तर शिक्षाकार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि स्थानीय सरकारहरूसँग सहकार्य गर्ने अनौपचारिक शिक्षा र औपचारिकशिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरणगर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फतसाक्षरता स्वयम् सेवक परिचालनगर्ने नीति लिएको छ।

निरक्षरजनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो ।अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ। जसलाईसार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणाकार्यान्वयनमा आएको छ । तर एकातिर संचालनमा रहेकासिकाई केन्द्रको व्यवस्थापन प्रभावकारी ढंगले हुन सकिरहेको छैन भने साक्षर भएकाहरुपनिनिरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेकोदेखिन्छ।

राज्यलेकाम दिन नसक्दा र सामुदायिक सिकाइ केन्द्रले काम खोज्न नसक्ने कारणले गर्दा कतिपय सामुदायिकसिकाइ केन्द्रहरु बन्द हुने अवस्थामा छन्। दक्षिण कोरियाको इन्चोनमा भएको विश्व शिक्षामञ्चको घोषणाअनुसार जीवनपर्यन्त सिकाइको अवसर प्रवर्धन गर्ने विषयमा नेपालले प्रतिबद्धताजाहेर गरेको छ। तसर्थ साक्षर, नवसाक्षर र कक्षा ५ पूरा नगरेका नागरिकहरुका लागि जीवनपर्यन्तशिक्षाको अवसर उपलब्ध गराउनुपर्ने दायित्व राज्यमा रहेको छ।

### ३.६.२ वर्तमान अवस्था

अनौपचारिक तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका रहेको छ। नेपालमा अनौपचारिक शिक्षा विकासमा धेरै प्रयासहरू भईरहेको छ। विशेष गरी विद्यालय क्षेत्र विकास कार्यक्रम (SSDP) कार्यान्वयन अवधिमा अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइअन्तर्गत निरन्तर शिक्षा तथा साक्षरता कार्यक्रमहरूमा पहुँचको वृद्धि भएको र साक्षरता तथा जीवनपर्यन्त सिकाइ कार्यक्रममा सुधार हुने नतिजाको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिष्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ।

जनगणना २०७८ अनुसार गौर नगरपालिकाको साक्षरता दर ६९.५ रहेको छ भने पुरुषको ७७.१ र महिलाको ६१.४ रहेको छ। शैक्षिक अध्ययनको विषयको विश्लेषण गर्दा यहाँ उच्च शिक्षा पढ्ने मध्ये सबै भन्दा धेरै ३४.४ प्रतिशत व्यवस्थापन विषय अध्ययन गर्ने गरेको देखिन्छ भने त्यस पश्चात शिक्षाशास्त्र २७.५ प्रतिशत तथा क्रमश विज्ञान तथा प्रविधि २०.३ प्रतिशत मानविकी तथा समाजशास्त्र ६.१ प्रतिशत  र अन्य रहेको छ। यस नगरपालिकाको साक्षरता मध्ये प्राथामिक तहमा ३०.४ प्रतिशत, निम्न माध्यमिक तहमा १९ प्रतिशत, उच्च माध्यमिकमा १६ प्रतिशत अध्ययन गरेको पाइएको छ भने पढ्न लेख्न दुवै नजानेको ३०.४ प्रतिशत मध्ये पुरुष २२.७ प्रतिशत र महिला ३८.५प्रतिशत रहेको छन् । यस नगरपालिकाको साक्षरता मध्येको धेरै जनसंख्याले प्राथामिक तहमात्र अध्ययन गरेको र पढ्न लेख्न दुवै नजानेको जनसंख्या उच्च रहेको पाइएको छ ।  यस नगरपालिकामा २ वटा सिकाइ केन्द्रहरु रहेका छन्। त्यसैगरी यो नगरपालिका साक्षर पालिका घोषणा हुन सकेको छैन। त्यसैले पनि यस पालिकाको प्रमुख काम भनेको निरक्षरलाई साक्षर बनाइ साक्षर पालिका घोषणा गर्नु रहेको छ भने निरन्तर सिकाइलाई पनि जोड दिनु आवश्यक रहेको छ।

### ३.६.३ समस्या तथा चुनौतिहरु

१. राष्ट्रिय योगता प्रारुप लागु गर्न नसक्नु ।
२. सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी व्यवस्थापन, सञ्चालन तथा परिचालन हुन नसक्नु।
३. सामुदायिक सिकाइ केन्द्रहरूमा आवश्यक भौतिक पूर्वाधार, शैक्षिक सामग्री तथा स्रोत साधनको अभाव हुनु।
४. नयाँ सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना तथा दिगो सञ्चालनमा चुनौती रहनु।
५. नगरपालिकाभित्र रहेका निरक्षर नागरिकहरूको यथार्थ तथ्याङ्क सङ्कलन तथा पहिचान गर्न कठिन हुनु।
६. सबै निरक्षर नागरिकलाई साक्षरता कार्यक्रममा सहभागी गराई साक्षर बनाउनु चुनौतीपूर्ण हुनु।
७. साक्षरता तथा निरन्तर सिकाइ कार्यक्रमप्रति समुदायको सहभागिता र स्वामित्व अपेक्षित रूपमा विकास हुन नसक्नु।
८. सामुदायिक सिकाइ केन्द्रहरूलाई साक्षरता, जीवनोपयोगी सीप तथा निरन्तर सिकाइका केन्द्रका रूपमा प्रभावकारी रूपमा परिचालन गर्न नसक्नु।
९. साक्षरता कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशिक्षक तथा दक्ष जनशक्तिको अभाव हुनु।
१०. साक्षरता तथा निरन्तर सिकाइ कार्यक्रमका लागि पर्याप्त वित्तीय स्रोत सुनिश्चित गर्न कठिन हुनु।

११. गैरसरकारी संस्था, सामुदायिक सिकाइ केन्द्र तथा स्थानीय सरकारबीच प्रभावकारी समन्वय र सहकार्यको आवश्यकता रहनु।
१२. डिजिटल तथा प्रविधिमा आधारित साक्षरता कार्यक्रम विस्तार गर्न आवश्यक स्रोत र क्षमता अभाव हुनु।
१३. साक्षरता प्राप्त नागरिकहरूलाई निरन्तर सिकाइ, सीप विकास तथा आयआर्जनसँग जोड्न चुनौती रहनु।
१४. साक्षर पालिका घोषणा पश्चात् साक्षरताको दिगोपना कायम राख्ने तथा जीवनपर्यन्त सिकाइको संस्कृतिको विकास गर्न आवश्यक हुनु।

### ३.६.४ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरु राखेको छः

१. राष्ट्रिय योगता प्रारुप लागु गर्ने ।
२. गौर नगरपलिकालाई साक्षर नगरपालिका घोषणा गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रलाई थप ब्यवस्थित गरी निरन्तर सिकाइ तथा आय आर्जनमा परिचालन गर्नु ।
४. सामुदायिक सिकाइ केन्द्रहरुको विस्तार गर्ने ।
५. निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्नु ।

### ३.६.५ रणनीतिहरु

१. नगरपालिकाभित्र रहेका सबै निरक्षर नागरिकहरूको पहिचान गरी साक्षर बनाउने।
२. साक्षर पालिका घोषणा गरी साक्षरताको दिगोपना सुनिश्चित गर्ने।
३. राष्ट्रिय योगता प्रारुप लागु गरि सीप परिक्षण र प्रमाणिकरण गर्ने ।
४. सामुदायिक सिकाइ केन्द्रहरूको प्रभावकारी व्यवस्थापन, सुदृढीकरण तथा परिचालन गर्ने।
५. सबै नागरिकका लागि निरन्तर सिकाइ तथा जीवनपर्यन्त शिक्षाका अवसरहरू विस्तार गर्ने।
६. साक्षरता, सीप विकास तथा आयआर्जनमूलक कार्यक्रमहरूलाई एकीकृत रूपमा सञ्चालन गर्ने।
७. महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा अन्य सिमान्तकृत समुदायको साक्षरतामा पहुँच र सहभागिता वृद्धि गर्ने।
८. डिजिटल तथा प्रविधिमा आधारित साक्षरता र सिकाइ कार्यक्रमको विस्तार गर्ने।
९. साक्षरता तथा निरन्तर सिकाइ कार्यक्रम सञ्चालनमा सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरूबीच सहकार्य र साझेदारी सुदृढ गर्ने।
१०. सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थानीय ज्ञान, सीप, सूचना तथा सिकाइका केन्द्रका रूपमा विकास गर्ने।

### ३.६.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

१. सिकाइ केन्द्रहरु थप ब्यवस्थित भएको हुनुका साथै साक्षर पालिका घोषणा भएको हुने ।
२. सीप परिक्षण र योगता प्रमाणिकरणमा सवैको पहुँच भएको हुने ।

**प्रमुख नतिजाहरु**

१. साक्षर गौर नगरपालिका घोषणा भएको हुने ।
२. सिकाइ केन्द्रहरु थप ब्यवस्थित भई साक्षरता, निरन्तर सिकाइतथा आयआर्जनका गतिविधिहरुमा क्रियाशिल भएको हुने ।
३. राष्ट्रिय योगता प्रारुपको कार्यविधि तयार भई लागु भएको हुने ।

### ३.६.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमुख क्रियाकलापहरू | इकाई | भौतिकलक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | ० | १ | ० | ० | २ |
| २ | साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | १ | १ | १ | १ | १ | ५ |
| ३ | साक्षरता घोषणा कार्यक्रम | पटक | ० | ० | ० | १ | ० | १ |
| ४ | सामुदायिक सिकाइ केन्द्रको बार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | ५ |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | १ | १ | १ | १ | १ | ५ |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | केन्द्र | २ | ० | २ | ० | २ | ०६ |
| ७ | मा.वि. तहका विद्यार्थीलाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | सँख्या | १० | १० | १० | १० | १० | ५० |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता रआयआर्जन कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ९ | एक निरन्तर सिकाइका लागि सूचनाप्रविधि सहितको अध्ययन केन्द्रकोस्थापना | संख्या | ० | १ | ० | ० | १ | २ |
| १० | नयाँ सामुदायिक सिकाइ केन्द्र स्थापना | वडा | २ | २ | १ | २ | २ | ९ |
| ११ | नगर स्तरिय राष्ट्रिय योगता प्रारुप कार्यविधि तयार र लागु | स्थानिय | १ | १ | ० | ० | ० | ० |

# परिच्छेद:४ अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रका मुख्य उपक्षेत्रहरू जस्तै प्रारम्भिक बाल विकास, आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा, आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन तथा विकास लगायतका विषयहरूको विश्लेषण गरी चुनौतीहरू पहिचान गरिएको छ भने यस परिच्छेद चार मा शिक्षाका अन्तर सम्वन्धित विषय तथा क्षेत्रहरु जस्तै समता तथा समावेशीकरण अभिवृद्धि, विद्यालय स्वास्थ्य, पोषण तथा दिवा खाजा, छात्रवृत्ति, आपतकालीन अवस्था शिक्षा, विद्यालय भौतिक विकास, तथा सूचना प्रविधिको प्रयोगलाई प्राथमिकता साथ हरेक सूचकको व्यख्या विशलेषण गरिएको छ। यसबाट प्राप्त सूचकहरुलाई विद्यालय शिक्षाको वर्तमान अवस्था, आवश्यकताहरू तथा सम्भावित समाधानहरू पहिचान गरी योजनाको उद्देश्य, रणनीति, प्रमुख नतिजा, क्रियाकलाप र लक्ष्यहरू निर्धारण गरिएको छ, जसले शिक्षाको समग्र  शिक्षाको सन्तुलित सुधारमा योगदान पुर्याउनेछ।

## ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षण सिकाइ प्रक्रियाको आधारभूत मार्गदर्शक दस्तावेज हो, जसले विद्यार्थीमा आवश्यक ज्ञान, सीप, मूल्य, धारणा तथा व्यवहारको विकास गर्न दिशा प्रदान गर्दछ। पाठ्यक्रमले के सिकाउने, किन सिकाउने, कसरी सिकाउने र सिकाइको मूल्याङ्कन कसरी गर्ने भन्ने विषयलाई स्पष्ट गर्दछ। यसले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका आवश्यकता, स्थानीय परिवेश तथा विद्यार्थीका सिकाइ आवश्यकतालाई समेटेर शिक्षण सिकाइका लागि आवश्यक अनुभव र अवसरहरूको व्यवस्था गर्दछ। पाठ्यक्रम विकास एक निरन्तर प्रक्रिया हो, जसमा समाज, राष्ट्र तथा व्यक्तिका आवश्यकता र अपेक्षाअनुसार समयानुकूल सुधार तथा परिमार्जन गरिन्छ। नेपालको संघीय संरचनाले स्थानीय तहलाई स्थानीय आवश्यकता, संस्कृति, भाषा, इतिहास, भूगोल, कला, सीप तथा प्रविधिमा आधारित स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ। यस अवसरलाई उपयोग गर्दै स्थानीय तहले स्थानीय पहिचान, मौलिकता र आवश्यकतामा आधारित पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरी कार्यान्वयन गर्न सक्दछ।

पाठ्यक्रम केवल विषयवस्तु निर्धारण गर्ने माध्यम मात्र नभई विद्यार्थीमा अपेक्षित सक्षमता विकास गर्ने, सिकाइ उपलब्धि हासिल गराउने तथा मूल्याङ्कनमार्फत सिकाइको प्रभावकारिता सुनिश्चित गर्ने आधार पनि हो। त्यसैले प्रभावकारी पाठ्यक्रम कार्यान्वयन, निरन्तर मूल्याङ्कन, स्थानीय पाठ्यक्रम विकास तथा सान्दर्भिक शिक्षण सिकाइ प्रक्रियाले गुणस्तरीय शिक्षाको सुनिश्चिततामा महत्वपूर्ण योगदान पुऱ्याउँछ।

### ४.१.२ वर्तमान अवस्था

गौर नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठयक्रम लागू गर्दै आएको सर्वविदितै छ। पाठयक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठयक्रम विकास, सुधार तथा अध्यावधिक गर्ने कार्य केन्द्रद्धारा भईरहेको सन्दर्भमा विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रुपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठयक्रम प्रारुप तयार गरी सोहीअनुसार पाठयक्रम विकास तथा कार्यन्वयन गर्ने परिपाटी सुरु गरयो। यसै क्रममा वि.सं. २०७६ मा नयाँ पाठयक्रम प्रारुप तयार भई सो विद्यालय शिक्षाको राष्ट्रिय पाठयक्रम प्रारुप, २०७६ कार्यन्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठयक्रम विकास गरी वि.सं. २०७७ सालदेखि कक्षा १ र ११ मा कार्यन्वयन सुरु भइ वि.सं. २०८० सम्ममा विद्यालय तहको सबै कक्षाहरु अर्थात् कक्षा १ - १२ मा यो पाठयक्रम कार्यान्वयन भएको छ। त्यसैगरी आधारभूत तहमा स्थानीय पाठ्यक्रम विकास गरी लागु गर्नु पर्ने हुन्छ। सो अनुसार यो नगरपालिकाले पाठ्यक्रम र पाठ्पुस्तक निर्माण गरि लागु गरिरहेको छ।

नयाँ पाठ्यक्रम सँगै आधारभूत तह कक्षा १ देखि ५ कक्षा सम्म निरन्तर शिक्षा छ भने त्यसैगरी ६ कक्षा बाट ८ सम्मको ५० प्रतिशत को आन्तरकि र ५० प्रतिशत रहेको छ भने ८ कक्षा देखि १२ कक्षा सम्म २५ आन्तरिक र ७५ प्रतिशत बाह्य मूल्यांकन प्रणाली लागु रहेको छ। यसैअनुसार नै गौर नगरपालिकाले पनि नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गरेको छ। तर पनि अपेक्षाकृत पाठ्यक्रम र मूल्यांकन प्रणालीको प्रभावकारी रुपमा विद्यालय स्तरमा कार्यन्वयन हुन सकेको छैन। त्यस गरी एकिकृत पाठ्यक्रम पनि लागु हुन सकेका छैन्।

### ४.१.३ समस्या तथा चुनौतिहरु

१. एकीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न चुनौती रहनु।
२. स्थानीय आवश्यकता, वातावरणीय दिगोपना, स्थानीय ज्ञान, सीप तथा सांस्कृतिक पक्ष समेटिएको स्थानीय पाठ्यक्रमको विकास र कार्यान्वयनमा कठिनाइ हुनु।
३. हरित विद्यालय, हरित वडा तथा हरित समुदायको अवधारणालाई पाठ्यक्रममा प्रभावकारी रूपमा समावेश गर्न नसक्नु।
४. वित्तीय साक्षरता, उद्यमशीलता, सञ्चार सीप, जीवनोपयोगी सीप तथा २१औँ शताब्दीका सीपहरूलाई शिक्षण सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा समावेश गर्न चुनौती रहनु।
५. पाठ्यक्रम तथा पाठ्यसामग्री सम्बन्धमा शिक्षक, अभिभावक तथा सरोकारवालाहरूको पर्याप्त अभिमुखीकरण र सचेतना अभाव हुनु।
६. पाठ्यक्रम कार्यान्वयनको नियमित समीक्षा, अनुगमन तथा सुधारका गतिविधिहरू प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु।
७. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेशागत क्षमता, दक्षता तथा प्रविधिमैत्री शिक्षण सीप अभिवृद्धि गर्न आवश्यकता रहनु।
८. विपद्, महामारी तथा संकटको अवस्थामा वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्ने प्रणालीको पर्याप्त विकास हुन नसक्नु।
९. शिक्षक निर्देशिका, स्रोत सामग्री, सन्दर्भ सामग्री तथा विद्यार्थीका सिकाइ सामग्रीको पर्याप्त उपलब्धता सुनिश्चित गर्न कठिनाइ हुनु।
१०. मातृभाषा, स्थानीय भाषा तथा बहुभाषिक शिक्षण अभ्यासलाई आवश्यकता अनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्न चुनौती रहनु।
११. विद्यालयमा आधारित विद्यार्थी सहयोग प्रणाली तथा सिकाइ सहायताको प्रभावकारी विकास र कार्यान्वयन हुन नसक्नु।
१२. सिकाइमा कमजोर विद्यार्थीहरूका लागि सहपाठी सिकाइ समूह तथा सहयोगात्मक सिकाइ प्रणालीलाई संस्थागत गर्न आवश्यकता रहनु।
१३. विद्यार्थीको सिकाइ उपलब्धि र शिक्षकको पेशागत विकासबीच प्रभावकारी सम्बन्ध स्थापित गर्न नसक्नु।
१४. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा पूर्ण रूपमा कार्यान्वयन गर्न चुनौती रहनु।
१५. पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि, मूल्याङ्कन प्रणाली तथा शैक्षिक गुणस्तरका मापदण्डहरू विद्यालय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्न कठिनाइ हुनु।

### ४.१.४ उद्देश्य

१. विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गर्नु ।
२. एकिकृत पाठ्यक्रम प्रभावकारीता साथ कार्यान्वयन गर्नु ।
३. स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु ।
४. सिकाइका लागि मूल्याङ्कन प्रणालीका रुपमा रहेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्नु ।
५. सिकाइ उपलब्धिको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागु गर्नु ।
६. विद्यालय तहको परीक्षा प्रक्रिया तथा अभिलेखीकरणलाई थप प्रभावकारी बनाउनु ।
७. पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरुको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्धि गर्नु ।
८. सहपाठी सिकाइलाई परिचालन गरि सिकाइ सुधारका लागि कार्यान्वयन ।

### ४.१.५ रणनीतिहरु

१. सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ देखि ३ सम्म थिमगत मूल्यांकन र ४ देखि १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पूर्ण रुपमा लागु गरिने छ ।
२. कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै सञ्चालन गरिनेछ ।
३. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक समावेशीजलवायु परिवर्तन र वतावरण ,लैगिंक पक्ष तथा हरित विद्यालय , संरक्षणको ध्यानमा राखिविकास गरी कार्यान्वयनमा लगिने छ ।
४. निरन्तर विद्यार्थी मुल्याकंनलाई शिक्षणको मुलअधारको रुपमा लिई लागु गरिने ।
५. सबै सरवकारवालाहरु समक्ष बर्षको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको शुरुवात गरिनेछ ।

६. सिकाइ उपलब्धि विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गरिनेछ ।
७. परीक्षा सहित त्यसको अभिलेखिकरणको अनुगमन गरिनेछ ।
८. नयाँ पाठ्यक्रम तथा मूल्यांकन प्रणालीको प्रवोधीकरण कार्यक्रम सहित पाठ्यक्रम सम्बन्धी नियमित घुम्ति शिक्षक बैठक तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछन् ।
९. पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि गर्न विभिन्न संघ-सस्थासँग समन्वय गरी soft and hard copies विद्यालय सम्म पुर्याइने छ ।

### ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

स्थानीय पाठ्यक्रमको विकास भइ विद्यालय प्रभावकारी रुपमा कार्यान्वयन हुने ।

**नतिजा**

१. एक शिक्षक,आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग हुने ।
२. सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ देखि ३ सम्म थिमगत मूल्यांकन र ४ देखि १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पूर्ण रुपमा लागु हुने ।
३. कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा हुने ।
४. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयन हुने ।
५. विद्यार्थीको सिकाइ उपलब्धिको विभिन्न सूचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धिको विश्लेषण गर्ने अभ्यासको शुरुवाता हुने ।
६. सिकाइ उपलब्धि विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई तयार गइ कार्यान्वयन हुने ।
७. पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्धि हुने ।

### ४.१.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयन | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| २ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरण कार्यक्रम | पटक | १ | ० | ० | ० | ० | १ | १ | |
| ३ | आन्तरिक तथा बाह्य मूल्यांकन लागु | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ६ | बार्षिक रुपमा सिकाइ उपलब्धि विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ८ | पाठ्यक्रम कार्यान्वयन सम्बन्धी समीक्षाको लागि घुम्ति शिक्षक बैठकसञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १२ | २४ | |
| ९ | पालिका स्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | पटक | २ | २ | २ | २ | २ | १० | २० | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

सिकारु र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा सिकाइको गुणस्तर निर्भर रहने गर्दछ। शिक्षक सदैव आफूले अध्यापन गराउनु पर्ने विषयवस्तुका बारेमा गहन ढंगले ज्ञान लिनु आवश्यक हुन्छ। शिक्षक आफ्नो पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गरी विद्यार्थी, अभिभावक तथा शिक्षकहरुबीच प्रभावकारी सञ्चार र सहकार्य हुनु जरुरी छ। वर्तमान समयका शिक्षकहरुमा आवश्यकीय सक्षमताहरु वृद्धि हुनु पर्दछ। शिक्षकले शैक्षणिक योजना निर्माण, सिकाइ सहजीकरणका लागि शैक्षणिक सामग्री संकलन तथा निर्माण, प्रभावकारी विद्यार्थी मूल्याङ्कनको कार्यान्वयन गर्न सहज तरिकाले सम्पादन गर्न सक्नुपर्दछ।

गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेशाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्धर विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ। शिक्षकमा भएको विषयवस्तुको पर्याप्तज्ञान, शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमूना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूकोसिकाइमा सकारात्मक प्रभाव पार्दछ। सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरितशिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ। यसका लागि शिक्षकव्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ। नेपालमा विद्यालय तहको शिक्षामा पहुँच, गुणस्तर, समता, सान्दर्भिकता, सुशासन प्रवर्धनका लागि विगतमा सञ्चालित विभिन्न योजना, परियोजनातथा कार्यक्रमहरूले शिक्षक व्यवस्थापन र शिक्षकको पेशागत क्षमता अभिवृद्धिलाई उच्चप्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गरेको पाइन्छ।यस योजनामा शिक्षाको शिक्षकको ब्यवस्थापन पेशागत विकास तथा पेशागत सहयोग जस्ता कुरालाई जोड दिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापनअनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिनेपरीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्थाछ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन थालिएकोछ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेकोछ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयम्सेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजीशिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनुआवश्यक देखिन्छ ।

यस नगरपालिकामा जम्मा २३८ जना शिक्षकहरु रहेको विवरण IEMIS ले देखाउछ । जसमा १२२ जना स्थायी ७६ जना करार ४० जना राहत शिक्षक रहेका छन् । शिक्षक अभावको समस्या प्रमुख रुपमा देखिन्छ । शिक्षकको क्षमता विकासको लागि समीक्षा बैठक तथा तालिमहरु सञ्चालन गर्दै आइएको छ भने अपुग शिक्षकको लागि शिक्षण अनुदानमा शिक्षक ब्यवस्था गर्ने गरिएको छ । साथै दरबन्दी मिलान समेत गरिएको छ । तर शिक्षकको पेशागत विकासमा सहयोगको लागि हाल कुनै प्रणाली लागु गर्न सकिएको छैन । त्यसको साथै शिक्षकलाई सिकाइ प्रति उत्तरदायी बनाउन चुनौती रहेको छ ।

### ४.२.३ समस्या तथा चुनौतिहरु

१. शिक्षक ब्यवस्थापन समयसमयमा आयोगबाट स्थायी शिक्षक छनोट हुनु
२. बार्षिक रुपमा शिक्षण अनुदान कोटा प्राप्त हुनु तथा पालिका स्तरीय दरबन्दी मिलान हुनु
३. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
४. विद्यार्थी संख्याको आधारमा शिक्षक संख्याको ब्यवस्थापन गर्नु ।
५. शिक्षकले शिक्षणपूर्वको तयारी गरी शिक्षण गर्नु ।
१. शिक्षकलाई पेशागत विकासमा क्रियाशिल बनाउनु ।
२. शिक्षकको पेशागत विकासको लागि पेशागत सहयोग प्रणाली लागू गर्नु ।
३. शिक्षकबाट पाठ्यक्रमले तोके बमोजिमको शिक्षण विधि कार्यान्वयन गर्नु ।
४. शिक्षकबाट शैक्षिक सामग्रीको संकलन निर्माण र त्यसको उच्च प्रयोगको सुनिश्चित ता गर्नु ।

### ४.२.४ उद्देश्य

यस नगरपालिकाको  शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन रविकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्

१. सिकाइ सुधारको लागि आवश्यक तालिम प्राप्त शिक्षकहरुको व्यवस्थापन।
२. शिक्षकले गर्ने शिक्षण पूर्वको तयारी दरलाई वृद्धि गर्नु।
३. दक्ष शिक्षकको तयार तथा परिचालन गर्नु।
४. विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु।
५. शिक्षक सक्षमता प्रारुप र कार्यासम्पादन प्रणालिको सुनिशिचितता गर्नु।

### ४.२.५ रणनीतिहरू

१. बार्षिक रुपमा विद्यार्थी संख्यार आवश्यकताको आधारमा शिक्षक तथा कर्मचारीहरुको दरबन्दी मिलान गरी आवश्यकता अनुसार सरुवा नियमित गरिने छ।
२. शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयंसेवक  शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ।
३. पालिकाले बार्षिक रुपमा सबै तहका शिक्षकलाई छोटा अवधिका सरकारले तय गरेको पाठ्यक्रम र दक्ष प्रशिक्षकबाट तालिम प्रदान गरिने छ। उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारे विद्यालयका अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नु पर्ने व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयनमा लगिने छ।
४. हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानीय  जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ।
५. विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमाविद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि, २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा लगिने छ।
६. कक्षाकोठामा शिक्षक र विद्यार्थीको कक्षाकोठाको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि २०७४ वा लकबुकलाई तत्काल कार्यान्वयनमा ल्याइने छ।
७. महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिने छ।
८. सिकाइ सुधारका लागि हरेक २ महिनामा कलस्टर स्तरीय घुम्ति शिक्षक बैठक सञ्चालनमा ल्याइने छ।
९. शिक्षण सुधार योजनालाई अनिवार्य गरिने छ ।
१०. शिक्षकबाट पाठयोजना वा शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गरिने छ।
११. निश्चित सुचकको आधारमा विद्यालय तथा पालिका स्तरीय शिक्षकलाई पुरस्कृत गरिने छ।
१२. बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान गर्ने र त्यसको नतिजाहरु प्रस्तुत गर्ने अभ्यासको थालनी गरिने छ।
१३. शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक अध्ययन तथा भम्रमणको अभ्यासलाई कार्यान्वयन गरिनेछ।
१४. शिक्षकको पेशागत दक्षता तथा सयोगका लागि विद्यालय स्तरमा नै प्रणाली विकास गरि लागु गरिनेछ।

### ४.२.६ प्रमुख उपलव्धि तथा नतिजा

**उपलव्धि**

१. पेशागत विकास सक्रिय रहेका तालिमप्राप्त शिक्षकको ब्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने।

**नतिजा**

१. शिक्षकबाट दैनिक पाठयोजना तयार, शैक्षिक सामग्रीको निर्माण, कार्यमूलक अनुसन्धान भएको हुने ।
२. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुने।
३. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/परिमार्जन तथा स्वयंसेवक  शिक्षकको व्यवस्था हुने।
४. शिक्षकले कक्षाकोठामा विताउने समयको लेखाजोखाका लागि लगबुक लागु हुने।
५. मासिक सिकाइ केन्द्रित स्टाफ बैठक हुने।

६. घुम्ति बैठक नियमित बस्ने ।
७. शिक्षककर्मचारी/ पुरस्कृत हुने ।

### ४.२.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिकलक्ष्य | | | | | जम्मा | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | बार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | स्यमसेवंक शिक्षको नियुक्ति | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० | |
| ३ | पालिका स्तरीय शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | चौमासिक रुपमा विद्यालय स्तरीय शिक्षक तालिम | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ५ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ६ | चौमासिक घुम्ति शिक्षक बैठक | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | ४० | |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयको लागि लगबुक सञ्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० | ४४० | |
| ८ | शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन वा स्रोत विज्ञको नियुक्ति र परिचालन | पटक | १२ | १२ | १२ | १२ | १२ | ६० | १२० | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा १५ वटा) | थान | १५० | १५० | १५० | १५० | १५० | ७५० | १५०० | |
| ११ | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान तयार र प्रस्तुतकार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षकसम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १५ | साझेदारीमा एक शिक्षक एक ल्यापटप कार्यक्रम | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| १६ | शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रीय, धार्मिक, भाषिक, जातीय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकूल हुने सिकाइ पद्धति विकास गर्नु र सबै बालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मूल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई

उनीहरुको क्षमता र चाहनाअनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षणविधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रति अपन्त्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको वसोवास छ । नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्को तिर ऐतिहासिक रुपमा यही भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितीकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिने गरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरुमा समुदाय तथा परिवेश अुनसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरु भौतिक तथा स्रोत–सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय वाधाहरु संरचनागत पनि हुन सक्दछन् ।

नेपालले जोम्टिन घोषणा सन् १९९०, डकार सम्मेलन सन् २००० र सहस्राब्दी विकास लक्ष्य सन् २००० लगायतका विभिन्न अन्तराष्ट्रिय मञ्चहरुमा सबैका लागि शिक्षाको प्रतिवद्धता जाहेर गरी अपाङ्गता भएका बालबालिकाको शिक्षा प्रवर्द्धनका लागि समेत नीतिगत एवम् कानुनी सुधारका प्रयासहरु गर्दै आएको छ । यिनै आधारमा अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी शिक्षा नीतिको आवश्यकता भई यो शिक्षा योजना  प्रस्ताव गरिएको छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालले अपाङ्गता भएका बालबालिकाको शिक्षा प्रवर्द्धनकालागी विभिन्न कानुनी तथा कार्यक्रम व्यावस्था गरी कार्यन्यनमा अगाडि बढाइएको छ । शिक्षा ऐन २०२८ तथा मा विशेष शिक्षाको सञ्चालन साधरण शिक्षा सरह हुने कुरा उल्लेख छ । भने शिक्षा नियमावली, २०५९ मा शिक्षा मन्त्रीको अध्यक्षतामा विशेष शिक्षा परिषदको गठन गरी विशेष शिक्षा सञ्चालन सम्वन्धि व्यावस्था गरिएको छ । विशेष शिक्षातर्फका नीतिगत र कार्यक्रमगत विषयका क्षेत्रमा नियमित कार्य गर्न विशेष शिक्षा परिषद् क्रियाशिल छ ।

विशेष शिक्षा नीति २०५३ ले दृष्टिविहीन, वहिरा, बौद्दिक अपाङ्गता र शारीरिक अपाङ्गता भएका बालबालिकाहरुलाई आवास सुविधा सहितको शिक्षाको अवसर दिने कुरा उल्लेख गरेको छ । शिक्षा नियमावली २०५९ को नियम ५९ मा अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने र सोही नियमावलीको नियम ६६ एवम अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१ को उप नियम १५ मा विशेष शिक्षा दिने संस्थालाई नेपाल सरकारले निर्धारण गरे बमोजिम सुविधा दिइने व्यवस्था उल्लेख छ । त्यस्तै नियमावली २०५९ को नियम १५१(२) मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा १० प्रतिशतमा नघटाइ जेहेन्दार, गरिब, अपाङ्गता भएका व्यक्ति, महिला दलित र जनजाती समुदायका विद्याथीलाई छात्रवृत्तीको व्यवस्था गरेको छ । यसै सम्बन्धमा विशेष शिक्षा सञ्चालन सम्बन्धी निर्देशिका, २०६० जारी भई कार्यान्वयनमा रहेको छ ।

अपाङ्गता भएका बालबालिकाले छात्रवृत्ती सहित विभिन्न सामुदायिक विद्यालयहरु, स्रोत कक्षाहरु एवम् विशेष विद्यालयहरुमा अध्ययन गर्ने अवसर पाएका छन् । स्रोत कक्षा तथा विशेष विद्यालयहरुमा विशेष आवश्यकता भएका बालबालिकाहरुका लागि आवास र स्रोत शिक्षकको व्यवस्था मिलाईएको छ । अपाङ्गता भएका बालबालिकाहरुका लागि निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामग्री एवम् उपकरणहरु वितरण् गर्ने गरिएको छ । साथै अपाङ्गता पहिचान गर्न। अपाङ्गतासम्बन्धी सेवा, सहयोग, सर सल्लाह र अन्य कार्यक्रम तर्जुमा गर्न ६२ जिल्लाहरुमा लेखाजोखा केन्द्र स्थापना भएका छन् ।

संयुक्त राष्ट्र सङ्घीय मानव अधिकार सम्बन्धी घोषणा पत्र सन् १९४८  बाल अधिकार सम्बन्धी महासन्धि सन् १९८९ ले आधारभूत तहसम्म अधिकारको रुपमा निःशुल्क शिक्षा सबैले पाउनुपर्ने उल्लेख गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुका

लागि समतामुलक अवसर सुनिश्चित गर्ने सम्बन्धी संयुक्त राष्ट्र सङ्घीय प्रामाणिक नियमहरु सन् १९९३, एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको दशक सन् १९९३ (२००२, सालामान्का घोषणा सन् १९९४, संयुक्त राष्ट्र सङ्घीय अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, सन् २००६ ले अपाङ्गता भएका व्यक्ति लगायत विशेष शिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मुलधारमा समावेश गर्नुपर्ने कुरामा जोड दिएका छन्। साथै इन्चोन घोषणा सन् २०१५ ले विशेष आवश्यकता भएका बालबालिकाको शिक्षा प्रवर्द्धन गर्नका लागि नीतिगत सुधार गर्न सरकारलाई प्रेरित गरेको छ।

यस नगरपालिकाको समावेशी तथा समतामूलक शिक्षाका विविध क्षेत्रहरुलाई हेर्दा लैङ्गिक रुपमा शैक्षिक सूचकहरुमा असमानता रहेको देखिन्छ। जस्तै खुद भर्नादरमा छात्राको भन्दा छात्रको प्रतिशत बढी रहेको छ। त्यसैगरी साक्षरतादर पनि महिलाको पुरुषको भन्दा कम रहेको छ। केही प्रमुख सूचकहरुको अवस्था तलको तालिकामा प्रस्तुत गरिन्छ।

| सूचक | छात्रा/महिला | छात्र/पुरुष | कुल |
|---|---|---|---|
| प्रारम्भिक बाल विकास तथा शिक्षाको खुद भर्नादर | ८०.७ | ६९.२ | ७४.१ |
| आधारभूत तहको खुद भर्नादर | ९५.७ | ९७.८ | ९६.९ |
| माध्यमिक तहको खुद भर्नादर | ७९.१ | ८७.८ | ८४.१ |
| लैगिङ्क समता सूचक | ६४.३ | ६२.७ | ६३.८ |
| कक्षा १० सम्मको टिकाउदर | ७४.४ | ७०.२ | ७२.३ |
| साक्षरतादर | ६१.४ | ७७.१ | ६९.५ |

यस नगरपालिकामा २०७८ सालको जनगणना अनुसार जनसङ्ख्या विश्लेषण गर्दा अपाङ्गता भएका पुरुषको जनसङ्ख्या प्रतिशत २.५ र महिलाको प्रतिशत २ रहेको छ। कूल जनसङ्ख्यामा २.२ प्रतिशत अपाङ्गता रहेको छ। यस नगरपालिकामा नगर कार्यपालिका, वडा समिति, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति लगायत विभिन्न संघसंस्थामा महिला तथा दलितको सहभागिता रहेको छ। विद्यालयमा विभिन्न जातजाती भाषाभाषी परिवेश अनुसारको बालबालिकाहरु विद्यालयमा आउने गर्छन्। त्यसैगरी अपाङ्गता तथा कार्यरत सीमितता भएका बालबालिकाहरुको संख्या विद्यालयमा रहेको छ।

विद्यालय तहमा शैक्षिक सत्र २०८० अनुसार विद्यालय तहमा १७५६ जना विद्यार्थीहरु दलित भएका रहेका छन्। त्यसैगरी दलित तथा जनजातिका बालबालिकाहरु २०५२ जना रहेकाछन्। त्यसैगरी ३६ जना अपाङ्गता भएका बालबालिकाहरु रहेकाछन्। केही अपाङ्गता भएका बालबालिकाहरु विद्यालय जान नसकिरहेको अवस्था रहेको छ। यस्तो परिवेशका बिच सबै बालबालिकाहरुलाई समतामूलक विद्यालय शिक्षाको अवसर दिनु आजको मुख्य आवश्यकता रहेको छ।

### ४.३.३ समस्या तथा चुनौतिहरु

यस क्षेत्रको विकास तथा सुधारको लागि शिक्षा नीति २०७६ लागयतको नीतिगत ब्यवस्था हुनु समावेशी शिक्षालाई पनि संघीय सरकार तथा स्थानीय सरकारले पनि जोड दिनु विभिन्न संघ सस्थाका परियोजनाले पनि यस क्षेत्रमा सहयोग गर्नु प्रमुख अवसरका रुपमा रहेकाछन। यस्तो अवसरहरु भएता पनि यस क्षेत्रमा धेरै चुनौतीहरु रहेका छन्।

१. विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क तथा सूचनाव्यवस्थापन कार्य गर्नु ।
२. बालबालिकाहरुको कार्यगत सीमितता पहिचान र सोही अनुरुपको सहयोग तथा शिक्षण सिकाइ क्रियाकलापको अभ्यास गर्नु।
३. पहुँचयुक्त विद्यालयको भौतिक संरचना तयार गर्नु।
४. सुरक्षित र बालमैत्री सिकाइ वातावरण सुनिश्चित गर्नु।
५. छात्राको पढाइमा निरन्तरता दिने र बालविवाहलाई रोक्नु।
६. बालबालिकाहरुलाइ विद्यालयमा टिकाइ राख्नु।

### ४.३.४ उद्देश्यहरु

१. विद्यालयमा बालमैत्री वातावरणको अवस्थामा सुधार ल्याउने।

२. पहुँचयुक्त भौतिक संरचनाको निर्माणमा वृद्धि गर्ने ।
३. बालबालिकाहरुको कार्यगत सीमितता पहिचानको लागि **प्रारम्भिक पहिचानको** शुरुवात गर्ने ।
४. लक्षित समुदाय एवम् अपाङ्गता तथा कार्यगत सीमितता भएका बालबालिकाहरुको पनि शिक्षाको पुहँचमा वृद्धि गर्ने ।

### ४.३.५ रणनीतिहरु

१. विद्यालयमा बालमैत्रीवातावरणमा सुधार ल्याउन बालमैत्री प्रारुपलाई पूर्ण कार्यान्वयनमा लगिने छ ।
२. भौतिक संरचनाहरुलाई क्रमश पहुँचयुक्त बनाइदै लगिने छ । त्यसको लागि डिजाइन तथा अनुगमनमा जोड दिइने छ ।
३. बार्षिक रुपमा सबै बालबालिकाहरुको कार्यगत सीमितता पहिचानको लागि प्रारम्भिक पहिचान (Early Screening Program ) लाई कार्यान्वयन गरिने छ ।
४. भौगोलिक रुपमा टाढा तथा लक्षित समुहका बालबालिकाहरुको पहुँच वृद्धि गर्नका लागि घरमै विद्यालय (School at home ) तथा छात्रावास सहितको विद्यालय शिक्षाको अवधारणालाई विभिन्न निकायहरुसँग समन्वय गरी कार्यान्वयन गरिनेछ ।

### ४.३.६ प्रमुख उपलव्धि तथा नतिजा

**उपलव्धि**

समतामूलक तथा समाबेशी शिक्षण सिकाइ वातावरणमा सुधार भै सबै बालबालिकाहरुको सहभागिता र सिकाइ उपलब्धिमा वृद्धि हुनेछ ।

**नतिजा**

१. बालमैत्री प्रारुपको कार्यान्वयन भएको हुनेछ ।
२. सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने अभ्यासको शुरुवात भएको हुनेछ ।
३. पहुँचयुक्त भौतिक संरचनाहरुको अवस्थामा सुधार भएको हुनेछ ।
४. लक्षित समुदायका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्धि भएको हुनेछ ।
५. सबै बालबालिकाहरुको सिकाई उपलब्धिमा वृद्धि भएको हुनेछ ।

### ४.३.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी विद्यालयको प्रतिनिधिलाई तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | प्रस्तावनाको आधारमा बालमैत्री प्रारुप कार्यान्वयनमा सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | लैङ्गिक सम्पर्क व्यक्तिको छनोट तथा गुनासो सुनाइ सम्बन्धी क्षमता विकास तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | गुनासो सुनुवाइ समितिको गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | गुनासो पेटिकाको वितरण | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ |
| ६ | छात्रा समावेशी सञ्जालको निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | मनोपरामर्श तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | भौतिक संरचनालाई पहुँचयुक्त बनाउन अध्ययन र सोही अनुसारको सहयोग कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | २१५ |

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १० | समावेशि शिक्षक शिक्षा तालिम | पटक | १ | ० | १ | ० | १ | ३ |
| ११ | घरमै विद्यालय कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | छात्रावास सहितको विद्यालय व्यवस्थापन कार्यक्रम | विद्यालय | ० | १ | ० | १ | ० | २ |
| १३ | पिछडिएका वर्गका वालवालिकाहरुका लागि सिकाइ प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १४ | बालविबाह अन्त्य तथा छोरीको शिक्षाको लागि प्रोत्साहन कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५ | स्थानिय पाठ्यक्रम र वहुबाषिक कक्षा शिक्षण | निरन्तर | | | | | | |
| १६ | विभेद, दुर्व्यहार विरुद्ध जनचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.४ दिवा खाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा **खाजा कार्यक्रम** प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरिएको छ ।नेपालको हाल कार्यान्वयनमा रहेको पन्ध्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवाखाजाले महत्वपूर्ण योगदान दिएको छ।

विद्यार्थीको **स्वास्थ्य तथा पोषणको** अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधि, किशोरीका लागि फोलिक एसिड तथा आइरन चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्।

विद्यालयमा हुने **सरसफाइ तथा स्वच्छताको** अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समुदायमा पनि यसले सकारात्मक घर/कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद, जोखिम तथा महामारी समावेश गरी थप सुधार गर्नु आवश्यक छ।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लामा छानिएका विद्यालयहरुमा हालसम्म सञ्चालन भइरहेका छन्। त्यसैगरी कर्णाली र सुदुर पश्चिम प्रदेशका आठ जिल्लाहरुमा सोही कार्यक्रम थप गरी सञ्चालन भइरहेको छ । सन् २००८ देखि केही छानिएका प्राथमिक विद्यालयमा सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरेको थियो। सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक देखि ६ कक्षा सम्मका सबै विद्यार्थीलाई दिवा खाजा व्यवस्था गिरएको थियो भने हाल सामुदायिक विद्यालयको कक्षा बाल विकास –कक्षा ५ का बालबालिकालाई प्रतिविद्यार्थी रु. १५ को दरले दिवा खाजा वापत अनुदान वितरण गरी खाजा कार्यक्रम व्यवस्थित गर्ने काम गरिएको छ। यस खाजा कार्यक्रमबाट यस नगरपालिका १७ विद्यालयका ९५१४ विद्यार्थी लाभाम्वित भएका छन्।

विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्ने स्पष्ट छ। तत्कालीन शिक्षा विभागले २०७४ मा तयार गरी २०७६ मा परिमार्जन गरिएको विद्यालयहरुमा खानेपानी तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लेख गरे अनुसार सबै विद्यालयहरुमा हुनुपर्ने खानेपानी सरसफाइ तथा स्वच्छता सुविधाहरुमा

स्वच्छ पिउने पानी, अलग अलग बाल, लैङ्गिक,अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण, महिनावारी स्वच्छता व्यवस्थापन, स्वच्छ तथा सफा खाजा घर र सरसफाई तथा स्वच्छता प्रवर्धन र दिगोपनको लागि संस्थागत व्यवस्था रहेका छन् । तसर्थ तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट खानेपानी तथा सरसफाई कार्यक्रमहरु क्रमशः प्रदान गरिएको थियो । त्यसैगरी छात्रछात्राको लागि अलग अलग शौचालयको निर्माणका योजनाहरु विद्यालयहरुमा वितरण भएको थियो । वर्तमान अवस्थामा गौर नगरपलिकाले पनि शौचालय र खानेपानीका कार्यक्रमहरुको योजना विद्यालयहरुमा वितरण भइरहेको अवस्था छ ।

### ४.४.३ अवसर र चुनौतिहरु

संघीय सरकारबाट प्रति विद्यार्थी खाजा कार्यक्रममा रु १५ प्राप्त गर्नु, खाजा कार्यक्रमलाई ब्यवस्थित गर्न, कार्यविधि बन्नु, विद्यालयमा खानेपानी सरसफाइको लागि विभिन्न परियोजनाले तथा यस पालिकाबाट कार्यक्रमहरु कार्यान्वयनमा रहनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन् । तर पनि यस नगरपालिकामा यस क्षेत्रमा केही समस्या तथा चुनौतीहरु रहेकाछन् । त्यस्ता चुनौतीहरुलाई तल प्रस्तुत गरिन्छ ।

१. महगाई बृद्धि हुदै गर्दा पनि पुरानै मूल्यका आधारमा दिवा खाजा वापत प्राप्त गर्ने रकम रु १५बाट खाजा ब्यवस्थापन गर्ने ।
२. स्थानीय स्तरमा उत्पादित खाद्य सामाग्रीहरुलाई दिवा खाजामा लानु पर्ने ।
३. कतिपय विद्यालयहरुमा खानेपानीकोब्यवस्था गर्ने ।
४. कतिपय विद्यालयहरुमा व्यवस्थितछात्र छात्राको अलग अलग,बालमैत्री,पहुँचयुक्त शौचालयको ब्यवस्था गर्ने ।
५. बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण तथा स्वास्थ्य परामर्शको सुनिश्चचता गर्ने ।
६. विद्यालयमा स्वास्थ्य तथा सरसफाइलाई नियमितता गर्ने ।

### ४.४.४ उद्देश्य

१. विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहार सुनिश्चित गर्नु ।
२. विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
३. विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।

### ४.४.५ रणनीतिहरू

१. खाजा कार्यक्रममा पैसा वितरण कार्यलाई पूर्ण अन्त्य गरिने
२. दिवा खाजाको लागि साप्ताहिक खाजा तालिका तयार गरी स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीलाई विद्यालयमा नै खुवाउने
३. उक्त कार्यको ब्यवस्थापन तथा खाजाको गुणस्तरको अनुगमन सम्बन्धित वडा अध्यक्षको नेतृत्व वा निजले तोके बमोजिम ब्यक्ति, समूह वा समितिबाट साप्ताहिक अनुगमनको अभ्यासलाई कार्यान्वियन गरिने ।
४. एक विद्यालय एक फुलबारीको अवधारणा लागु गरिने छ ।
५. बालक्लब तथा विद्यालयको टिम सहितको नियमित सरसफाइका साथै साप्ताहिक सरसफाइ कार्यक्रमलाई अनिवार्य कार्यान्वयन गरिने छ ।
६. स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनात्मक क्रियाकलापहरु सञ्चालन गरिनेछन् ।
७. बालबलिकालाई स्वास्थय तथा पोषण मा पँहुचको सुनशिचितता गरिने छ ।
८. चौमासिक रुपमा नजिकको स्वास्थ्यचौकी तथा स्वास्थ्य संस्थासँग समन्वय गरी बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

### ४.४.६ प्रमुख उपलव्धि तथा नतिजा

उपलव्धि

१. विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सहितको खाजाको प्रबन्ध हुने र बालबालिकाहरुको स्वास्थ्य र सरसफाइमा सरकारात्मक व्यवहारको विकासमा सुधार हुदै सिकाइ उपलब्धिमा सहयोग पुग्ने ।
२. विद्यालय दिवा खाजाको ब्यवस्थापन तोकिएको मापदण्ड अनुसार हुने

३. स्थानीय उत्पादनमा चक्रीय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

४. सबै विद्यालयमा हुने सरसफाइको गतिविधिमा वृद्धि हुने

५. सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सुधार भएको हुने

६. विद्यालयमा हुने स्वास्थ्य परीक्षणको दरमा वृद्धि हुने

### प्रमुख नतिजाहरू

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | १ | १ | २ | ३ | ४ | ५ | |
| १ | दिवा खाजा कार्यक्रम कार्यावयन सम्बन्धी अभिभमुखीकरण कार्यक्रम | पटक | १ | ० | ० | ० | ० | १ |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | पटक | १ | १ | १ | | १ | ४ |
| ३ | साप्ताहिक खाजा कार्यक्रमको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धित सचेतनामूलक कार्यक्रम | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण , पोषण कुना तथा परामर्श कार्यक्रम | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |
| ८ | एक विद्यालय एक स्वास्थ्यकर्मी क्रमश व्यबस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ९ | सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सहयोग कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ |
| १० | छात्राको लागि सेनिटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |
| ११ | प्रयोग गरी सकेको सेनिटरी प्याड व्यवस्थापनको लागि इन्सिनेटर व्यवस्था गर्ने | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ५१ |

## ४.५ आपतकालिन तथा संकटपूर्ण अबस्थामा शिक्षा

### ४.५.१ परिचय

युद्ध, द्वन्द, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [reparedness]आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापनगर्ने [response] र आपतकाल पश्चात क्षतिको आपूरण (recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ। आपतकालीन तथा संकटपूर्ण अबस्थामा पनि बालबालिकाले पढ्न पाउने अधिकारको सुनिश्चित गर्नुपर्छ। ।

बिशेष लामो द्वन्द्वको परिबेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनासकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्रकृतिक प्रकोपहरुको घटनाहरुका साथै कोभिड-१९ लगायतका महामारीका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस गौर नगरपालिका क्षेत्रको शिक्षा क्षेत्रको यस पक्षलाई पनि समावेश गरिएको छ।

### ४.५.२ वर्तमान अबस्था

हाल कार्यन्वयनमा रहेका विद्यालय शिक्षा क्षेत्रको योजनाले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रुपमा विशेष जोड दिदै सुरक्षित संरचना निर्माण तथा सबलीकरणमा जोड दिएको छ। यसको साथै सुरक्षित सिकाइ वातावरणका

लागि भौतिक तथा मानबीय ब्यस्थापन एबम् सरोकारवालालाई विपद् व्यवस्थापन सम्वन्धि सैदान्तिक एवम ब्यवहारिक ज्ञान दिई विपदको पुर्बतयारी प्रतिकार्य, न्यूनीकरण र पुनर्लाप सम्बन्धी कार्यक्रमलाई जोड दिइएको छ। यसैगरी यस पक्षलाई ध्यान दिइ विद्यालयले तयार गर्ने विद्यालय सुधार योजनामा पनि यस पक्षलाई समेट्ने अभ्यास गरिएको छ।

भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ (बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था भएको) विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ (विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनीतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था भएको)बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ (विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले आपत्कालीन शिक्षाको आधार तयार गरेको)विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ (सिकाइ पूर्वाधार विपद् जोखिम व्यवस्थापन, विद्यालय विपद् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलताका लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयन) बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ (विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपद्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने) दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपद् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा विपद्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ।

विगतमा देखिएका आपत्कालीन अवस्थाहरुले आगामी दिनहरुका लागि शिक्षाको संरचना भौतिक पूर्वाधार सिकाइ वातावरण, सिकाइका लागि आवश्यक पर्ने श्रोतसाधन,आपत्कालीन अबस्थामा सिकाइ निरन्तरताका लागि आवश्यक हुने ब्यवस्थापकीय तथा पेशागत क्षमता र आपत्कालीन अबस्थाको तयारी, प्रतिकार्य र पुनरुत्थानको दरिलो प्रणाली विकास गर्नु पर्ने आवश्यकता देखिएका छन्। त्यसैगरी केही समय अघि आएको कोभिड महामारीमा विद्यालय खुल्न सकेका थिएनन्। कुनै पनि प्रकारको वैकल्पिक सिकाइ प्रणाली अपनाउन सकिएको थिएन। जसले गर्दा बालबालिकाहरुको सिकाइमा प्रत्यक्ष प्रभाव परेको थियो। यस्तो अवस्थालाई ध्यान दिदै यस योजनाले केही रणनीतिक अभ्यासहरुको लागि सुझाब प्रदान गर्ने छ।

### ४.५.३ अवसर र चुनौती

१. आपत्कालीन अबस्थामा पनि निरन्तर सिकाइ सहजीकरण हुने वातावरण तयार गर्नु
२. आपत्कालीन अवस्थाको लागि पुर्व तयारीको अभ्यास गर्नु
३. संकटकालीन अवस्थामा पनि सिकाइ सहजीकरण गर्न आवश्यक स्रोत साधनको ब्यवस्था गर्नु।
४. आपत्कालिन अवस्थामा सिकाइ निरन्तरताका लागि योजना निर्माण र लागु गर्नु ।

### ४.५.४ उदेश्यहरु

१. विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्नु।
२. विद्यालय शिक्षामा सम्भावित सङ्कटपूर्ण अवस्थाको सामनाको लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु।
३. आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइका विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु।
४. आपत्कालिन अवस्था मा शिक्षण संचालन योजना निर्माण र लागु गर्नु ।

### ४.५.५ रणनितिहरु

१. शिक्षा क्षेत्रमा प्रत्यक्ष रुपमा आईपर्ने विपद ब्यस्थापनको मूल्याङ्कन एवम बिश्लेषण गर्दै विद्यालय तथा पालिका स्तरीय प्रतिकार्य योजना तयार गरिने छ।
२. संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाइने छ।
३. विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याइनेछ।

४. पालिका तथा विद्यालयको विपद् ब्यवस्थापनका लागि तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापना लक्षित क्षमता बिकास गरिनेछ।
५. विपद् ब्यवस्थापन तथा तयारीका लागि एक कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गरिने छ।
६. विद्यालयमा ड्रिल र अन्य अभ्यासहरु संचालन गर्ने
७. जोखिम यूक्त गैर-संरचनाहरुलाई अलपिकरण गरि सुरक्षित बनाउनु।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. आपत्कालिन तथा संकटपूर्ण परिस्थितिमा पनि वालवालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारमा सुधार आउने छ।

नतिजा

१. विपत् प्रतिकार्य योजना तयार भइ लागु भएको हुने।
२. विद्यालय तथा पालिकाको विपत् ब्यवस्थापन सम्बन्धी क्षमता विकास हुने ।
३. विपतको समयमा पनि शिक्षणसिकाइ क्रियाकलाप निरन्तर सञ्चालन हुने।

### ४.५.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य- ५वर्षे | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विपद सम्वन्धी पालिका स्तरीय तथा विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माण | विद्यालय | ९ | ९ | ९ | ९ | ८ | ४४ |
| २ | पालिका स्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | वडास्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | निरन्तर | १ | ० | १ | ० | १ | ३ |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | ड्रिल तथा अन्य अभ्यास | पटक | २ | २ | २ | २ | २ | १० |
| ७ | विद्यालय सुरक्षा योजना निर्माण र अभिमुखिकरण | पटक | १ | १ | १ | १ | ५ | १० |

## ४.६ विद्यालयको भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमापढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सरसफाइ र पिउनकोलागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन्। एकविद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथाआधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूततह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्डशिक्षा नियमावली, २०५९ मा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिकपूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्नेलगायतका नीतिगत व्यवस्थापन गरेको छ।

### ४.६.२ वर्तमान अवस्था

गौर नगरपालिकामा हाल १८ वटा सामुदायिक विद्यालय र २४ वटा संस्थागत विद्यालयहरू छन्। पालिकाका सबै सामुदायिक विद्यालयहरूमा भौतिक अवस्था राम्रो नभएको अवस्था छ। भएका भवनहरु पनि सबैका लागि पहुँचयुक्त छैनन्। यस पालिकाका सबै विद्यालयहरूमा शौचालय भए पनि विद्यार्थीको अनुपातमा कम रहेको साथै धैरै जसोमा पानीको राम्रो आपूर्ति

देखिँदैन । स्वच्छ पिउने पानीको व्यवस्था राम्रो छैन । खेलकुद कोठा, स्वास्थ्य कक्ष लगायत अन्य भौतिक पूर्वाधार हरुको अभाव रहेको छ ।

विद्यालयहरूमा विद्यार्थीहरूको पठनपाठनमा सहज हुने खालका कक्षाकोठाहरू,कतिपय विद्यालयमा छात्राका लागि अलग्गै शौचालय समेत हुन सकिरहेको छैन । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवं विद्यार्थी संख्याका आधारमा बन्नु पर्ने भौतिक पूर्वाधार (शिक्षण सिकाइ कक्ष, कार्यशाला, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप तथा खुलकूद कक्ष, विद्यालय सभा हल, मञ्च, बगैंचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रशासन कक्ष, प्रधानाध्यापक कक्ष) उचित ब्यवस्थापन गर्नु यस नगरपालिकाको प्रमुख प्राथमिकतामा रहेको देखिन्छ ।

### ४.६.३ समस्या तथा चुनौतीहरु

१. भौतिका निर्माण कार्यको गुणस्तरीय, पारदर्शी एवमजवाफदेही बनाउन ।
२. तोकिएका मापदण्ड अनुसारको भौतिक संरचना बनाउन ।
३. विद्यालयलाई आवश्यक भौतिक संरचना तयार गर्ने ।
४. भौतिक निर्माणको लागि आवश्यक श्रोत साधनको व्यवस्थापन गर्ने ।
५. भएका भौतिक संरचनालाई पहुँचयुक्तता बनाउनु ।

### ४.६.४ उदेश्यहरु

१. विद्यालयमा न्यूनत्तम भौतिक संरचनाको सुनिश्चित गर्नु ।
२. मापदण्ड अनुसारको भौतिक निर्माण गर्नु ।
३. भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शी बनाउनु ।
४. सबैलाई पहुँच हुने भौतिक संरचनाहरु तयारमा सुधार ल्याउनु ।

### ४.६.५ रणनीतिहरु

१. शुरुमा सबै विद्यालयहरुको भौतिक संरचनाको अवस्था विश्लेषण गरी विद्यालयलाई आवश्यक भौतिक संरचनाको सूची र प्राथमिकता निर्धारण गरी सोही अनुरुप योजना बनाइने छ ।
२. विद्यालयमा निर्माण हुने भौतिक संरचना ब्यवस्थित बनाउन पालिका स्तरीय एक कार्यविधि बनाइ लागु गरिने छ ।
३. पुराना भौतिक संरचनाहरुलाई सहयोग गरी र नयाँ बन्ने संरचनामा सबैको पहुँचतता सुनिश्चित हुने गरी संरचनाहरु बनाइनेछ ।
४. भौतिक निर्माणको कार्यलाई लागत बोड् राख्ने सार्वजानिक सुनाइ गर्ने स्थलगत प्राविधिक र जनप्रतिनिधि मार्फत अनुगमन गर्ने जस्ता कार्यलाई जोड दिइ गुणस्तरीय तथा पारदर्शी बनाइने छ ।
५. विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था तथा दातृ निकायहरुसँग लागत साझेदारी तथा स्रोत ब्यवस्थापन गरिनेछ ।
६. विद्यालय तथा अभिभावकको सहभागितामा "हामी बनाउछौंहाम्रो विद्यालय" कार्यक्रम सञ्चालन गरिने छ ।
७. नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम लागु गरिने छ ।

### ४.६.६ प्रमुख उपलब्धि तथा नतिजाहरु

उपलब्धि

१. सबै विद्यालयमा मापदण्ड पूरा भएको सिकाइका लागि न्यूनत्तम आवश्यक भौतिक संरचना सुनिश्चित भएको हुनुका साथै भौतिक अवस्थामा सुधार भएको हुने

नतिजाहरु

१. भौतिक संरचना निर्माणको लागि विद्यालयको अवस्थाको नक्सांकन तथा विश्लेषण भएको हुने ।
२. सबै विद्यालयमा मापदण्ड पूरा भएको सिकाइका लागि न्यूनत्तम आवश्यक भौतिक संरचना सुनिश्चित भएको हुने ।
३. भौतिक संरचना निर्माण प्रक्रिया थप गुणस्तर तथा पारदर्शी भएको हुने ।
४. भौतिक निर्माण कार्यमा संघसंस्थाको सहभागितामा वृद्धि भएको हुने ।

### ४.६.७ प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालयको भौतिक निर्माण कार्यलाई थप ब्यवस्थित गर्न एक कार्यविधि तयार | पटक | १ | ० | ० | ० | ० | १ |
| २ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | नयाँ भौतिक संरचना निर्माण (भवन, शैचालय,घेराबारा,खानेपानी छात्रबास) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | निर्माण भएका संरचनाहरुको मर्मत तथा पहुँचयुक्तता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | निरन्तर प्राविधिक तथा जनप्रतिनिधिहरुबाट अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | हामि बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ७ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | १ | १ | १ | १ | १ | ५ |

## ४.७ विद्यालय शिक्षामा सूचनार प्रविधि

### ४.७.१ परिचय

सूचनार प्रविधिलाई अङ्ग्रेजीमा Information Technology -ITभनिन्छ । सूचना भनेको सन्देश तथा घटना, तथ्याङ्क, सङ्केत आदि हो भने प्रविधि भनेको कार्यसम्पादनमा सहजता ल्याउन तयार पारिएको वैज्ञानिक सामग्री वा साधन हो । यस्ता साधनहरुमा कम्प्युटर, ल्यापटप, ट्यावलेट, प्रोजेक्टर, मोबाइल जस्ता पर्ने र तिनका माध्यमबाट सूचनाआदानप्रदान गर्ने कार्य सूचनातथा प्रविधि हो । शिक्षामा सूचनार प्रविधि भनेको मुलतः शैक्षिक प्रकृया वा शिक्षण सिकाइमा आवश्यक प्रविधि प्रयो गरि सूचनाआदानप्रदान कार्य हो । वर्तमान समयमा शिक्षामा सूचनाप्रविधिका प्रचलित साधनहरुका रुपमा रेडियो, टि. भी., मोबाइल, टेलिफोन, कम्प्युटर,ल्यापटप, ट्यावलेट, आइप्याड, प्रोजेक्टर, सि.डी, पेनड्राइभ, डाटा कार्ड आदि प्रयोग हुने गरेका छन् । त्यस्तै इन्टरनेट तथा विविध वेब पेजहरु, युटुब, फेसबुक, एप्स तथा विभिन्न प्रोग्रामहरु, विविध श्रव्यदृष्य सामग्रीहरु, माइक्रोसफ्ट अफिस प्याकेज आदि सफ्टवेयरका प्याकेजहरुले पनि शिक्षामा सूचनाप्रविधिको प्रयोगलाई सहज बनाएको छ ।

सूचनातथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक वनाउन, सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरि सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचनातथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीहरुका लागि सूचनातथा सञ्चार प्रविधिको आधारभूत पहुँचपुऱ्याईडिजिटल भिन्नता कम गर्ने, सूचनातथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरि सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्दतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सूचनातथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउँछ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचनातथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद तथा महामारिमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचनातथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरि सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकेको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्नेगरि शिक्षामा सूचनातथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा पनि शिक्षामा सूचनातथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी नीतिहरु उल्लेख गरेको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरुमा सूचनातथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटि पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचनातथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरेको छ ।

वि.सं. २०७६ देखि नेपाल दुरसञ्चार प्राधिकरणले पनि ग्रामीण दुरसञ्चार विकास कोष मार्फत केही विद्यालयहरुलाई प्रस्ताव आह्वान गरी कनेक्टिभिटी र अन्य संरचनामा सहयोग गरिरहेको छ। नेपाल सरकारको तर्फबाट हरेक माध्यमिक विद्यालयमा निःशुल्क इन्टरनेट जडान गरिएको छ।

यस नगरपालिकामा हालसम्म सूचनातथा सञ्चार प्रविधिको ब्यवस्थापन तथा प्रयोग सबै विद्यालयमापूर्ण रुपमा हुन सकेको छैन। यस नगरपालिकामा ४ वटा माध्यमिक विद्यालय ६ वटा कक्षा १-८ सम्म अध्यापन हुने सामुदायिक विद्यालय रहेका छन् भने ६ वटा संस्थागत माध्यमिक र कक्षा १-८ सम्म अध्यापन हुने १४ वटा विद्यालय रहेको छन्। जस मध्य ४ वटा सामुदायिक विद्यालयमा आइसिटि लैब संचालनमा रहेको छ भने संस्थागत विद्यालयमा आशिंक मात्र आईसिटि लैब संचालनमा रहेको छ। बाँकी विद्यालयहरुमा सूचनाप्रविधि केही समाग्रीहरु रहे पनि प्रयोगमा आउन सकेका छैन। यसको साथै शिक्षकहरुमा सीपको अभाव देखिन्छ। त्यसैले पनि यस नगरपालिकाले शिक्षामा सूचनाप्रविधिको ब्यवस्थापन र प्रयोगमा जोड दिनु पर्ने अवस्था छ।

### ४.७.३ समस्या तथा चुनौतीहरु

१. सबै विद्यालयमा विजुलीको पहुँच रहे पनि आइसिटि ल्याब संचालन गर्दा विद्युत शुल्क वृद्धि भई भुक्तान गर्न कठिन भएको।
२. सबै विद्यालयमा सूचनातथा सञ्चार प्रविधिका सामग्रीहरु तथा इन्टरनेट कनेक्टिभिटीको विद्यालयहरुमा सुनिश्चित गर्नु।
३. सबै विद्यालयमा आइसिटि ल्याब स्थापनको लागि भौतिक पूर्वाधारको सुनिश्चिता गर्नु।
४. उपलब्ध भएका सामग्रीहरुलाई पनि प्रयोगमा ल्याउन कठिन भएको।
५. तोकिएको मापदण्ड अनुसार सामग्रीको ब्यवस्थापन, मरम्मत तथा सम्भार गर्न कठिन भएको।
६. आवश्यक स्रोतको सुनिश्चित गर्न कठिन भएको।
७. सूचनातथा सञ्चार प्रविधिको प्रयोगमा दक्ष जनशक्तिको सुनिश्चित गर्नु।
८. संस्थागत विद्यालयहरुमा आइसिटि लैबको सुनिश्चिता गर्नु कठिन भएको।

### ४.७.४ उद्देश्यहरु

१. विद्यालयमा सूचनाप्रविधिको ब्यवस्थापन र प्रयोगमा सुधार ल्याउनु।
२. सूचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु।
३. आवश्यक बजेट व्यवस्थापन गर्नु।
४. दक्ष जनशक्तिको सुनिश्चित गर्नु।
५. संस्थागत विद्यालयहरुमा समेत आईसिटि लैब संचालन गर्ने लगाउने।

### ४.७.५ रणनीतिहरु

१. सबै विद्यालयहरुमा आइसिटी लैब संचालनको लागि क्रमश माध्यमिक तहबाट शुरु गरी आधारभूत तह सम्म विभिन्न संघसस्था र निकायहरु सँग समन्वय गरी सोलरको ब्यवस्था गरिने छ।
२. सबै विद्यालय आवश्यकता अनुसारको सूचना प्रविधिको प्याकेज (ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र फास्ट इन्टरनेट) को प्रबन्ध क्रमश गरिने छ।
३. आइसिटि लैब नरहेको माध्यमिक विद्यालयबाट शुरु गरी क्रमश: सबै आधारभूत विद्यालयमा आइसीटी ल्याबको संचालनको लागि भौतिक पूर्वाधार सुनिश्चित गरिने छ।
४. आइसिटि लैब रहेको विद्यालयमा लैब सम्बन्धी समाग्रीहरुको तोकिए अनुसारको व्यवस्थापन तथा मरम्मत सम्भारको लागि स्रोत व्यवस्थापन गरिने छ।
५. शिक्षक तथा नगरपालिकाको साझेदारीमा एक शिक्षक एक ल्यापटपको हुने व्यवस्था क्रमश गरिने छ।
६. सूचना तथा प्रविधिको प्रयोग गर्ने सक्ने क्षमता विकासका तालिम तथा कार्यशालाहरु सञ्चालनमा ल्याइनेछ।
७. सूचना तथा प्रविधिको प्राविधिक सहयोगमा लिडर विद्यालय तथा कलस्टर स्तरीय फोकल पर्सनको विकास गरी त्यस मार्फत सहयोग हुने प्रबन्ध गरिनेछ।
८. सूचनातथा प्रविधिको खरिद ब्यवस्थापन र प्रयोगलाई सघन रुपमा अनुगमन तथा निरीक्षण गरिनेछ।

९. विभिन्न गैर सरकारी संघसंस्थाहरुको सहकार्यमा सूचनाप्रविधिको समाग्रीहरुको व्यवस्थापनको लागि स्रोत सुनिश्चित गरिनेछ।
१०. संचालनमा रहेको संस्थागत विद्यालय संग समन्वय गरी आइसिटि संचालन गर्न लगाईनेछ।

### ४.७.६ प्रमुख उपलव्धी तथा नतिजा

उपलव्धि

१. प्रत्येक विद्यालयमा सूचनातथा सञ्चार प्रविधिको विस्तार भइ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक हुनुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार तथा सुशासनमा सुधार आउने।
२. विद्युतीय खर्च कम भएर जाने।
३. सबै शिक्षक सूचनाप्रविधि सामग्री संचालनमा दक्ष हुने।
४. संस्थागत विद्यालयहरुमा समेत आइसिटि लैब संचालनमा आउने।

नतिजा

१. विद्यालय शिक्षण सिकाइमा सूचनातथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने।
२. विद्यालयको ब्यवस्थापन तथा प्रशासनिक कार्यमा सूचनाप्रविधिको प्रयोगमा सुधार आउने।
३. विद्यालय स्तरमा सूचनाप्रविधिको सीप भएको जनशक्तिमा वृद्धि हुने।
४. समयमा नै प्रभावकारी रुपमा IEMIS अद्यावधिक हुने।
५. विद्यार्थीसिकाईमा उल्लेख्य सुधार हुने।

### ४.७७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | विद्यालयमा सोलारको ब्यवस्था | विद्यालय | २ | २ | २ | २ | २ | १० |
| २ | विद्यालय सूचनाप्रविधिको प्याकेज ( ल्यापटप, प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | २ | २ | २ | २ | २ | १० |
| ३ | ICT Lab को स्थापना | संख्या | १ | १ | १ | १ | २ | ६ |
| ४ | सूचनाप्रविधिसँग सम्बन्धित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | बार्षिक रुपमा स्थलगत अनुगमन तथा रुजू | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | सूचनाप्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासको कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | साझेदारीमाएक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | २ | २ | २ | २ | २ | १० |

# परिच्छेद:५ सुशासन तथा व्यवस्थापन

## ५.परिचय

शिक्षा पद्धतिमा निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय (Governance) लाई जनाउँद छ। यसमा सरचना तथा प्रतिक्रिया दुबै प्रर्दछन्। विद्यालय क्षेत्रको यस योजनाका सम्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापुर्वक कार्यन्वयन गरी वालवालिकाको सहभागिता र सिकाईमा सुधार गर्न आवश्यक सरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता सरचना तथा कार्यप्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय लिनु तथा निर्णय कार्यन्वयन गर्नु, निश्चित दृष्टिकोण वा उदेश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थिको सिकाईप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहान गरी सुशासन (Good Governance) को प्रत्याभूति गर्नु पर्दछ। शिक्षामा तिनै तहका सरकार, विद्यालय तथा समुदायगैरसरकारी निकाय तथा विकास साझेदारहरुको भूमिका रहने भएकोले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ।

विद्यालयको समग्र सुधार तथा विकासको लागि विद्यालय तहको सुशासनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। यस खण्डमा विद्यालय तहको व्यवस्थापन,पारदर्शी ता तथा नेतृत्व सम्बन्धी रणनीतिहरु प्रस्तुत गरिनेछन्।

## ५.१ संस्थागत संरचना र क्षमता विकास

### ५.१.१ वर्तमान अवस्था

वर्तमान अबस्थामा संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। राष्ट्रको शिक्षासम्बन्धी समष्टिगत नीति निर्धारण, शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण, संघीय योजनाको विकास, अनुगमान तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ। मन्त्रालयअन्तर्गतको केन्द्रीय तहमा शिक्षा तथा मानवश्रोत बिकास केन्द्र र शैक्षिक गुणास्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायतत्ता निकायका रुपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन्। शिक्षा क्षेत्रको संरचना हेर्दा संघ अन्तरगत शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय,शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विकास तथा समन्वय इकाई त्यसैगरी प्रदेश अन्तर्गतसामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र तथा सामाजिक विकास कार्यालय र स्थानीय तहमा शिक्षा,युवा तथा खेलकुद शाखा रहेको छ।

यस नगरपालिकामा शिक्षाको सेवा प्रवाह गर्न १८ वटा सामुदायिक विद्यालय, २४ वटा संस्थागत विद्यालय गरी ४२ वटा विद्यालय रहेको छन्। त्यसैगरी२ सामुदायिक सिकाइ केन्द्र रहेका छन्। अधिकाशं विद्यालयहरूमा व्यवस्थापन समिति रहेको छन् भने शिक्षक अभिभावक संघ हाल सम्म कुनै विद्यालयमा गठन भईसकेको छैन । त्यसैगरी पालिका स्तरमा नगर शिक्षा समिति तथा शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ।

यस नगरपालिकाको विद्यालय व्यवस्थापन समिति कार्य प्रभावकारी रुपमा हुन नसक्नु, विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखापरीक्षण लगायतका कार्यहरु समयमा नभई प्रभावकारी बनाउन सकिएको छैन, अधिकाशं सामुदायिक विद्यालय समयमा इमिस अद्यावधिक गरे पनि संस्थागत विद्यालयहरुले गर्न नसक्नु, सरकारले तोकेको कार्यक्रम तथा पाठ्यक्रम प्रभावकारी रुपमा कार्यान्वियन गर्न नसक्नु, विद्यालय ब्यवस्थापन समिति तथा शिक्षक अभिभाबक संघ विद्यालय सुधार तथा विकासमा क्रियाशिल हुन नसक्नु लगायतका धेरै समस्याहरु रहेका छन्। त्यसैगरी विद्यालयको नेतृत्व पनि अपेक्षाकृत हुन नसकेको अवस्था रहेको छ। यस्तो अवस्थामा सामुदायिक विद्यालयको व्यवस्थापन सुशासन तथा नेतृत्वमा व्यापक परिवर्तनको अपेक्षा सरोकारवालाहरुको रहेको छ।

### ५.१.२ समस्या तथा चुनौतीहरु

१. विद्यालयमा प्रभावकारी नेतृत्वको सुनिश्चित गर्ने।
२. शिक्षक क्षमता विकासका कार्यक्रमहरु सञ्चालन हुनु।
३. विद्यालय सुधार योजना, सामाजिक परीक्षण तथा लेखापरीक्षणलाई प्रभावकारी बनाउने।
४. विभिन्न परियोजना संचालन भएपनि शिक्षा सिकाई तर्फ लक्षित परियोजना संचालन हुनु।
५. विद्यालयमा सुशासन कायम गर्ने ।
६. संघीय सरकारले तोकेको विषयगत पाठ्यघण्टा अनुसार कक्षा संचालन हुनु।
७. विद्यालय व्यवस्थापन समिति तथा अभिभावक सँघलाई क्रियाशिल बनाउनु।

### ५.१.३ उद्देश्यहरु

१. शिक्षा सेवा सम्बन्धी कार्य सम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेहिता सहितको विद्यालय शिक्षाको सुशासनमा सुधार ल्याउनु ।
२. विद्यालयको नेतृत्वको क्षमता विकास गर्नु ।
३. शिक्षकको क्षमता विकास गर्नु ।
४. संस्थागत विकास मार्फत पार्दर्शीता कायम गर्नु ,
५. लेखा प्रणालली लाई अनलाईन गरि चुस्तदुरुस्त वनाउनु ।

### ५.१.४ रणनीतिहरु

१. वि.व्य.स. लाई विद्यालय सुधारप्रति जिम्मेवार बनाउन लागि हालको वि.व्य.स. गठन प्रक्रियामा सुधार ल्याउन वा विद्यालय सुधारका अन्य क्षेत्रहरु सुधारको लागि नीतिगत ब्यवस्था गर्न गौर नगरपालिकाको शिक्षा ऐन, २०७४ शिक्षा ऐनलाई संशोधन गरी पूर्ण रुपमा कार्यान्विनयमा लगिने छ ।
२. सबै सामुदायिक विद्यालयका प्र.अ.को नियुक्ति एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गरिने छ । हरेक पाँच बर्षमा प्र.अ.को कार्यसम्पादनको मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गरिने छ ।
३. सामुदायिक विद्यालयको प्र.अ. संग सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा बार्षिक रुपमा प्र.अ.लाई थपप्रोत्साहन भत्ता प्रदान गरिने छ ।
४. नगर स्तरीय शिक्षा अनुगमन समितिगठन गरी उक्त समितिलाई विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने छ ।
५. शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्वयंसेवक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लगिनेछ ।
६. नगर शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ वि.व्य.स. र विद्यार्थीको घोषणा गरी पुरस्कृत गरिनेछ ।
७. विद्यालयको सुशासन,जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता थप तलका अन्य रणनीतिहरु कार्यान्वयनमा ल्याइनेछः
८. विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम गरिनेछ ।
९. विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन गरिनेछ ।
१०. हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन गरिनेछ ।
११. सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।
१२. समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई सामुदायिक विद्यालयको हक विद्यालयमा जाने निकासासँग तथा संस्थागत विद्यालयको हकमा जरिवानाको व्यवस्था गरिनेछ ।
१३. समाजिक लेखा परिक्षण र सार्वजनिक सूनवाई कार्यक्रमको सुनिशिचितता गरिने ।

### ५.१.५ प्रमुख उपलब्धि तथा नतिजा

उपलब्धि

१. विद्यालयको सुशासन क्षेत्रमा उल्लेखनीय परिवर्तन आउने छ ।
२. विद्यार्थीहरुको सिकाइ उपलब्धिवृद्धि हुने ।
३. विद्यालय तथ्याङ्क अद्यावधिक तथा प्रभावकारी अभिलेख राख्ने कार्यमा सुधार हुने ।
४. विद्यालयहरुमा विद्यार्थी संख्या अनुपात अनुसारको शिक्षक व्यवस्थापन हुने ।

प्रमुख नतिजाहरु

१. विद्यालय सुशासन कायम गर्न गौर नगरपालिकाको शिक्षा ऐन, २०७४ लाई संशोधन हुने ।
२. विद्यालयको वि.ब्य.स. अध्यक्ष तथा प्रअको नेतृत्वमा परिवर्तन हुने ।
३. विद्यालयमा आचारसहिंता निर्माण र कार्यान्वयन हुने ।
४. विद्यालय सुधार योजना तोकिएको ढाँचा प्रकियामा तयार भइ समयमा पालिकामा पेश हुने ।
५. सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिएको प्रक्रिया अनुरुप भएको हुने ।
६. पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृतभएको हुने ।

७. हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिएको हुने ।
८. समयमा तथ्यांक अद्यावधिक भएको तथा प्रभावकारी अभिलेख राख्ने प्रणालीको अभ्यास हुने ।
९. बार्षिक रुपमा प्रअ सँगको करार संझौता तथा समीक्षा भएको हुने ।
१०. विद्यालयको आर्थिक स्रोतमा वृद्धि भएको हुने ।
११. विद्यालयले शिक्षक तथा विद्यार्थीहरुलाई परिचयपत्र अनिवार्य रुपमा वितरण गरी प्रयोगमा लगिने छ ।
१२. प्रअ, शिक्षक र कर्मचारीले पदीय जिम्मेवारी प्रभावकारी रुपमा बहन हुने ।
१३. विद्यालय प्रशान र कार्यहरु पार्दर्शी भई नतिजामुल्क हुने ।

### ५.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र. सं. | प्रमुखक्रियाकलापहरु | इकाइ | भौतिकलक्ष्य (पहिलो५वर्ष) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | |
| १ | गौर नगरपालिकाको शिक्षा ऐन, २०७५ संशोधन | पटक | ० | १ | ० | ० | ० | १ |
| २ | खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | १ | १ | १ | १ | १ | ५ |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस रविद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | बार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | विद्यालय | ४४ | ४४ | ४४ | ४४ | ४४ | २२० |
| १० | विद्यालयको अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ११ | शिक्षा समितिको नियमित बैठक | पटक | १० | १० | १० | १० | १० | ५० |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | १० | १० | १० | १० | १० | ५० |

## ५.२ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.२.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् । नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.२.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्ष छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय संचालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

### ५.२.३ चुनौतीहरू

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।
६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने ।
७. आन्तरिक वजेटको स्रोतको पहिचान गरि परिचालन गर्नु ।

### ५.२.४ उद्देशयहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.५ रणनितिहरु

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह:

१. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार गौर नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने ।
२. गौर नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
३. गौर नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।
४. गौर नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने ।
५. गौर नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।
६. गौर नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय:**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।
२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।
३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैर-सरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न  क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयलेविद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**सामुदायिक सिकाइ केन्द्र:**

१. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषय .के.सि.गत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने।

### ५.२.६ प्रमुख उपलब्धि तथा नतिजा,

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा शुसान प्रवद्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालिको विकास हुनेछ ।

### ५.२.७ प्रमुखक्रियाकलाप र लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | |
| ४ | नियमित लेखा, सामजिक परिक्षण | संख्या | १७ | १७ | १७ | १७ | १७ | १७ | १७ | |

# परिच्छेदः६ लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचयः

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम भूमिका हुन्छ । गौर नगरपालिकाले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानीमा वृद्धि गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । नगरपलिकाले शिक्षामा लगानी गर्दा बालवालिकाको शैक्षिक अवसर गुणस्तरीय शिक्षा र स्रोत साधनको समतामूलक वितरणमा ध्यान दिनु पर्दछ ।

